जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक १२६ • २०८३ साल आश्विन ७ गते बुधबार (23 September, Wednesday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## रेशमलाई राहत

**टुडे समाचारदाता**

काठमाण्डु । नागरिक उन्मुक्ति पार्टीका संस्थापक नेता रेशम चौधरीलाई राष्ट्रपति रामचन्द्र पौडेलले दिएको कैद माफी मिनाहा सर्वोच्च अदालतले सदर गरेको छ । न्यायाधीश शारंगा सुवेदी र श्रीकान्त पौडेलको इजलासले चौधरीको माफीविरुद्ध शारदा कडायतले दायर गरेको रिट खारेज गर्दै राष्ट्रपतिको निर्णयलाई सदर गरेको छ ।

संविधानको धारा २७६ तथा मुलुकी फौजदारी कार्यविधि संहिताअनुसार प्रक्रिया अघि बढाएर २०८० जेठमा चौधरीलाई माफी दिइएको थियो ।

२०७२ भदौ ७ गते टिकापुरमा भएको हिंसात्मक घटनामा एक नाबालकसहित आठ सुरक्षाकर्मीको मृत्यु भएको थियो । सो घटनामा चौधरीलाई जिल्ला र उच्च अदालतले जन्मकैदको सजाय सुनाएका थिए, जसलाई सर्वोच्च अदालतले पनि सदर गरेको थियो ।

नेता चौधरी २०७४ फागुनदेखि २०८० जेठसम्म थुनामा नै थिए । अदालतले तोकेको २० वर्षको कैद सजायमध्ये माफी मिनाहाबाट करिब १५ वर्ष सजाय मिनाहा भएको थियो । सो विरुद्ध कडायतले रिट दिएकी थिइन् । सो रिट खारेज गर्दै सर्वोच्च अदालतले रेशमको कैद मिनाहा सदर गरेको छ ।

### निजगढ विमानस्थल निर्माणको मोडालिटीमै सरकार अनिर्णीत

# डेढ अर्ब खर्च भएर पनि उपलब्धि शून्यजस्तै

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालकै सबैभन्दा ठूलो र महत्वाकांक्षी पूर्वाधार आयोजनामध्ये एक मानिएको निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको विषयमा सरकार अझै स्पष्ट निर्णयमा पुग्न सकेको छैन । विमानस्थल निर्माणका लागि प्रारम्भिक चरणमै करिब डेढ अर्ब रुपैयाँ खर्च भइसके पनि आयोजना कुन मोडालिटीमा अघि बढाउने भन्ने विषयमा सरकार अनिर्णीत रहँदा अहिलेसम्म मुख्य निर्माणको काम अघि बढ्न सकेको छैन ।

निजगढ विमानस्थल निर्माणको चर्चा सुरु भएको दशकौं भइसकेको छ । सरकारले यसलाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा अघि बढाउँदै आए पनि लगानीको स्रोत, निर्माणको ढाँचा र सञ्चालन व्यवस्थापनबारे पटक-पटक विभिन्न विकल्प अघि सार्दै आएको छ। तर तीमध्ये कुनै एउटा मोडालिटीलाई अन्तिम रूप दिन भने सकेको छैन ।

आयोजनाका लागि सरकारले जग्गा अधिग्रहण, मुआब्जा वितरण, तारबार, नदी नियन्त्रण, वातावरणीय अध्ययन, डिजाइन तथा अन्य पूर्वतयारीका काममा रकम खर्च गरेको छ । यीमध्ये धेरै काम विमानस्थल निर्माणअघि गर्नुपर्ने आवश्यक प्रक्रिया हुन्। त्यसैले खर्च भएको सम्पूर्ण रकमलाई निरर्थक भन्न मिल्दैन । तर मुख्य संरचना निर्माण सुरु हुन नसकेको अवस्थामा उक्त खर्चबाट अपेक्षित आर्थिक प्रतिफल प्राप्त भएको छैन ।




निजगढ विमानस्थल निर्माणको मुख्य चुनौती अहिले लगानीको स्रोत र निर्माण मोडालिटी बनेको छ । सरकारले आफ्नै बजेटबाट विमानस्थल निर्माण गर्ने हो भने ठूलो रकम आवश्यक पर्छ । निजी वा विदेशी लगानी भित्र्याउने हो भने लगानीकर्तालाई आकर्षित गर्ने व्यावसायिक तथा वित्तीय संरचना तयार गर्नुपर्ने हुन्छ ।

सार्वजनिक-निजी साझेदारी (पीपीपी) मोडलमा आयोजना अघि बढाउने विकल्प पनि सरकारले विभिन्न समयमा अघि सारेको छ । यस्तो मोडलमा निर्माण, सञ्चालन, आम्दानी तथा जोखिमको बाँडफाँट स्पष्ट हुनुपर्ने हुन्छ । निजी तथा विदेशी लगानी आकर्षित गर्न निजगढलाई सञ्चालनमा रहेका अन्य विमानस्थलसँग जोड्ने अवधारणासमेत अघि सारिएको थियो । विशेषगरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको व्यवस्थापन तथा आम्दानीलाई निजगढ परियोजनासँग जोडेर लगानीकर्ताका लागि परियोजना आकर्षक बनाउने प्रयास भएको थियो ।

तर यस्तो व्यवस्थामा त्रिभुवन विमानस्थलबाट प्राप्त हुने आम्दानी कसरी बाँडफाँट गर्ने, व्यवस्थापन अधिकार कति समय दिने र निजगढमा लगानीको दायित्व कति हुने भन्ने विषय महत्वपूर्ण हुन्छ ।

निजगढ विमानस्थल सानो आयोजना होइन । प्रस्तावित संरचना र निर्माणका चरणअनुसार यसको लागत निकै ठूलो हुने अनुमान गरिएको छ। पहिलो चरणमै ठूलो रकम आवश्यक पर्ने भएकाले नियमित सरकारी बजेटबाट मात्र आयोजना अघि बढाउन चुनौतीपूर्ण देखिन्छ ।

अर्कोतर्फ विदेशी वा निजी लगानी ल्याउँदा लगानीकर्ताले परियोजनाको आर्थिक प्रतिफल, सम्भावित यात्रु संख्या, कार्गो कारोबार, सञ्चालन अधिकार, लगानी फिर्ता हुने अवधि तथा नीतिगत स्थायित्वलाई आधार बनाउने गर्छन् ।

नेपालमा निर्माण भइसकेका गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलले अपेक्षाअनुसार व्यावसायिक गतिविधि हासिल गर्न नसकेको अनुभवका कारण निजगढको आर्थिक व्यवहार्यताको विषय पनि महत्वपूर्ण बनेको छ। त्यसैले ठूलो संरचना निर्माण गर्ने योजनासँगै पर्याप्त यात्रु, उडान र कार्गो कारोबार सुनिश्चित गर्ने व्यावसायिक योजना आवश्यक हुन्छ ।

निजगढ विमानस्थलको औचित्य काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको दीर्घकालीन क्षमतासँग जोडेर प्रस्तुत हुँदै आएको छ। काठमाडौंको विद्यमान विमानस्थलमा भौगोलिक तथा सञ्चालनसम्बन्धी सीमाहरू रहेकाले भविष्यमा हवाई यात्रुको संख्या बढ्दै जाँदा वैकल्पिक ठूलो अन्तर्राष्ट्रिय विमानस्थल आवश्यक पर्ने सरकारको तर्क छ ।

तर निजगढ सञ्चालनमा आए पनि त्रिभुवन विमानस्थलको भूमिका तत्काल समाप्त हुने छैन । त्यसैले दुवै विमानस्थलको यात्रु, उडान तथा कार्गो व्यवस्थापनबारे दीर्घकालीन योजना आवश्यक पर्ने देखिन्छ ।

निजगढ विमानस्थल निर्माणसँगै वन क्षेत्र, रूख कटान, जैविक विविधता तथा स्थानीय बस्ती व्यवस्थापनका विषय पनि जोडिएका छन् । वातावरणीय प्रभावसम्बन्धी विवाद अदालतसम्म पुगेपछि आयोजनाको प्रक्रिया थप जटिल बनेको थियो ।

सरकारले वातावरणीय प्रभाव न्यूनीकरण, प्रभावित क्षेत्रको व्यवस्थापन तथा आवश्यक वातावरणीय प्रक्रिया पूरा गर्ने विषयमा विभिन्न अध्ययन अघि बढाएको छ । त्यसैले निजगढ निर्माणको मोडालिटी तय गर्दा वित्तीय पक्षसँगै वातावरणीय र सामाजिक दायित्वलाई पनि समेट्नुपर्ने हुन्छ ।

निजगढ विमानस्थलका लागि वर्षौंदेखि अध्ययन, जग्गा अधिग्रहण र अन्य पूर्वतयारीमा सार्वजनिक रकम खर्च भए पनि मुख्य निर्माण सुरु गर्ने अन्तिम वित्तीय निर्णय हुन सकेको छैन । लामो समयसम्म निर्माणमा ढिलाइ हुँदा निर्माण सामग्री, श्रम, उपकरण तथा अन्य पूर्वाधारको लागत बढ्न सक्ने जोखिमसमेत रहन्छ ।

सरकारले अब स्पष्ट वित्तीय मोडल, लगानीको स्रोत र कार्यान्वयन समयतालिकासहित निर्णय गर्न सके मात्रै निजगढ विमानस्थल लामो समयदेखि चल्दै आएको घोषणा र अध्ययनको चक्रबाट बाहिर निस्कन सक्ने स्थानीयवासी बताउँछन् ।

### फतुवा विजयपुरः निलम्बित मेयरको पुनरावेदन अस्वीकार

# सर्वोच्चबाट पनि यादवलाई राहत भएन, तीन वर्ष कैद र १५ लाख जरिवाना सदर

**टुडे समाचारदाता**

रौतहट । रौतहटको फतुवा विजयपुर नगरपालिकाका निलम्बित मेयर गोपाल राय यादवलाई भ्रष्टाचार मुद्दामा सर्वोच्च अदालतबाट पनि राहत मिलेको छैन । लालबकैया नदीको ढुंगा, गिट्टी तथा बालुवा ठेक्का प्रकरणमा विशेष अदालतले गरेको फैसलाविरुद्ध यादवले दायर गरेको पुनरावेदनमा सर्वोच्च अदालतले सोमबार 'पुनरावेदन जिकिर नपुगेको' आदेश दिएको छ ।

न्यायाधीशद्वय सपना प्रधान मल्ल र महेश शर्मा पौडेलको संयुक्त इजलासले दिएको आदेशसँगै विशेष अदालतले यादवलाई सुनाएको तीन वर्ष कैद र १५ लाख रुपैयाँ जरिवानाको फैसला कायम रहने भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक वर्ष २०७५/०७६ मा लालबकैया नदीको नदीजन्य पदार्थको ठेक्कामा अनियमितता भएको दाबी गर्दै यादवसहित २१ जनाविरुद्ध २०७९ असार १२ गते विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो । अख्तियारले उक्त प्रकरणबाट स्थानीय तहलाई १ करोड ५३ लाख ५० हजार १९९ रुपैयाँ नोक्सानी भएको दाबी गरेको थियो ।

विशेष अदालतले २०८० असोज १७ गते यादवलाई मात्र दोषी ठहर गरेको थियो भने अन्य २० प्रतिवादीलाई सफाइ दिएको थियो । त्यसपछि असोज २४ गते यादवलाई तीन वर्ष कैद र १५ लाख रुपैयाँ जरिवाना हुने फैसला सुनाइएको थियो । उक्त फैसलाविरुद्ध यादव सर्वोच्च अदालत पुगेका थिए ।

लालबकैया नदीको ठेक्का फतुवा विजयपुर र गुजरा नगरपालिकाले संयुक्त रूपमा लगाउने र त्यसबाट प्राप्त आम्दानी क्रमशः ६० र ४० प्रतिशत बाँडफाँट गर्ने व्यवस्था थियो । ठेक्का प्रक्रियामा कानुनी प्रावधान पालना नभएको तथा ठेक्का रद्द गर्दा स्थानीय तहलाई आर्थिक क्षति पुगेको अख्तियारको अभियोग थियो ।

यादव २०७९ को स्थानीय तह निर्वाचनमा नेपाली कांग्रेसबाट दोस्रोपटक मेयर निर्वाचित भएका थिए । भ्रष्टाचार मुद्दामा दोषी ठहर भइ सजाय पाएपछि उनी निलम्बित अवस्थामा छन् । उनको निलम्बनपछि कांग्रेसबाटै निर्वाचित उपप्रमुख अम्बेया खातुनले कार्यवाहक नगर प्रमुखका रूपमा नगरपालिकाको जिम्मेवारी सम्हाल्दै आएकी छन् ।

यसैबीच, नगरपालिकामा राजनीतिक तथा प्रशासनिक विवादसमेत कायम छ । नगरसभा सञ्चालनका लागि बोलाइएको पछिल्लो बैठक गणपूरक संख्या नपुगेपछि स्थगित भएको थियो । ६० सदस्यीय नगरसभामा कम्तीमा ३१ जना सदस्य उपस्थित हुनुपर्नेमा करिब २५ जना मात्र उपस्थित भएपछि बैठक अघि बढ्न नसकेको बताइएको छ ।




**लालबकैया नदीको ठेक्का फतुवा विजयपुर र गुजरा नगरपालिकाले संयुक्त रूपमा लगाउने र त्यसबाट प्राप्त आम्दानी क्रमशः ६० र ४० प्रतिशत बाँडफाँट गर्ने व्यवस्था थियो । ठेक्का प्रक्रियामा कानुनी प्रावधान पालना नभएको तथा ठेक्का रद्द गर्दा स्थानीय तहलाई आर्थिक क्षति पुगेको अख्तियारको अभियोग थियो ।**

कार्यवाहक मेयर खातुन पक्षले यादव निकट जनप्रतिनिधि अनुपस्थित भएकाले गणपूरक संख्या नपुगेको दाबी गरेको छ । निलम्बित मेयर यादव पक्षका जनप्रतिनिधिले भने नगरपालिकाको कामकारबाही पारदर्शी हुनुपर्ने तथा अनियमितताबारे छानबिन हुनुपर्ने माग राख्दै बैठक बहिष्कार गरेको बताइएको छ।

सर्वोच्च अदालतको पछिल्लो आदेशसँगै यादवको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको दोषी ठहर र सजाय कायम भएको छ । यसले नगरपालिकाभित्र लामो समयदेखि देखिएको राजनीतिक विवादको सन्दर्भसमेत परिवर्तन गरेको छ।


अब फतुवा विजयपुर नगरपालिकाको प्रमुख चुनौती नियमित कामकारबाही, नगरसभा, बजेट तथा विकास योजनालाई प्रभावकारी रूपमा अघि बढाउनु बनेको छ । नगरसभा अवरुद्ध हुँदा नीति, बजेट र विकास निर्माणका काम प्रभावित हुन सक्ने भएकाले कार्यवाहक नगर प्रमुखसहित सबै पक्षबीच संवाद र सहकार्यको आवश्यकता देखिएको छ ।

राजनीतिक असहमति कायम रहे पनि त्यसको असर फतुवा विजयपुर नगरपालिकाको सेवा प्रवाह र विकास योजनामा पर्न नदिने गरी निकास खोज्नु दुवै पक्षका जनप्रतिनिधिको चुनौती बनेको छ । नगरसभा पुनः सञ्चालनका लागि गणपूरक संख्या जुटाउनुका साथै जनप्रतिनिधिबीच विश्वासको वातावरण निर्माण गर्नु तत्कालको मुख्य आवश्यकता देखिएको छ ।

तर यता सर्वोच्च अदालतको आदेशपछि नगरपालिकाभित्रको विवादलाई केवल यादवको मुद्दासँग जोडेर लामो समयसम्म नगरसभा अवरुद्ध गरिरहनु स्थानीय सरकारका लागि चुनौती रहेको बताइन्छ ।

नगरसभा स्थानीय तहको नीति, बजेट तथा विकास योजनासँग जोडिएको महत्वपूर्ण निकाय भएकाले यसको बैठक प्रभावकारी रूपमा सञ्चालन हुन नसक्दा त्यसको प्रत्यक्ष असर नगरवासी र विकास निर्माणका काममा पर्न सक्छ । यसअघि पनि नगरसभासम्बन्धी विवादले बजेट तथा नीति कार्यक्रम प्रभावित भएको उल्लेख गरिएको छ ।

कार्यवाहक मेयर पक्षले पनि विपक्षी जनप्रतिनिधिको असन्तुष्टिलाई बेवास्ता गरेर अघि बढ्नेभन्दा संवाद र सहमतिको वातावरण बनाउनुपर्ने बाहेकको विकल्प नरहेको जनप्रतिनिधिहरु नै बताउन थालेका छन् ।



## दसैंमा घर जान यातायातको सहज व्यवस्था होस



काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सचेतक प्रकाशचन्द्र परियारले दसैंको समयमा नागरिकहरु देशका विभिन्न भूभागबाट आ-आफ्ना घर जानुपर्ने भएकाले उनीहरुका लागि सार्वजनिक यातायातको राम्रो प्रबन्ध गर्न सरकारसँग माग गर्नुभएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा सचेतक परियारले दसैंका बेला नागरिकहरु विशेषगरी काठमाडौंबाट बाहिर अर्थात् आफ्ना घर जाँदा यात्राका क्रममा गाह्रो हुने गरेकाले यस पटक त्यस्तो नहोस् भनेर सरकारको ध्यानाकर्षण गराउनुभएको हो ।

सचेतक परियारले दसैंका समयमा लाखौं नागरिकले सार्वजनिक सवारीबाट यात्रा गर्ने भएकाले यात्रालाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन सरकारसँग माग गर्नुभएको हो । उहाँले हरेक वर्ष दसैं मनाउन काठमाडौं उपत्यकाबाट मात्रै १५ लाखभन्दा बढी नागरिक आफ्नो थातथलो फर्किने गरेका तथ्याङ्क प्रस्तुत गर्दै विगतका वर्षमा नागरिकले भोग्दै आएको सास्ती अहिले कुनै पनि हालतमा भोग्नु नपरोस् भनेर अहिल्यैदेखि सरकारले काम गर्नुपर्ने बताउनुभयो ।

सचेतक परियारले भन्नुभयो, "पहिले त टिकट पाउनै महाभारत, अनि भेडाबाख्राझैं कोचिएर यात्रा गर्नुपर्ने बाध्यता । एकातिर बाटोका खाल्डाखुल्डीले थिलथिलो बनाउँछ भने अर्कोतिर मनपरी भाडाले नागरिक प्रताडित छन् ।" रासस

# स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्न सांसदको माग

काठमाण्डु । सांसदहरूले संविधानले सुनिश्चित गरेको स्वास्थ्यसम्बन्धी हकअनुसार सबै नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्न सरकारको ध्यानाकर्षण गर्नुभएको छ । प्रतिनिधिसभाको शून्य समयमा बोल्दै सांसद जगतप्रसाद जोशीले सभामुखमार्फत भजनी, कैलारीलगायत गाउँपालिकामा जनशक्ति र स्वास्थ्य उपकरणको अभाव रहेको भन्दै स्वास्थ्यमा समान पहुँचको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको हो ।

सांसद झबिलाल डुम्रेले स्याङ्जा जिल्लाको कालीगण्डकी गाउँपालिकामा अस्पताल निर्माणका लागि आवश्यक समन्वयसहित जग्गा तथा बजेटको व्यवस्था गर्न अनुरोध गर्नुभयो । सांसद टुकाभद्रा हमालले स्वास्थ्य सेवामा पहुँच विस्तार गर्दै स्वास्थ्य बिमा सबैको पहुँचमा ल्याउन माग गर्नुभयो ।

सांसद जनकसिंह धामीले संयुक्त राष्ट्रसङ्घको ८१औं महासभामा नेपालका तर्फबाट जलवायु परिवर्तनका कारण बाढीपहिरोसहित नेपालले व्यहोर्नुपरेको समस्या र जलवायु न्यायको विषयलाई प्राथमिकता साथ उठाइनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

सांसद तौफिक अहमद खानले प्राकृतिक प्रकोपका कारण अपूरणीय जनधनको क्षति व्यहोर्नुपरेको विद्यमान अवस्थामा संयुक्त राष्ट्रसङ्घको ८१औं महासभामा जलवायु परिवर्तनसम्बन्धी मुद्दाले प्राथमिकता पाउने विश्वास व्यक्त गर्नुभयो । सांसद टीका सङ्ग्रौलाले बुढीगङ्गा जलविद्युत् आयोजना निर्माणको गति सुस्त रहेको गुनासो गर्दै तीव्र रुपमा काम अघि बढाउन अनुरोध गर्नुभयो । सांसद ठाकुरसिंह थारुले बर्दिया राष्ट्रिय निकुञ्जको संरक्षण तथा जलवायु परिवर्तनको असरबारे सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद तारा विश्वकर्माले टेलिफोन तथा इन्टरनेट सेवाको गुणस्तर सुधार गर्न माग गर्नुभयो ।

सांसद ताहिर अलि भाटले अतिरिक्त हुलाक प्रतिनिधि तथा पत्र वितरकलगायतको पारिश्रमिक अत्यन्त न्यून रहेको भन्दै सेवा सविधा वृद्धि गर्न माग गर्नुभयो । सांसद दीपकराज बोहराले कञ्चनपुर जिल्लाअन्तर्गत कृष्णपुर नगरपालिकाका विद्यार्थीले अहिले पनि शिक्षा र स्वास्थ्यका लागि जोखिम मोलेर असुरक्षित यात्रा गर्नुपरेको भनी सरकारको ध्यानाकर्षण गराउनुभयो ।



सांसद धनेन्द्र कार्कीले काठमाडौंको त्रिपुरेश्वरमा बसमा आगलागी हुँदा जलेर मृत्यु भएका चालक अर्जुन दोङ तामाङप्रति श्रद्धाञ्जली अर्पण गर्दै यातायात क्षेत्रमा भएका विकृति र विसङ्गतिको नियन्त्रण, कडा अनुगमन तथा लापरबाही गर्नेलाई कारबाही गर्न माग गर्नुभयो ।

सांसद धर्मराज केसीले मर्स्याङ्दी तटमा सम्भावित जोखिमको वैज्ञानिक मूल्याङ्कन गरी आवश्यक व्यवस्थापन गर्न अनुरोध गर्नुभयो । सांसद नीतिमा भण्डारी कार्कीले रसुवाबाढी प्रभावित परिवारका हराएका व्यक्तिलाई बेपत्ता घोषणा गर्न तथा आवश्यक मनोपरामर्शको व्यवस्था गर्न माग गर्नुभयो । सांसद निराशा चौधरी (डगौरा) ले बाढी प्रभावित जनतालाई समयमा राहत उपलब्ध गराउन अनुरोध गर्नुभयो । यसैगरी, सांसद निशा डाँगीले प्राकृतिक प्रकोपका मुलुकले बर्सेनि ठूलो जनधनको क्षति व्यहोर्नुपरेको अवस्थामा प्रभावित क्षेत्रको शुक्ष्म रुपमा पहिचान गरी जोखिममा रहेका बस्ती तथा सडकको सुरक्षाका लागि तयारी अघि बढाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद नीता घतानीले झापा जिल्लामा लागुऔषध कारोबारको जोखिम रहेको भन्दै सचेतना कार्यक्रम सञ्चालन तथा सीमावर्ती नाकामा सुरक्षा कडाइ र निगरानी बढाउन माग गर्नुभयो । सांसद नीनुकुमारी कर्णले खाना पकाउने ग्यासको अभाव र चिनीको मूल्य वृद्धिबारे सरकारको ध्यानाकर्षण गर्नुभयो । सांसद परशुराम तामाङले भोटेकोशी बाढीबाट प्रभावित सबैका लागि अस्थायी पुनर्वासको व्यवस्था गर्न माग गर्नुभयो ।

सांसद पार्वती विकले अपाङ्गता भत्ता लिन बायोमेट्रिक व्यवस्था लागू सम्बन्धित पक्ष समस्यामा परेको उल्लेख गर्दै दुर्गम तथा विकट क्षेत्रमा टेलिफोन तथा इन्टरनेट सेवाको गुणस्तर सुधार गर्न माग गर्नुभयो ।

सांसद पुकार बमले युवा लक्षित सीप, उद्यम र रोजगारसम्बन्धी नीति तथा कार्यक्रम बनाएसँगै त्यसको कार्यान्वयन गर्न र सीपदेखि पुँजी तथा पुँजीदेखि उद्यम र रोजगार जोड्ने व्यवस्था गर्न माग गर्नुभयो । सांसद पुनमकुमारी अग्रवालले गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल निर्माणमा लगानीकर्ताको लगानी फिर्ताका विषयमा ध्यानाकर्षण गर्नुभयो ।

सांसद पूर्णप्रसाद लिम्बुले बाढी प्रभावित क्षेत्रमा झोलुङ्गे पुल तथा वैकल्पिक सडक निर्माणमा जोड दिनुभयो।

सांसद प्रकाश गौतमले पर्सा राष्ट्रिय निकुञ्जअन्तर्गत मध्यवर्ती क्षेत्रको स्पष्ट सीमा नहुँदा वन्यजन्तु र मानव बस्तीबीच द्वन्द्व कायम रहेकातर्फ ध्यानाकर्षण गराउनुभयो। सांसद प्रकाशचन्द्र परियारले आसन्न चाडपर्वलाई मध्यनजर गर्दै राजमार्गका खाल्डाखुल्डी तत्काल पुर्न, सुरक्षित यात्रा सुनिश्चित गर्न तथा टिकट वितरणलाई व्यवस्थित गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद प्रदीप विष्टले सुशासन कायम गर्ने सरकारको कदमलाई साथ दिन र रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्न सम्बद्ध पक्षसँग अनुरोध गर्नुभयो । सांसद प्रभा कार्कीले त्रिपुरेश्वरमा बसमा आगलागी हुँदा ज्यान गुमाएका चालक अर्जुन दोङ तामाङको विषयमा स्पष्ट गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद प्रमिला कुलुजुले भक्तपुर र चाँगुनारायणमा स्मार्ट सिटी बनाउने योजना अव्यावहारिक रहेको भन्दै खारेज गर्न माग गर्नुभयो ।

सांसद प्रमोदकुमार महतोले महोत्तरीको बर्दिवासमा लामो समयदेखि रहेको भूमिहीनको समस्या तथा स्थानीय तहबाट सेतो पुर्जा वितरण गर्ने विषय उठिरहेको बताउँदै सङ्घीय सरकारले लालपुर्जा वितरणसम्बन्धी काम अघि बढाइरहेको अवस्थामा स्थानीय तहबाट अनावश्यक राजनीति भएकामा दुःख व्यक्त गर्नुभयो ।

सांसद प्रशान्त उप्रेतीले भोटेकोशी बाढी गएको एक महिना पुग्न लाग्दासमेत कतिपयले दाहसंस्कार गर्न नपाएको भन्दै बाढीका कारण घरवारविहीन हुन पुगेका परिवारजनलाई राहत, सुविधाको व्यवस्था गर्न अनुरोध गर्नुभयो ।

सांसद प्रेमबहादुर बयकले बाढीपहिरो लगायतका समस्याका कारण असहज अवस्थामा रहेको समयमा सरकारको काम कारबाही प्रभावकारी र पीडितमैत्री हुनुपर्नेमा जोड दिनुभयो। सांसद प्रेमलाल चौधरीले वित्तीय प्रणालीमा सुधार तथा निजी क्षेत्रलाई लगानीका लागि प्रोत्साहन गर्न नीतिगत सुधार गर्न माग गर्नुभयो ।

सांसद बदनकुमार भण्डारीले बेथानचोकलाई पर्यटन क्षेत्रका रूपमा विकास गर्न तथा काभ्रे जिल्लालाई नै पर्यटकीय क्षेत्रका रूपमा अघि बढाउन ध्यानाकर्षण गराउनुभयो । सांसद बब्लु गुप्ताले सिरहा र उदयपुर जिल्लाको सीमामा रहेको काभ्रेपानी क्षेत्रको समस्याबारे ध्यानाकर्षण गराउँदै कपिलेश्वर वनक्षेत्र सिरहामा परे पनि जग्गाको कर उदयपुरमा तिर्नुपर्ने बाध्यता तथा मन्दिरलगायतको समस्याबारे ध्यानाकर्षण गराउनुभयो । रासस

## भोटेकोशी बाढीमा बेपत्ता सिपाही कुमालको २७ दिनपछि अन्त्येष्टि



दमौली । रसुवाको भोटेकोशीमा गएको बाढीमा परी २७ दिनदेखि बेपत्ता नेपाली सेनामा कार्यरत तनहुँकी कृति कुमालको परिवारले अन्ततः उहाँको कुशको शव बनाएर अन्त्येष्टि गरेको छ।

व्यास नगरपालिका-५ की कुमाल रसुवाको टिमुरेस्थित श्रीनाथ गणमा सिपाही पदमा कार्यरत हुनुहुन्थ्यो। भोटेकोशीमा गएको बाढीपछि बेपत्ता उहाँको खोजीका लागि निरन्तर प्रयास गरिए पनि हालसम्म अवस्था पत्ता लाग्न नसकेपछि परिवारजनले आज व्यास नगरपालिका-५ स्थित घाटमा कुशको शव बनाएर दाहसंस्कार गरेका हुन्।

विसं २०६२ असोज ३० गते जन्मिनुभएकी कुमाल २०८१ सालमा नेपाली सेनामा भर्ती हुनुभएको थियो। नेपाली सेनामा सेवा सुरु गरेपछि उहाँ रसुवाको टिमुरेमा रहेको श्रीनाथ गणमा कार्यरत हुनुहुन्थ्यो। शव भेटिने सम्भावना न्यून हुँदै गएपछि धार्मिक तथा सामाजिक परम्पराअनुसार कुशको शव बनाएर दाहसंस्कार गरिएको उहाँका पिता अमर कुमालले बताउनुभयो।

कुमालको दाहसंस्कारअघि व्यास नगरपालिका-५ चापाघाटस्थित कालीभञ्जन गण (इ) बाट नेपाली सेनाको टुकुडीले घाट पुगेर उहाँप्रति श्रद्धाञ्जली अर्पण गरेको थियो। त्यसपछि उहाँका हजुरबुबा गुरुबहादुर कुमालले कुशको शवमा दागबत्ती दिनुभएको थियो। रासस

# असोज ९ देखि ११ गतेसम्म भारी वर्षाको सम्भावना

काठमाण्डु । बागमती प्रदेश सरकार, आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालयले आगामी असोज ९ देखि ११ गतेसम्म प्रदेशका विभिन्न स्थानमा भारी वर्षाको सम्भावना रहेकाले उच्च सतर्कता अपनाउन नागरिकलाई आग्रह गरेको छ । मन्त्रालयले मंगलबार सार्वजनिक सूचना जारी गरी सम्भावित जोखिमलाई ध्यानमा राख्दै आवश्यक सावधानी र पूर्वतयारी अपनाउन अनुरोध समेत गरेको हो ।

नेपाल मौसम विज्ञान विभागका अनुसार उक्त अवधिमा बागमती प्रदेशका विभिन्न स्थानमा मेघगर्जन, चट्याङ र हावाहुरीसहित भारी वर्षाको सम्भावना छ ।

मन्त्रालयका अनुसार भारी वर्षाका कारण नदी तथा खोलामा पानीको सतह बढने तथा आकस्मिक बाढी, पहिरो र डुबान हुनसक्ने जोखिम छ ।



वर्षाका कारण सडक तथा हवाई यातायात समेत प्रभावित हुन सक्ने भएकाले यात्रा गर्नुअघि सडक र मौसमको अवस्थाबारे जानकारी लिन आग्रह गरिएको छ । मन्त्रालयले नदी तथा खोला किनार, पहिरो जोखिम भएका भूभाग, भिरालो जमिन र डुबान हुन सक्ने क्षेत्रमा बसोबास गर्ने नागरिकलाई विशेष सावधानी अपनाउन अनुरोध गरेको छ।

जोखिमको सङ्केत देखिएमा समयमै नजिकको सुरक्षित स्थानमा जान तथा स्थानीय तह र सुरक्षा निकायसँग समन्वय गर्न सुझाव दिइएको छ।

त्यस्तै अति आवश्यक अवस्थामा बाहेक लामो दूरी तथा रात्रीको समयमा यात्रा नगर्न, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा बिरामी व्यक्तिको सुरक्षामा विशेष ध्यान दिन मन्त्रालयले आग्रह गरेको छ । पशुचौपाया, खाद्यान्न, औषधि, महत्वपूर्ण कागजात र अन्य आवश्यक सामग्री सुरक्षित स्थानमा राख्न समेत अनुरोध गरिएको छ।

प्रदेश सरकारका सम्बन्धित निकाय, स्थानीय तह, सुरक्षा निकाय, स्वयंसेवक तथा अन्य सरोकारवालालाई आवश्यक पूर्वतयारीसहित सतर्क अवस्थामा रहन निर्देशन दिइएको छ।

जोखिममा रहेका नागरिकलाई आवश्यकताअनुसार समयमै सुरक्षित स्थानमा स्थानान्तरण गर्ने तयारी मिलाउन पनि भनिएको छ।

मन्त्रालयले नेपाल मौसम विज्ञान विभाग, सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह तथा सुरक्षा निकायबाट जारी हुने आधिकारिक पूर्वानुमान, पूर्वसूचना र चेतावनी नियमित रूपमा हेर्न तथा सम्बन्धित निकायको निर्देशन पालना गर्न सबैमा अनुरोध गरेको छ।

वर्षा तथा बाढीबारे आवश्यक जानकारी लिन ११५५, विपद् सहायता १२३४, नेपाल प्रहरीको १०० र सशस्त्र प्रहरी बल, नेपालको ११४४ नम्बर तथा मन्त्रालयगत विपद् सम्पर्क व्यक्तिको मोबाइल नम्बर ९७६९७६१२१४ मा सम्पर्क गर्न सकिने मन्त्रालयले जनाएको छ। मन्त्रालयले आधिकारिक सूचनालाई मात्र आधार बनाउन र अफवाहमा विश्वास नगर्नसमेत प्रदेशवासीलाई आग्रह गरेको छ। रासस

## कोशी राजमार्गअन्तर्गत खाँदबारी-सभाखोला सडक दैनिक नौ घण्टा बन्द

संखुवासभा । कोशी राजमार्गअन्तर्गत संखुवासभा सदरमुकाम खाँदबारी-तुम्लिङटार सभाखोला सडकखण्ड दैनिक नौ घण्टा यातायात बन्द गरिएको छ।

सदरमुकाम खाँदबारी-तुम्लिङटार सभाखोला सडकखण्डको करिव १७ किलोमिटर कालोपत्रे सडक सडकखण्डमा बिहान ८:०० बजे देखि १२:०० बजे सम्म र दिउँसो १:०० बजे देखि साँझ ६:०० बजेसम्म कालोपत्रे सडक चौडा गर्न यातायात सञ्चालनमा रोक लगाइएको सडक डिभिजन कार्यालयका निमित्त प्रमुख मण्डलले बताउनुभयो ।



समयमै काम सम्पन्न गर्नको लागि निर्माण कम्पनीको आग्रहमा यातायात बन्द गरिएको सडक डिभिजन कार्यालयले जनाएको छ।

मर्मत तथा चौडा गर्न यातायात बन्द गरिएको गरिएको सडक डिभिजन कार्यालय तुम्लिङटारका निमित्त प्रमुख इन्जिनियर मनोजकुमार मण्डलले बताउनुभयो ।

खाँदबारीबाट सभाखोला सम्मको सडकखण्ड कालोपत्रे तथा चौडा गर्न असोज ६ गते देखि असोज ३० गते सम्म यातायात बन्द गरिएको कार्यालयले जनाएको छ। उक्त

निषेधित समयमा यातायातका साधन वैकल्पिक सडक प्रयोग गर्न सक्ने बताइएको छ । उक्त सडकखण्ड बन्द गरी सडक मर्मत तथा स्तरोन्नतिको कार्य गरिने निर्णय भएको हो । रासस

# सर्लाही र सिन्धुली जोड्ने सडक पहिरोका कारण अवरुद्ध



सर्लाही । सर्लाहीको बागमती र सिन्धुलीको हरिहरपुरगढी जोड्ने सडक पहिरोका कारण अवरुद्ध भएको छ । गत शनिबार वर्षासँगै गएको पहिरोबाट बागमती नगरपालिका-११ का विभिन्न तीन स्थानमा सडक पुरिएको हरिहरपुरगढी गाउँपालिका-६ का वडाध्यक्ष एकबहादुर मोक्तानले बताउनुभयो।

पहिरोले सडकमा क्षति पुर्याएसँगै त्यस खण्ड भएर चल्ने यातायातका साधन ठप्प भएको छ। सडक बन्द भएपछि बिरामीलाई अस्पतालसम्म लैजानसमेत समस्या उत्पन्न भएको छ। अन्तर प्रदेशस्तरीय उक्त सडकले पूर्वपश्चिम लोकमार्ग र मदन भण्डारी लोकमार्गलाई जोड्छ । कर्मैया-पिपलमाडी १६ किलोमिटर क्षेत्रमा सडक अवरुद्ध भएपछि यात्री पैदल नै हिँड्न बाध्य भएका छन्।

सडक अवरुद्ध भएपछि हरिहरपुरगढी गाउँपालिका क्षेत्रका विभिन्न एक दर्जन गाउँका सर्वसाधारण दैनिक उपभोग्य वस्तु किनमेल गर्न, औषधि उपचार र अन्य प्र योजनका लागि टाढा धाएर हेटौंडा वा सिन्धुली जान बाध्य छन्। छोटो सडक पहिरोबाट अवरुद्ध भएपछि सर्वसाधारण लामो बाटो छिचोलेर हेटौंडा पुग्नुपर्ने बाध्यता रहेको व्यवसायी किस्मतराज मैनालीले बताउनुभयो।

चाडपर्वको मुखमा सडक अवरुद्ध हुँदा उपभोक्ता र व्यापारी दुवैले समस्या झेल्न परेको उहाँको भनाइ छ । कर्मैया-पिपलमाडी सडकमा सञ्चालन हुने बोलेरोसहित अन्य साना सवारी थन्क्याएर वस्नुपरेको यातायात व्यवसायी कर्मा लामाले बताउनुभयो।

यातायात सेवा अवरुद्ध भएपछि स्थानीय पैदल हिँडेरै आउजाउ गर्न र दाल, चामललगायत खाद्य थाप्लोमा बोक्न बाध्य भएको स्थानीयको गुनासो छ। बागमती र मधेस प्रदेश जोड्ने 'लिङ्क रोड' को रुपमा रहेको कर्मैया-पिपलमाडी सडकखण्डमा चुरेको जोखिम पूर्ण डेढ किलोमिटर सडक सर्लाहीतर्फ रहेको छ। रासस

**मोटरसाईकल हरायो**

मेरो निम्न ब्यहोरा भएको जिल्ला धनुषा पिपरा गा.पा. वडा नं. ५, सहोरबा स्थित घरको अगाडि Parking गरिराखेको अवस्थाबाट मिति २०८३/०६/०६ गते करिब बिहान ०२:४५ बजे म.प्र. ०२-०१० प १९६० नम्बरको MaH Grey रंगको ईन्जिन नं. JA07A259J01146 चेचिस नम्बर MBLJAW58559J01973 को हिरो कम्पनीको Super Splender 124.7 cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम: मोहन यादव**
**ठेगाना: पिपरा गा.पा.-५, सहोरबा**
**मो. नं. ९८१२१४०३०२**

**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

| | |
|---|---|
| मेष : | व्यापारिक तथा पेशागत क्षेत्रमा नयाँ सफलता हात पार्ने सुवर्ण अवसर मिल्नेछ। |
| वृष : | उच्च शिक्षा आर्जन गरिरहेका विद्यार्थीका लागि समय अत्यन्तै राम्रो छ। |
| मिथुन : | अनावश्यक वादविवादबाट टाढै रही गोपनियता कायम राख्नु बुद्धिमानी हुनेछ। |
| कर्कट : | दाम्पत्य जीवनमा मिठास छाउने छ । |
| सिंह : | शारीरिक तथा मानसिक उर्जा उच्च रहनेछ । |
| कन्या : | बौद्धिक तथा रचनात्मक क्षेत्रमा आफ्नो कला देखाउने अवसर मिल्नेछ । |
| तुला : | आमाको स्वास्थ्यलाई लिएर केही चिन्ता बढ्न सक्छ । |
| वृश्चिक : | आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ। |
| धनु : | वाणीको प्रभावले रोकिएका तथा अपूरा कामहरु सुचारु रुपमा बन्नेछन् । |
| मकर : | व्यपापार व्यवसायबाट अपेक्षानुसार मनग्य धन लाभ गर्न सकिनेछ । |
| कुम्भ: | अनावश्यक दौडधूप र खर्चको मात्रा बढ्न सक्ने सम्भावना छ । |
| मीन: | विभिन्न स्रोतहरुबाट आकस्मिक धन लाभ हुने प्रबल योग रहेको छ । |

**गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी**
**9812005378**

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**जनकपुरधाम ०४१**

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# लालबन्दीको विद्युत सवस्टेशन सञ्चालनमा आयो

टुडे समाचारदाता

मलंगवा। सर्लाहीको नवलपुर सबस्टेसनदेखि चक्रघट्टा चैनपुरासम्मको लालबन्दी-सलेमपुर १३२ केभी डबल सर्किट प्रसारण लाइन सञ्चालनमा आएको छ।

लालबन्दी-सलेमपुर १३२ केभी प्रसारण लाइन आयोजनाअन्तर्गत चैनपुरामा निर्माण गरिएको १३२/३३/११ केभी सबस्टेसन समेत सञ्चालनमा आएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ।

सबस्टेसनमा १३२/३३ केभी, ३० एमभीए क्षमताका दुईवटा तथा ३३/११ केभी, २४ एमभीए क्षमताको एक पावर ट्रान्सफर्मर जडान गरिएको छ। यससँगै सबस्टेसनको कुल क्षमता ८४ एमभीए रहेको छ। स्थानीय क्षेत्रमा विद्युत वितरणका लागि सबस्टेसनबाट ३३ केभीका ५ वटा र ११ केभीका ६ वटा फिडर निकालिएका छन्।



प्रसारण लाइन र सबस्टेसन सञ्चालनमा आएपछि सर्लाहीको मलंगवा, हरिपुर, हरिपूर्वा, डुमरिया, बरहथवालगायतका क्षेत्रमा विद्युत आपूर्ति थप भरपर्दो र गुणस्तरीय हुने अपेक्षा गरिएको छ। यसबाट विद्युत चुहावट घट्नुका साथै न्यून भोल्टेज, बारम्बार हुने विद्युत् विच्छेद (ट्रिपिङ) लगायत समस्या न्यूनीकरण हुनेछन्। साथै, स्थानीय क्षेत्रमा विद्युतको बढ्दो माग व्यवस्थापन गर्न तथा आपूर्ति प्रणालीलाई थप सुदृढ बनाउन सहयोग पुग्ने छ।

नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक दीर्घायु कुमार श्रेष्ठले ग्राहकलाई पर्याप्त भोल्टेजसहित भरपर्दो र गुणस्तरीय विद्युत् सेवा उपलब्ध गराउने विषयलाई प्राधिकरणले उच्च प्राथमिकतामा राखेको बताए। उनले विद्युतको प्रसारण तथा वितरण प्रणालीका पूर्वाधार विस्तार र सुदृढीकरणका कामलाई योजनाबद्ध रूपमा अघि बढाइएको उल्लेख गरे।

करिब २० किलोमिटर प्रसारण लाइन र सबस्टेसन निर्माणका लागि २०७९ चैतमा १ अर्ब १२ करोड ५२ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको थियो। ठेक्का सम्झौता २०८० वैशाखदेखि कार्यान्वयनमा आएको थियो। नेपाल सरकार र प्राधिकरणको लगानीमा आयोजना निर्माण गरिएको हो।

# आज कांग्रेसको पालिका अधिवेशन


टुडे समाचारदाता

जनकपुरधाम। नेपाली कांग्रेसको १५ औँ महाधिवेशन अन्तर्गत स्थानीय तहको सागठनिक संरचना अनुसार असोज ७ गते बुधवार देशैभर एकसाथ पालिका तहको अधिवेशन आयोजना हुन लागेको छ।

यही असोज ३ गते वडा अधिवेशनबाट विधिवत् प्रारम्भ भएको महाधिवेशन प्रक्रियाले स्थानीय तहमा नयाँ नेतृत्व चयन गर्ने महत्त्वपूर्ण चरणमा प्रवेश गरेको हो।

केही छिटपुट स्थानबाहेक देशभरका वडाहरूमा उत्साहजनक र शान्तिपूर्ण रूपमा नेतृत्व चयन सम्पन्न भइसकेकाले भोलिको पालिका अधिवेशन पनि सहज, सौहार्दपूर्ण र भव्य रूपमा सम्पन्न हुने विश्वास नेपाली कांग्रेस केन्द्रीय निर्वाचन समितिले व्यक्त गरेको छ। विवादित वडाहरूमा पछि निर्वाचन गरिने बताइएको छ।

प्राकृतिक विपत्ति र विशेष परिस्थितिकारबिच पनि निर्वाचन समितिले साङ्गठनिक कार्यतालिकालाई प्राथमिकताका



साथ अघि बढाएको छ।

बाढीपहिरोबाट प्रभावित नुवाकोट र धादिङका सबै वडाहरूमा आज अधिवेशन सम्पन्न भएको छ भने मधेस प्रदेशका सिरहा, सप्तरी, सर्लाही र पर्साका केही बाँकी वडाहरूमा पनि आजै अधिवेशन सफलतापूर्वक सकिएको निर्वाचन समितिले जनाएको छ।

यद्यपि, भीषण बाढीपहिरोका कारण ठुलो मानवीय तथा भौतिक क्षति बेहोरेको रसुवा जिल्लामा भने विशेष परिस्थितिलाई ध्यानमा राखी केही दिनपछि मात्र अधिवेशन गर्ने तयारी मिलाइएको निर्वाचन समितिका सदस्य सचिव राजु कटुवालले जानकारी दिएका छन्।

पार्टी केन्द्रीय समितिले २०८२ पुस २१ सम्म नवीकरण गरेका क्रियाशील सदस्यहरूलाई समेत समेट्ने लचकतापूर्ण निर्णय गरेपछि पुरानो विवरणमा नयाँ नामहरू समावेश गर्दा केही स्थानमा सदस्यता सूचीलाई अन्तिम रूप दिन सामान्य ढिलाइ भएको निर्वाचन समितिले स्पष्ट पारेको छ।

सदस्य सचिव अधिवक्ता कटुवालका अनुसार यो कुनै राजनीतिक विवाद वा असमझदारीका कारण नभई एकै पटक देशभरको ठुलो तथ्याङ्क व्यवस्थापन गर्दा उत्पन्न भएको नितान्त प्राविधिक विषय मात्र हो।

कांग्रेसको नयाँ विधान र निर्वाचन निर्देशिकाअनुसार भोलि हुने पालिका अधिवेशनबाट हरेक पालिकामा पाँच जना पदाधिकारी चयन हुनेछन्। जसमा एक जना सभापति, एक महिलासहित दुई उपसभापति, एक सचिव र एक सहसचिव निर्वाचित हुने व्यवस्था छ भने कोषाध्यक्षको चयन सभापतिले निर्वाचित कार्यसमिति सदस्यहरूमध्येबाट मनोनयन गर्ने वैधानिक प्रावधान रहेको छ।

सदस्यहरूको हकमा भने पालिका कार्यसमितिमा प्रत्येक वडाबाट एक महिला र एक खुला, युवा क्लस्टरबाट एक महिला र दुई खुला, तथा दलित समुदायबाट एक महिला र एक खुला सदस्य निर्वाचित हुनेछन्।

यसका अतिरिक्त कार्यसमितिलाई पूर्ण समावेशी बनाउन गाउँ कार्यसमितिमा सात जना, नगर कार्यसमितिमा नौ जना, उपमहानगर कार्यसमितिमा ११ जना र महानगर कार्यसमितिमा १३ जना सदस्य मनोनयन गर्न सकिने व्यवस्था मिलाइएको छ। मनोनयन गर्दा निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका समुदायलाई अनिवार्य प्राथमिकता दिनुपर्ने स्पष्ट व्यवस्था गरिएको छ।

## प्रहरीमा जागिर लगाई दिने ठगी गर्ने पक्राउ



टुडे समाचारदाता

काठमाण्डू। प्रहरीले नेपाल आर्मी, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र वन रक्षकमा जागिर लगाउने नाममा ठगी गरेको आरोपमा एक जना पक्राउ गरेका छन्।

पक्राउ पर्नेमा नवलपरासीको देवचुली नगरपालिका-७ का ३९ वर्षीय मोहन केसी भनिने राज श्रेष्ठ छन्। उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले पक्राउ गरेको हो। पक्राउ परेका उनीविरुद्ध कैलालीमा मुद्दा रहेकाले इलाका प्रहरी कार्यालय भजनी कैलाली पठाइएको छ।

उनले २७ लाख ३० हजार बराबरको ठगी गरेको प्रहरीले बताएको छ। उनले मोहन केसी नामको नागरिकताबाट बैंक खाता खोली विभिन्न कम्पनीको सीमकार्ड निकालेर पीडितहरुहलाई जागिरको प्रलोभन देखाएर ठगी गरेको आरोप छ।

## हिन्दी दिवसमा कवि सम्मेलन

# नेपाल-भारत सांस्कृतिक सम्बन्धमा भाषाको भूमिकामाथि जोड

टुडे समाचारदाता

वीरगञ्ज। हिन्दी दिवसको अवसरमा भारतीय महावाणिज्य दूतावास वीरगञ्जको आयोजनामा हिन्दी कवि सम्मेलन सम्पन्न भएको छ। सम्मेलनमा नेपाल र भारतबीचको सामाजिक, सांस्कृतिक तथा पारिवारिक सम्बन्धलाई थप सुदृढ बनाउन हिन्दी भाषाले निर्वाह गर्दै आएको भूमिकामाथि चर्चा गरिएको थियो।

कार्यक्रमका प्रमुख अतिथि वीरगञ्जस्थित भारतीय महावाणिज्य दूत श्री देवी सहाय मीनाले विभिन्न कवि तथा कवयित्रीले प्रस्तुत गरेका रचनाले कार्यक्रमलाई थप रोचक, सिर्जनात्मक र साहित्यिक बनाएको बताए। उनले कवि तथा कवयित्रीहरूले प्रस्तुत गरेका कविता भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनका दृष्टिले महत्वपूर्ण रहेको उल्लेख गरे।




महावाणिज्य दूत मीनाले कविता वाचन गर्ने सबै स्रष्टालाई दोसल्ला ओढाएर सम्मानसमेत गरेका थिए। कार्यक्रममा सहभागी कवि तथा कवयित्रीलाई प्रमाणपत्रसमेत प्रदान गरिएको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै महावाणिज्य दूत मीनाले हिन्दी भाषा विश्वमा सर्वाधिक बोलिने भाषामध्ये तेस्रो स्थानमा रहेको उल्लेख गर्दै यसको लोकप्रियता र प्रयोग निरन्तर विस्तार हुँदै गएको बताए। हिन्दी भाषा साहित्यिक अभिव्यक्तिको माध्यम मात्र नभई मानिस-मानिसबीचको सम्बन्ध, व्यापार-व्यवसाय, आपसी संवाद तथा मनोरञ्जनलगायत विभिन्न क्षेत्रमा महत्वपूर्ण माध्यमका रूपमा स्थापित भएको उनको भनाइ थियो।

उनले भाषा र साहित्यले विभिन्न समुदाय तथा देशका नागरिकलाई एकअर्कासँग जोड्ने काम गर्ने उल्लेख गर्दै हिन्दी दिवसका अवसरमा आयोजना गरिने यस्ता साहित्यिक कार्यक्रमले भाषा र संस्कृतिप्रतिको रुचि अझ बढाउने विश्वास व्यक्त गरे।

कार्यक्रममा साहित्यकार तथा पत्रकार चन्द्रकिशोर झाले हिन्दी भाषा नेपाल र भारतबीचको साझा पारिवारिक तथा सांस्कृतिक भाषाका रूपमा रहेको बताए। नेपाल र भारतबीच सदियौँदेखि कायम सामाजिक तथा सांस्कृतिक सम्बन्धमा हिन्दी भाषाको महत्वपूर्ण योगदान रहेको उल्लेख गर्दै उनले हिन्दीले दुई देशका नागरिकबीचको सम्बन्धलाई अझ नजिक बनाउन भूमिका खेलेको बताए।

कवि सम्मेलनमा चन्द्रकिशोर झा, सतीश चन्द्र सजल, डा. शिवशंकर यादव, प्रमोद पाण्डेय, हेरम्ब, रमन पाण्डेय, एन. गीता कर्ण, जानकी होसवामी, सीमा कर्ण, प्रिया मिश्रा, अस्मिता पटेल र कनिका कौशिकलगायत कवि तथा कवयित्रीहरूले आफ्ना रचना वाचन गरेका थिए।

कवि तथा कवयित्रीहरूले विभिन्न भाव, शैली र विषयवस्तुमा आधारित कविता प्रस्तुत गरेका थिए। प्रेम, सम्बन्ध, समाज, संस्कृति तथा मानवीय संवेदनालगायत विविध विषय समेटिएका रचनाले कार्यक्रमको वातावरणलाई थप साहित्यिक र रंगीन बनाएको थियो। सहभागी साहित्यप्रेमीहरूले कवि तथा कवयित्रीका रचनाको उत्साहपूर्वक श्रवण गरेका थिए।

कार्यक्रममा सहभागी स्रष्टाहरूलाई दोसल्ला ओढाएर सम्मान गर्नुका साथै प्रमाणपत्र प्रदान गरिएको थियो। साहित्य र भाषाको माध्यमबाट नेपाल-भारतबीचको सांस्कृतिक सम्बन्धलाई थप प्रगाढ बनाउने उद्देश्यले यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा समेत जोड दिइएको थियो।

कार्यक्रमको सञ्चालन भारतीय महावाणिज्य दूतावासका वाणिज्य दूत मनीष दासले गरेका थिए। कार्यक्रममा भारतीय महावाणिज्य दूतावासका अधिकारी, साहित्यकार, पत्रकार तथा साहित्यप्रेमीहरूको उल्लेख्य उपस्थिति रहेको थियो।

## बलात्कार मुद्दामा जिल्लाको फैसला उच्च अदालतले उल्टाई दियो

टुडे समाचारदाता

जनकपुरधाम। बलात्कारको मुद्दा चलेका एक आरोपितलाई थुनामा राख्ने जिल्ला अदालतको आदेशलाई उच्च अदालत जनकपुरधामले उल्ट्याइदिएको छ।

उच्च अदालत जनकपुरका कामु मुख्यन्यायाधीश टेकनारायण कुवँर र न्यायाधीश हिमलाल बेल्बासेको इजलासले जिल्ला अदालत महोत्तरीको आदेश उल्ट्याएर २० हजार धरौटीमा छाड्न आदेश दिएको हो।

जिल्ला अदालत महोत्तरीले थुनामा पठाएका बर्दिबास नगरपालिका २ का



रिसाललाई उच्च अदालत जनकपुरले धरौटीमा छाडेको हो।

गत ९ वैशाखमा आफू घरमा बसेका बेला बलात्कार भएको भनी ३६ वर्षीया महिलाले रिसाल विरुद्ध जाहेरी दिएकी थिइन्। ५ भदौमा महोत्तरी जिल्ला अदालतले अच्युतम प्रसाद रिसाललाई थुनामा पठाउन आदेश गरेको थियो।

जिल्ला अदालतको आदेश विरुद्ध रिसाल उच्च अदालत जनकपुर गएका थिए। त्यही निवेदनमाथिको सुनुवाइपछि उच्च अदालतले थुनाको साटो धरौटीमा छाड्न आदेश दिएको हो।

# 'जन सरोकार अभियान' गठन



टुडे समाचारदाता

जनकपुरधाम। जन सरोकारका विषयलाई संस्थागत रूपमा उठाउन सामाजिक उत्तरदायित्व र सकारात्मक परिवर्तनका लागि 'जन सरोकार अभियान' गठन गर्ने निर्णय गरिएको छ।

मंगलबार जनकपुरधाम उद्योग वाणिज्य संघको सभा हलमा सम्पन्न बैठकले जनतासँग प्रत्यक्ष जोडिएका विभिन्न समस्या तथा सरोकारका विषयमा संगठित रूपमा पहल गर्ने उद्देश्यले संस्था दर्ता गर्ने निर्णय गरिएको जनाइएको छ। सामाजिक अभियानी रघुवीर रायको अध्यक्षतामा सम्पन्न बैठकले अभियानलाई व्यवस्थित रूपमा अगाडि बढाउने निर्णयसमेत गरेको जनाइएको छ।

अभियान सञ्चालन तथा संस्था दर्ताको प्रक्रियालाई अगाडि बढाउन जितेन्द्र महासेठको अध्यक्षतामा तदर्थ समिति गठन गरिएको छ। समितिको उपाध्यक्षमा प्रशान्त झा, महासचिवमा कौशल्या कुशवाहा, कोषाध्यक्षमा अनिल कुमार चौधरी र सचिवमा राजेश कुमार शर्मा चयन भएका छन्।

त्यस्तै कार्यकारिणी सदस्यहरूमा शत्रुघन मुखिया, निरञ्जन कुमार यादव, गोविन्द कुमार मण्डल र रूपा लामा रहेका छन्।

अभियानलाई मार्गदर्शन तथा आवश्यक सुझाव प्रदान गर्न रघुवीर रायलाई वरिष्ठ सल्लाहकार तथा कृष्णदेव साह, शंकर प्रसाद साह, परमेश्वर साह, शम्भुनाथ झा, कमलेश मण्डल, प्रमोद साह, सुरेन्द्र दास, शत्रुधन साह, हरी मण्डल, दिनेश सिंह र राजु थापालाई सल्लाहकारका रूपमा राखिएको छ।

अभियानले जनअधिकारको संरक्षण, सुशासन तथा पारदर्शिता, शिक्षा, स्वास्थ्य तथा पोषणमा पहुँच, वातावरण संरक्षण, सरसफाइ, लागूपदार्थविरुद्ध जनचेतना, विपद् तथा राहत सहयोग, महिला तथा बालबालिकाको अधिकार, युवा सहभागिता, सामाजिक न्याय, डिजिटलीकरण, रोजगारी तथा उद्यमशीलता प्रवर्द्धनलगायतका विषयलाई प्राथमिकतामा राख्ने जनाएको छ।

# शहीद परिवारलाई निशुल्क शिक्षा




टुडे समाचारदाता

जनकपुरधाम। जेन-जी आन्दोलनका सहिद परिवार तथा गम्भीर र अति गम्भीर घाइतेलाई स्नातक तहसम्म निःशुल्क शिक्षा उपलब्ध गराउने सरकारले व्यवस्था गरेको जनाइएको छ।

शिक्षा तथा खेलकुद मन्त्रालयले तयार गरेको 'जेन-जी आन्दोलनका सहिद परिवार तथा घाइतेलाई निःशुल्क शिक्षा प्रदान गर्नेसम्बन्धी मापदण्ड, २०८३' अनुसार सहिदका छोराछोरी, सहोदर दाजुभाइ-दिदीबहिनी तथा गम्भीर र अति गम्भीर घाइते परिचयपत्रवाहकलाई लाभग्राही मानिएको छ।

मापदण्ड अनुसार आधारभूत र माध्यमिक तहका विद्यार्थीलाई निःशुल्क शिक्षासँगै पोशाक तथा पाठ्यसामग्रीका लागि नगदसमेत उपलब्ध गराइनेछ। स्नातक तहमा विश्वविद्यालयले दिने छात्रवृत्तिमा निश्चित कोटा छुट्याइने र त्यसमा छनोट हुन नसकेकालाई विश्वविद्यालय अनुदान आयोगमार्फत छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था गरिएको छ।

लाभ लिन विद्यालय तहका विद्यार्थीले स्थानीय तहमार्फत र स्नातक तहका विद्यार्थीले सम्बन्धित क्याम्पसमार्फत आवेदन दिनुपर्नेछ। आवेदनमा लाभग्राही परिचयपत्र, नागरिकता वा जन्मदर्ता, नाता प्रमाणित कागजात र शैक्षिक संस्थाको सिफारिस आवश्यक पर्नेछ।

# कांग्रेस जलेश्वर नपा ४ मा विवाद

टुडे समाचारदाता

जलेश्वर। नेपाली काँग्रेसको जारी वडा अधिवेशवनको क्रममो महोत्तरीको जलेश्वर नगरपालिका वडा नम्बर ४ मा विवाद उत्पन्न भएको छ।

कांग्रेसको १५ औँ केन्द्रिय महाधिवेशन अन्तर्गत महोत्तरीको प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. ३ मा पर्ने जलेश्वर वडा नम्बर ४ मा विवाद छ। विवादपछि वडा कार्यसमिति सचिव अनिल कुमार पाण्डेयले निर्वाचनको माग गरेका छन्।

वडा सभापति सुरञ्जन पाण्डेयले असोज ४ गते सुगा गाउँमा व्यक्ति विशेषको घर (प्राङ्गन)मा गराएको भेलाबाट एकतर्फी ढंगले वडा समितिदेखि क्षेत्रिय प्रतिनिधिसम्म चयन गरेरकोमा यस वडाका ५१ प्रतिशत क्रियाशिल सदस्यसँग अलोकतान्त्रि व्यवहार गरेको वडा समितिका सचिव अनिलकुमार पाण्डेयको आरोप छ। वडा सभापति पद निर्वाचबाट नै टुंगो लगाइनुपर्ने उनको माग छ।

साथै, जिल्ला र केन्द्रीय निर्वाचन समितिलाई एकलौटी गरिएको अधिवेशनलाई अमान्य ठहर गर्दै निर्वाचन प्रक्रियाबाट अधिवेशन सम्पन्न गराउन समेत माग गरिएको छ।

वडा नम्बर-४ मा खटाइएको पर्यवेक्षक अजित ठाकुरको वैधानिकतामाथि समेत प्रश्न उठाउँदै पर्यवेक्षक बनाएर पठाइएको व्यक्ति १४औं महाधिवेशनबाट निर्वाचित जलेश्वर नगरपालिका वडा नं. १० का सभापति अधिवेशनमा निष्पक्ष निर्वाह नगरेको आरोप पाण्डे पक्षको छ।

# लाइसैंस छपाईका लागि त्रिपक्षीय सम्झौता



टुडे समाचारदाता

काठमाण्डू। सरकारका तीन निकायबिच सवारी चालक अनुमतिपत्र (लाइसेन्स) को छपाइ र वितरण प्रक्रियालाई थप व्यवस्थित, छिटो र सहज बनाउन त्रिपक्षीय सम्झौता भएको छ।

यस सम्झौतासँगै अब सेवाग्राहीले आफ्नो लाइसेन्स सम्बन्धित यातायात कार्यालयबाट मात्र नभई आफूले चाहेको ठेगाना (घरमै) प्राप्त गर्न सक्ने भएका छन्।


पूर्वाधार विकास मन्त्री सुनिल लम्सालले सामाजिक सञ्जाल (फेसबुक) मार्फत यसको जानकारी दिएका हुन्। मन्त्री लम्सालका अनुसार मंगलबार पूर्वाधार विकास मन्त्रालयमा यातायात व्यवस्था विभाग, हुलाक सेवा विभाग र सुरक्षण मुद्रण केन्द्रबिच उक्त महत्त्वपूर्ण त्रिपक्षीय सम्झौतामा हस्ताक्षर भएको हो।

सम्झौता अनुसार अब यातायात व्यवस्था विभागद्वारा सञ्चालित 'विद्युतीय ड्राइभिङ लाइसेन्स तथा सवारी दर्ता प्रणाली (झ्मीख्च्व)' मार्फत जारी हुने लाइसेन्सको डाटा सोझै सुरक्षण मुद्रण केन्द्रको प्रणालीमा पठाइनेछ। उक्त डाटा प्राप्त भएपछि केन्द्रले सोझै लाइसेन्स छपाइको काम गर्नेछ।

यसले विगतमा हुने प्राविधिक झन्झट र डाटा आदानप्रदानमा लाग्ने समयको बचत गर्नेछ। सुरक्षण मुद्रण केन्द्रमा छपाइ भएका लाइसेन्सहरूलाई हुलाक सेवा विभागमार्फत वितरण गर्ने व्यवस्था मिलाइएको छ।

मन्त्री लम्सालका अनुसार झ्मीख्च्व प्रणालीबाट जारी भएका ती लाइसेन्सहरू सम्बन्धित प्रदेश कार्यालयमा पठाएर त्यहीँबाट वितरण गरिनेछ। यसका साथै, सेवाग्राहीले चाहेको खण्डमा उनीहरूले इच्छाएको ठेगानामा (घरमै) लाइसेन्स पुऱ्याउने व्यवस्थासमेत यसै सम्झौतामार्फत सुनिश्चित गरिएको छ।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# प्रधानमन्त्रीको प्रशंसनीय कार्य

संयुक्त राष्ट्रसंघको ८१औं महासभामा सहभागी हुन प्रधानमन्त्री बालेन्द्र साह अमेरिकाको न्यूयोर्क प्रस्थान गरेका छन् । देशको अत्यन्त शक्तिशाली प्रधानमन्त्री बनेपछि उनको यो पहिलो विदेश भ्रमण हो । संयुक्त राष्ट्रसंघको महासभामा देशका धेरै प्रधानमन्त्री सहभागिता जनाइसकेका छन् । तर विगतमा प्रधानमन्त्रीहरुको भएको भ्रमणको भन्दा प्रधानमन्त्री साहको भ्रमण धेरै पक्षमा फरक छ । विगतको भ्रमण टोलीमा सहभागिहरुको संख्या अत्यधिक रहने गरेको थियो । त्यसको आलोचना पनि हुन्थ्यो । तर हरेक प्रधानमन्त्री विदेश भ्रमणमा निस्कदा जम्बो टोली नै साथमा रहने गरेको थियो । प्रधानमन्त्री साह पहिलो पटक विदेश जाँदा उनको टोलीमा कुल १४ जनाको सहभागिता रहेको छ । विगतको तुलनामा यो अत्यन्त मितव्ययी र प्रशंसनीय छ । उनले नेतृत्व गरेको १४ सदस्यीय टोलीमा को को छन् भन्दा महासभामा प्रधानमन्त्रीले राख्ने विषयवस्तु महत्वपूर्ण र प्रभावकारी हुनुपर्ने छ । उनी अमेरिकामा पनि औपचारिक रुपमा धेरै भेटघाट गर्ने कार्यक्रम छैन । चार दिने छोटो भ्रमणमा उनले अन्य कार्यक्रमहरुलाई खासै महत्व दिएका छैनन् । प्रधानमन्त्री साहलाई विगतको जस्तो सलामी र विदाइ पनि गरिएन । उनको चाहना अनुसार नै तामझाम भएन । यही ६ गते अर्थात मंगलबार प्रस्थान गरेका प्रधानमन्त्री साह १० गते स्वदेश फर्किने कार्यक्रम छ । साहले ८ गते संयुक्त राष्ट्रसंघको सभालाई सम्बोधन गर्ने कार्यक्रम निश्चित छ । उनको त्यो सम्बोधनलाई संसारभरिकै नेपालीहरुले ध्यानपूर्वक सुन्नेछन् । उनले नेपालका पछिल्ला प्राकृतिक विपत्ति, जलवायु परिवर्तनको असर र हिमाली मुलुकका समस्यालाई अन्तर र्राष्ट्रिय मञ्चमा उठाउने तयारी गरेका छन् । विशेषगरि पछिल्लो भोटेकोशी बाढी र त्यसले पुऱ्याएको क्षति नेपालको अन्तर्राष्ट्रिय अपिलको महत्वपूर्ण विषय बन्नेछ । जलवायु परिवर्तनको असर भोगिरहेका नेपालजस्ता मुलुकले त्यसको क्षतिपूर्ति र जलवायु न्यायका लागि अन्तर्राष्ट्रिय सहयोग पाउनुपर्ने विषयमा साहले जोड दिने अपेक्षा नेपालीहरुले गरेका छन् । अन्तरमुखी स्वभाव भएको भनेर विपक्षीहरुले आलोचना गर्ने बेला प्रधानमन्त्री साहले पाएको अवसरबाट सबैलाई चुप गराउने छन् । प्रधानमन्त्री साहले नेतृत्व गरेको प्रतिनिधिमण्डलमा परराष्ट्रमन्त्री शिशिर खनाल, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार कुमार व्यञ्जनकार, परराष्ट्र सचिव अमृतबहादुर राई लगायत वरिष्ठ सरकारी अधिकारीहरू छन् । परराष्ट्रमन्त्री खनाल भने उच्चस्तरीय कार्यक्रम र द्विपक्षीय भेटघाटका लागि यसअघि नै न्यूयोर्क पुगिसकेका छन् । साहको निर्णयले भ्रमणलाई पहिले नै अत्यन्त चर्चित बनाएको छ । विश्वका राष्ट्रप्रमुख तथा सरकार प्रमुखहरू भेला हुने महासभाको उच्चस्तरीय सत्रमा नेपालको प्राथमिकता प्रस्तुत गर्ने अवसरका रूपमा यो भ्रमणलाई हेरिएको छ । प्रधानमन्त्री बालेन्द्र साहको सानो टोली, छोटो बसाइ र पहिलो विदेश भ्रमणले देशवासीको अपेक्षालाई पुरा गर्ने विश्वास गरिएको छ ।

# प्रधानमन्त्री बालेन्द्र शाहको न्यूयोर्क यात्रा सही अर्थमा नेपालको कूटनीतिक परीक्षाको घडी हो



● प्रेमचन्द्र झा

नेपालका प्रधानमन्त्री बालेन्द्र शाह आज (मंगलबार) ०६ गतेमा संयुक्त राज्य अमेरिका जाँदैछन् । संयुक्त राष्ट्रसंघको ८१औं महासभाको उच्चस्तरीय सप्ताहमा सहभागी हुन न्यूयोर्क पुग्ने प्रधानमन्त्री शाहले अशोज ०८ गते विहिवार का दिन महासभाको सामान्य बहसलाई सम्बोधन गर्नेछन् । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेससँग उनको भेटवार्ता पनि तय भएको छ । प्रधानमन्त्रीको नेतृत्वमा जाने नेपाली प्रतिनिधिमण्डलमा परराष्ट्रमन्त्री शिशिर खनाल, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार कुमार ब्यञ्जनकार, परराष्ट्रसचिव अमृतबहादुर राईलगायत वरिष्ठ अधिकारी सहभागी हुनेछन् । प्रधानमन्त्री अशोज १० गतेमा स्वदेश फर्कने कार्यतालिका छ ।

क्यालेन्डरमा यो एउटा सामान्य विदेश भ्रमणजस्तो देखिन सक्छ । तर नेपालको वर्तमान अवस्था हेर्दा यो भ्रमण त्यति सामान्य छैन । प्रधानमन्त्री शाह पहिलोपटक संयुक्त राष्ट्रसंघको विश्वमञ्चमा नेपालको नेतृत्व गर्दैछन् । उनको अगाडि नेपालको आन्तरिक राजनीतिक परिवर्तनको कथा मात्र छैन, विश्व जलवायु संकटको अग्रपंक्तिमा उभिएको हिमाली देशको पीडा पनि छ । उनको पछाडि भोटेकोशी, रसुवा, नुवाकोट र धादिङमा बाढी-पहिरोले भत्काएका घर, बगेका सडक, पुरिएका बस्ती, बेपत्ता नागरिक र छिन्नभिन्न भएको जनजीवन छ । अगाडि विश्वका शक्तिशाली राष्ट्रका सरकार प्रमुख छन् । बीचमा नेपालले दशकौंदेखि भोगिरहेको एउटा प्रश्न छ–जलवायु संकट सिर्जना गर्न नगण्य भूमिका खेलेको देशले जलवायुजन्य विपद्को मूल्य किन यति महँगो तिर्ने ?

यही प्रश्नलाई प्रधानमन्त्री शाहले न्यूयोर्कमा नेपालको मुख्य कूटनीतिक अस्त्र बनाउन सक्नेछन् । तर प्रश्न यति मात्र होइन, उनले विश्वमञ्चबाट फर्किंदा नेपालले के ल्याउनेछन् भन्ने पनि हो । भाषण, भेटघाट, फोटो र औपचारिक वक्तव्य त हरेक प्रधानमन्त्रीको विदेश भ्रमणमा हुन्छन् । यसपटक नेपालको अपेक्षा त्योभन्दा ठूलो छ । नेपाललाई राहत चाहिएको छ, तर राहतभन्दा ठूलो कुरा पुनर्निर्माण चाहिएको छ । पुनर्निर्माणभन्दा ठूलो कुरा भविष्यको विपद् रोक्ने क्षमता चाहिएको छ । त्यसका लागि पैसा चाहिन्छ, प्रविधि चाहिन्छ, अन्तर्राष्ट्रिय सहकार्य चाहिन्छ र सबैभन्दा महत्वपूर्ण जलवायु न्यायको आधारमा विश्वसँग आफ्नो हिस्साको माग गर्न सक्ने राजनीतिक क्षमता चाहिन्छ । २०८३

भदौ १० गतेमा आएको विनाशकारी बाढी तथा पहिरोपछि संयुक्त राष्ट्रसंघ र मानवीय साझेदारहरूले नेपालका प्रभावित समुदायका लागि ४९.६ मिलियन अमेरिकी डलरको आपत्कालीन अपिल जारी गरिसकेका छन् । संयुक्त राष्ट्रसंघका अनुसार उक्त विपद्मा १,२५० भन्दा बढी मानिसको ज्यान गएको र हजारौं मानिस बेपत्ता भएको प्रारम्भिक विवरण सार्वजनिक गरिएको थियो । ८४ हजारभन्दा बढी प्रभावितलाई चार महिनाको मानवीय सहायता योजनामार्फत सहयोग गर्ने लक्ष्य राखिएको छ ।

**अब प्रश्न उठ्छ–यदि संयुक्त राष्ट्रसंघले आपत्कालीन राहतका लागि अपिल गरिसकेको छ भने प्रधानमन्त्री शाहले महासभामा फेरि के माग्ने ?**

उत्तर स्पष्ट हुनुपर्छ–नेपालले अब राहतको सूची होइन, पुनर्निर्माण र जलवायु न्यायको अन्तर्राष्ट्रिय खाका माग्नुपर्छ । नेपालले विश्वसमक्ष आफ्नो पीडा सुनाउने धेरै अवसर पाइसकेको छ । अहिले विश्वले नेपालमा के भयो भन्ने सुन्ने मात्र होइन, त्यसपछि के गर्नुपर्छ भन्ने नेपालको प्रस्ताव सुन्न चाहन्छ । प्रधानमन्त्री शाहले यही अन्तरलाई बुझ्नुपर्नेछ ।

नेपालले भन्नुपर्ने पहिलो कुरा हो–जलवायु परिवर्तन अब भविष्यको संकट होइन, वर्तमानको वास्तविकता हो । हिमालय पग्लिँदैछ, हिमतालको जोखिम बढिरहेको छ, वर्षाको स्वरूप बदलिँदैछ, छोटो समयमा अत्यधिक वर्षा हुने घटना बढिरहेका छन् र त्यसको असर बाढी तथा पहिरोका रूपमा गाउँदेखि राजमार्ग, जलविद्युत् आयोजना र सहरसम्म पुगेको छ । नेपालको कार्बन उत्सर्जन विश्वको कुल उत्सर्जनको अत्यन्त सानो अंश भए पनि जलवायु संकटको असर नेपालले प्रत्यक्ष भोगिरहेको छ । त्यसैले नेपालको प्रश्न सहानुभूतिको प्रश्न होइन, न्यायको प्रश्न हो ।

तर 'जलवायु न्याय' शब्द उच्चारण गरेर मात्र न्याय प्राप्त हुँदैन । त्यसलाई वित्तीय संरचनासँग जोड्नुपर्छ । 'लस एन्ड ड्यामेज' अर्थात् जलवायु परिवर्तनका कारण भएको क्षति तथा नोक्सानीको अन्तर्राष्ट्रिय संयन्त्रमा नेपालजस्ता जोखिममा रहेका मुलुकले सहज पहुँच पाउनुपर्ने माग उठाउनुपर्छ । जलवायु अनुकूलनका लागि ऋणभन्दा अनुदानमा जोड दिनुपर्छ । हिमाली मुलुकका लागि छुट्टै वैज्ञानिक अनुसन्धान र जोखिम व्यवस्थापन कोषको प्रस्ताव गर्न सकिन्छ । जलवायु वित्तमा पहुँच लिनका लागि जटिल अन्तर्राष्ट्रिय प्रक्रियाले नेपालजस्ता कमजोर प्रशासनिक क्षमता भएका मुलुकलाई फेरि कमजोर बनाउनु हुँदैन भन्ने प्रश्न पनि उठाउन सकिन्छ ।

नेपालले विश्वलाई एउटा असहज तर आवश्यक प्रश्न सोध्नुपर्छ–जलवायु संकटको भार सबैले समान रूपमा बोक्नुपर्ने हो भने त्यसबाट हुने क्षति पनि समान रूपमा बाँडिनुपर्दैन ? विश्वको औद्योगिकीकरण र जीवाश्म इन्धनमा आधारित आर्थिक वृद्धिबाट सबैभन्दा धेरै लाभ लिएका देशहरूले अहिले जलवायु संकटको असरबाट जोगिन सक्ने क्षमता पनि बनाएका छन् । तर नेपालजस्तो देशले प्राकृतिक स्रोत, कमजोर पूर्वाधार र सीमित वित्तीय क्षमताका कारण हरेक ठूलो विपद्पछि फेरि शून्यबाट विकास सुरु गर्नुपर्छ । यो चक्र तोड्न अन्तर्राष्ट्रिय वित्तीय प्रणालीमा परिवर्तन आवश्यक छ ।

नेपालले न्यूयोर्कमा अर्को ठूलो मुद्दा उठाउन सक्छ–हिमालयलाई विश्वव्यापी जलवायु सुरक्षाको विषय बनाउने ।

हिमालय नेपालका लागि मात्र हिमाल होइन । यसबाट बग्ने नदीहरू भारत, बंगलादेशलगायत दक्षिण एसियाका करोडौं मानिसको जीवनसँग जोडिएका छन् । उत्तरी हिमाली क्षेत्र चीनको तिब्बती भूभागसँग जोडिएको छ । हिमनदी पग्लनु, हिमतालको जोखिम, नदीको बहावमा परिवर्तन र अत्यधिक वर्षा कुनै एउटा देशको सीमाभित्र सीमित रहने समस्या होइन । त्यसैले नेपालले 'हिमालयन क्लाइमेट एन्ड डिजास्टर रेजिलियन्स इनिसिएटिभ' जस्तो अन्तर्राष्ट्रिय संयन्त्र प्रस्ताव गर्न सक्छ ।

यसको अर्थ नयाँ संस्था खडा गरेर कर्मचारी थप्नु होइन । नेपालमा रहेको आइ सि आइ एम ओ डी, संयुक्त राष्ट्रसंघीय निकाय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपालका विश्वविद्यालय र भारत-चीनका सम्बन्धित वैज्ञानिक संस्थालाई एउटै वैज्ञानिक सञ्जालमा जोड्नु हो । हिमनदीको संयुक्त अनुगमन, हिमतालको जोखिम नक्सांकन, मौसमको वास्तविक समय सूचना, नदीको जलस्तर, उपग्रहबाट प्राप्त तस्वीर, बाढी पूर्वसूचना र सीमापार उद्धार प्रणालीलाई एउटै क्षेत्रीय संरचनामा जोड्न सकिन्छ ।

यो विषयमा चीनले हालै स्वयं सहकार्यको संकेत दिएको छ । चीनले नेपालसँग हिमाली क्षेत्रमा संयुक्त अनुगमन, प्रारम्भिक चेतावनी प्रणाली, सीमापार आपत्कालीन समन्वय र विपद्पछिको पुनर्निर्माणमा सहकार्य विस्तार गर्न सकिने बताएको छ । चीनले भोटेकोशी विपद्पछि उद्धार विशेषज्ञ, नगद सहयोग, राहत सामग्री तथा जल-मौसमसम्बन्धी तथ्यांक उपलब्ध गराएको र नेपालका लागि एमएजेडयु नामक प्रारम्भिक चेतावनी समाधान विकास गरेको जनाएको छ ।

चीनको सहयोगको अर्को चरण पनि आएको छ । भदौ २३ गतेमा चीनले उद्धारका लागि होभेरक्राफ्ट , फलुड पुम्पस, मोरटुअरी फ्रिजेरस र सोलार लाइटस लगायतका सामग्री नेपाल पठाएको जनाएको छ । यसअघि ड्रोन, डिएनए परीक्षण उपकरण, पानी शुद्धीकरण उपकरण र अन्य सामग्री पनि पठाइएको थियो ।

यी सहयोग तत्कालीन संकटका लागि महत्वपूर्ण छन् । तर नेपालको कूटनीतिक बुद्धिमत्ता त्यहाँ देखिनुपर्छ जहाँ तत्कालीन राहतलाई दीर्घकालीन संरचनामा बदल्न सकिन्छ । चीनले उद्धारका लागि दिएको होभेरक्राफटआज काम लाग्यो भने भोलि त्यही प्रविधि उच्च जोखिम भएका अन्य नदी क्षेत्रमा पनि उपयोग गर्न सकिन्छ । आज चीनले उपलब्ध गराएको जल-मौसम सूचना भोलि नेपाल-चीन सीमावर्ती हिमाली क्षेत्रको स्थायी पूर्वसूचना प्रणालीको आधार बन्न सक्छ । त्यसैले प्रधानमन्त्री शाहले ' धन्यवाद'मा कुरा टुंग्याउने होइन, 'अब यसलाई संस्थागत कसरी गर्ने ?' भनेर प्रश्न गर्नुपर्छ ।

भारतको सवाल अझ संवेदनशील छ । नेपालको दक्षिणतर्फ बग्ने प्रमुख नदी प्रणाली भारतसँग प्रत्यक्ष जोडिएका छन् । नेपालमा आएको बाढीको प्रभाव भारतमा पनि पुग्छ । भारतमा हुने बाढीको असर नेपालका सीमावर्ती बस्तीमा पर्न सक्छ । नदी, ऊर्जा, व्यापार, पूर्वाधार र सीमावर्ती नागरिकको जीवन यति गहिरो रूपमा जोडिएको अवस्थामा नेपाल-भारत सम्बन्धलाई केवल राजनीतिक बयानबाजीको चस्माबाट हेर्नु पर्याप्त हुँदैन ।

नेपालले भारतसँग अब नयाँ पुस्ताको बाढी पूर्वसूचना प्रणालीको माग गर्न सक्छ । नेपालमा माथिल्लो क्षेत्रमा अत्यधिक वर्षा हुँदा त्यसको सूचना भारतको सीमावर्ती क्षेत्रमा पुग्ने र भारततर्फका नदीको बहाव बढ्दा त्यसको सूचना नेपालका तल्लो तटीय बस्तीमा पुग्ने वास्तविक समय प्रणाली विकास गर्न सकिन्छ । नेपाल र भारतबीच भएका नदी तथा बाढीसम्बन्धी संयन्त्रलाई डिजिटल प्रविधि, उपग्रह र स्वचालित जलमापन केन्द्रसँग जोड्न सकिन्छ ।

भारतसँग ऊर्जा सहकार्य पनि त्यत्तिकै महत्वपूर्ण छ । विपद्ले नेपालको जलविद्युत् संरचनाको जोखिम



देखाएको छ । विद्युत् उत्पादन मात्र गरेर पुग्दैन, विद्युत् गृह, प्रसारण लाइन, पहुँच सडक र जलाशय संरचना भविष्यका बाढी तथा पहिरो सहन सक्ने बनाउनुपर्नेछ । भारत नेपालको ठूलो विद्युत् बजार भएकाले उससँगको ऊर्जा सम्बन्धलाई विपद्पछिको पुनर्निर्माणसँग पनि जोड्न सकिन्छ । नेपालले भारतसँग दीर्घकालीन विद्युत् व्यापारको सुनिश्चितता, प्रसारण पूर्वाधार र जलविद्युत् क्षेत्रमा विपद् प्रतिरोधी लगानीको विषय उठाउन सक्छ ।

तर भारत र चीनसँग सहयोग माग्दा नेपालले एउटा कुरा स्पष्ट राख्नुपर्छ–नेपाल कुनै शक्ति-प्रतिस्पर्धाको मैदान होइन । नेपालको हिमालयलाई भारत र चीनको रणनीतिक प्रतिस्पर्धाको भूगोल होइन, सहकार्यको भूगोल बनाउनुपर्छ । यही ठाउँमा प्रधानमन्त्री शाहको कूटनीतिक परिपक्वताको परीक्षा हुनेछ ।

भारतसँग नदी र ऊर्जा, चीनसँग हिमालय र प्रविधि, अमेरिकासँग शिक्षा, अनुसन्धान, प्रविधि र लगानी, संयुक्त राष्ट्रसंघसँग जलवायु वित्त र पुनर्निर्माण–नेपालले यस्तो विषयगत कूटनीतिक ढाँचा निर्माण गर्न सक्छ । त्यसो भयो भने नेपालले कसैलाई रोज्नुपर्ने हुँदैन; नेपालले आफ्नो आवश्यकता रोज्छ ।

नेपालको कूटनीतिमा लामो समयदेखि अर्को कमजोरी देखिँदै आएको छ–हामी सहयोग माग्छौं, तर त्यसलाई राष्ट्रिय रणनीतिसँग जोड्दैनौं । दाता आए परियोजना बन्यो, दाता गए परियोजना सकियो । अब त्यो शैली बदल्नुपर्छ । भोटेकोशीपछिको पुनर्निर्माण पनि अर्को अस्थायी परियोजना बन्नु हुँदैन । यसलाई 'नेपाल रेजिलियन्ट इन्फ्रास्ट्रक्चर प्रोग्राम' जस्तो दीर्घकालीन राष्ट्रिय कार्यक्रमसँग जोड्न सकिन्छ ।

नेपालका सडक किन बारम्बार बग्छन् ? पुल किन नदीको बहावको वास्तविक जोखिम नहेरी निर्माण हुन्छन् ? बस्ती किन नदीको प्राकृतिक बहाव क्षेत्रमा फैलिन्छन् ? पहाडी क्षेत्रमा सडक खन्दा पहिरोको वैज्ञानिक अध्ययन किन हुँदैन ? जलविद्युत् आयोजना निर्माण गर्दा जलवायु जोखिमलाई परियोजनाको लागतमा किन समेटिँदैन ? यस्ता प्रश्नको उत्तर खोज्न नसक्ने हो भने अन्तर्राष्ट्रिय समुदायबाट आएको करोडौं डलर पनि अर्को विपद्मा फेरि बग्न सक्छ ।

त्यसैले प्रधानमन्त्रीले विश्वसँग सहयोग माग्दै गर्दा नेपालले आफ्नै कमजोरी स्वीकार गर्ने साहस पनि देखाउनुपर्छ । 'हामी निर्दोष छौं, विश्वले मात्र बिगाऱ्यो' भन्ने भाषाले अन्तर्राष्ट्रिय सहानुभूति त पाउन सक्छ, तर दीर्घकालीन साझेदारी पाउन कठिन हुन्छ । सही सन्देश यस्तो हुनुपर्छ–'नेपाल आफ्नो पूर्वतयारी, निर्माण मापदण्ड, जोखिम व्यवस्थापन र शासन प्रणाली सुधार गर्न तयार छ; तर हाम्रो क्षमताभन्दा बाहिरको जलवायु संकटसँग जुध्न अन्तर्राष्ट्रिय सहयोग अपरिहार्य छ ।'

**यसमा अर्को ठूलो प्रश्न जोडिन्छ–संयुक्त राष्ट्रसंघले नेपाललाई कति सहयोग गर्न सक्छ ?**

उत्तर यथार्थवादी हुनुपर्छ । महासभा आफैं पैसा बाँड्ने संस्था होइन । महासभाले राजनीतिक प्रतिबद्धता निर्माण गर्छ, अन्तर्राष्ट्रिय संस्थाहरूलाई परिचालन गर्ने वातावरण बनाउँछ, बहुपक्षीय प्रक्रियालाई गति दिन्छ र विश्वका सरकार प्रमुखलाई एउटै मञ्चमा ल्याउँछ । त्यसैले प्रधानमन्त्री शाहले महासभाबाट तत्काल ठूलो रकमको घोषणा मात्र खोज्नु हुँदैन । उनले संयुक्त राष्ट्रसंघीय प्रणालीलाई नेपालका लागि दीर्घकालीन पुनर्निर्माण र जलवायु साझेदारीमा परिचालन गर्नुपर्छ ।

संयुक्त राष्ट्रसंघले पहिले नै ४९.६ मिलियन डलरको आपत्कालीन अपिल गरिसकेको छ । अब त्यसपछि के ? नेपालले पुनर्निर्माणको विस्तृत आवश्यकता मूल्यांकन, क्षति नक्सांकन र प्राथमिकता निर्धारणका लागि संयुक्त राष्ट्रसंघीय प्राविधिक सहयोग माग्न सक्छ । कुन पुल पहिले बनाउने, कुन सडक सुरक्षित बनाउने, कुन बस्ती स्थानान्तरण गर्ने, कुन विद्यालय पुनर्निर्माण गर्ने र कुन जलविद्युत् आयोजना सुरक्षित बनाउने भन्ने विषयमा वैज्ञानिक आधार चाहिन्छ । त्यसका लागि संयुक्त राष्ट्रसंघीय विकास प्रणाली, विश्व बैंक, एसियाली विकास बैंक, जलवायु कोष र द्विपक्षीय विकास साझेदारलाई एउटै पुनर्निर्माण ढाँचामा ल्याउन सकिन्छ ।

नेपालले अन्तर्राष्ट्रिय वित्तीय संस्थालाई पनि असहज प्रश्न सोध्नुपर्छ । विपद्ले नेपाललाई विकासका लागि लिएको ऋणको भार घटाउँदैन; उल्टै पुनर्निर्माणका लागि थप ऋण लिनुपर्ने अवस्था आउँछ । एउटा गरीब वा विकासोन्मुख देश प्राकृतिक विपद्मा परेपछि उसलाई फेरि ऋण दिएर मात्र समस्या समाधान हुन्छ ? कि विपद् प्रभावित मुलुकका लागि ऋण पुनर्संरचना, भुक्तानी स्थगन, सहुलियतपूर्ण वित्त र अनुदानको छुट्टै प्रणाली आवश्यक हुन्छ ? नेपालले यस्ता प्रश्न अन्तर्राष्ट्रिय वित्तीय मञ्चमा पनि उठाउनुपर्छ ।

नेपाल अति कम विकसित मुलुकको सूचीबाट स्तरोन्नतिको चरणमा पनि छ । तर 'ग्राजुएसन'ले नेपालको हिमाल सुकाउँदैन, बाढी रोक्दैन, पहिरो थाम्दैन र विपद् को जोखिम घटाउँदैन । २०८३ मंसिर १० गतेमा एलसीडी श्रेणीबाट स्तरोन्नति हुने नेपालको प्रक्रियालाई सुरक्षित र दिगो बनाउनु आवश्यक छ । त्यसैले व्यापार सुविधा, विकास सहयोग, जलवायु वित्त, प्रविधि हस्तान्तरण र सहुलियतपूर्ण वित्तमा संक्रमणकालीन सहयोग जारी राख्नुपर्ने माग नेपालले उठाउन सक्छ । स्तरोन्नति नेपालको उपलब्धि हो, तर त्यसलाई नयाँ जोखिममा धकेलिने अवस्था बन्न दिनु हुँदैन ।

प्रधानमन्त्री शाहको भ्रमणमा अर्को विषयले पनि विशेष स्थान पाउनुपर्छ–विश्वभर छरिएर रहेका नेपाली ।

नेपालको सबैभन्दा ठूलो अदृश्य शक्ति आज विदेशमा छ । अमेरिकामा नेपाली चिकित्सक छन्, इन्जिनियर छन्, वैज्ञानिक छन्, आई टी विज्ञ छन्, व्यवसायी छन् । युरोप, अस्ट्रेलिया, जापान, खाडी र अन्य मुलुकमा नेपालीले आर्जन गरेका सीप, ज्ञान, पूँजी र सम्पर्क नेपालका लागि ठूलो स्रोत बन्न सक्छन् ।

# पैरेटो सिद्धान्तबाट 'मल्टीब्यागर स्टक'को खोजी



● अचुतकुमार ओझा

पुँजी बजार लगानीमा सफलताका लागि लगानीकर्ताले आ-आफ्नो रणनीति बनाउने गर्दछन् । कोही लगानीकर्ता छोटो समयका लागि लगानी गर्छन्, केही लगानीकर्ताले लामो समयका लागि लगानी गर्छन् । लगानीकर्ताको आफ्नो आवश्यकता, क्षमता, योग्यता र उपलब्ध समयको आधारमा लगानीमा फरक रणनीति रहने गर्दछ । एकथरी लगानीकर्ता नियमित लाभांश प्राप्तिका लागि पुँजी लगाई रहेका हुन्छन्, यी भन्दा फरक थरी लगानीकर्ता लाभांश र पुँजीगत लाभका लागि लगानी गर्छन् ।

अर्काथरी लगानीकर्ता व्यवसाय र कम्पनीको नेतृत्वमा जानका लागि लगानी बढाई रहेका हुन्छन् । यी सबैका रणनीति र आकाङ्क्षा आफ्नो लगानीलाई सफलतापूर्वक वृद्धि र विस्तार गर्नु हो । यसका लागि आफू अनुकूलको लगानी सिद्धान्त प्रयोग गर्नु हरेक सफल लगानीकर्ताको रणनीतिक सुझबुझ बन्न जान्छ । लगानीमा एकै किसिमको रणनीतिले सफलताको शिखरमा पुग्न दिँदैन । यसका लागि परिस्थितिअनुसार उपयुक्त सिद्धान्तलाई हतियार बनाउन सक्नु नै लगानी कुशलताको साँचो हुन जान्छ ।

**के हो पैरेटो सिद्धान्त ?**

अर्थशास्त्री विल्फ्रेडो पैरेटोले सन् १८९५ मा यस सिद्धान्तको बारेमा पहिलो पटक लेखेका थिए । समाजमा मानिस स्वभाविक रुपले दुई भागमा बाँडिएका हुन्छन् । पहिलो महत्वपूर्ण अल्पमत हो, जो पैसा र प्रभावको सन्दर्भमा शीर्षस्थ २० प्रतिशतभित्र रहन्छन् । दोस्रो तुच्छ बहुमत हो, जो ८० प्रतिशतमा रहेका हुन्छन् । यही सिद्धान्त लगभग सारा आर्थिक गतिविधिको वास्तविकता हो । तपाईंको २० प्रतिशत प्रयासले ८० प्रतिशत परिणाम दिलाउँछ, तपाईंको २० प्रतिशत उत्पादनले ८० प्रतिशत आम्दानी दिन सक्छ । तपाईंसँग भएको २० प्रतिशत ग्राहकले नै ८० प्रतिशत वस्तु तथा सेवा खरिद गरिरहेका हुन्छन् । तपाईंको कम्पनीको २० प्रतिशत कर्मचारीले ८० प्रतिशत कामको व्यवस्थापन गरिरहेका हुन्छन् ।

पैरेटो सिद्धान्तको असली अर्थ थोरैले धेरै परिणाम दिन्छ भन्ने बुझाई हो । त्यो धेरै परिणाम दिने काम, लगानी बिक्री, ग्राहक, कर्मचारी, वस्तु वा सेवा पहिचान गर्न सक्नु नै सफलताको मूल आधार हो । पैरेटो सिद्धान्तलाई ८०/२० को सिद्धान्तले चिनिन्छ । यसको अर्थ तपाईंले गर्ने २० प्रतिशत कामले ८० प्रतिशत परिणाम दिन्छ । बाँकी ८० प्रतिशत कामले २० प्रतिशत मात्रै परिणाम दिने गर्छ । यस सिद्धान्त जीवनका हरेक क्षेत्रमा प्रयोग गरेर हेर्न सकिन्छ । तपाईंले खर्च गरिरहेको समयमध्ये ८० प्रतिशत समय आलटाल र परिणामुखी काममा खेर गइरहेको हुन सक्छ बाँकी २० प्रतिशत समय मात्रै परिणाममुखी कार्यमा खर्च भएको हुन सक्छ । यसलाई पहिचान गरेर बचाउन सक्ने हो भने उक्त समयलाई उपलब्धिमूलक कार्यमा प्रयोग गर्न सकिन्छ । तपाईं ले गरेको २० प्रतिशत लगानीको कारण ८० प्रतिशत प्रतिफल पाइरहनु भएको हुन्छ । अनि ८० प्रतिशत लगानीले केवल २० प्रतिशत आम्दानी गरिरहेको हुन्छ । यसैको खोजी गर्नु र त्यसबाट आफूलाई लाभावित गर्नु नै पैरेटो सिद्धान्तको मूल ध्येय हो । यस सिद्धान्तले काममा कुशलता, परिणाममा वृद्धि, लगानीमा सफलता, प्रतिफलमा उच्चता र जीवनमा समयसँगै मुनाफा बढोत्तरी गर्न मद्दत पुग्ने देखिन्छ ।

**लगानीमा पैरेटो सिद्धान्तले कसरी काम गर्छ ?**

विश्वमा आम्दानी र सम्पत्ति कसरी बाँडिएको छ भन्ने विषयमा तयार गरिएको विश्व असमानता प्रतिवेदन २०२५ को तथ्याङ्कलाई हेर्दा विश्वका माथिल्लो १० प्रतिशत मानिससँग ७५ प्रतिशत सम्पत्ति, बीचका ४० प्रतिशतसँग २३ प्रतिशत र तल्लो ५० प्रतिशतसँग केवल दुई प्रतिशत सम्पत्ति रहेको देखिन्छ । विश्वमा भएका सम्पत्तिलाई रु१०० र जम्मा जनसङ्ख्या १०० बराबर मान्ने हो भने धनी दश जना (१० प्रतिशत) सँग रु ७५, बीचका ४० जना (४० प्रतिशत) सँग रु २३ र गरिब ५० जना (५० प्रतिशत) सँग रु दुई मात्र हुन्छ । तब यो कसरी सम्भव भयो भनेर धनसम्बन्धी अध्ययन गर्ने विश्वका महारथीहरुका अनुसन्धानले के निष्कर्ष निकाल्यो भने ५० प्रतिशत मानिससँग भन्दा १० प्रतिशत मानिससँग ३७ दशमलव पाँच गुणा बढी सम्पत्ति जम्मा हुनुको मूलकारण उनीहरुसँग ती कम्पनी र आयोजनाहरु छ, जसले ९० प्रतिशत मानिससँग भएको आयोजनाले भन्दा सयौं गुणा बढी आम्दानी र मुनाफा दिन सक्छन् । यसैले धनी अझै धनी हुँदै धन जम्मा गर्न सफल भएका छन् ।

धनीहरुले के बुझेका छन् भने हरेक लगानी र आयोजना मल्टिब्यागर हुन सक्दैनन् तर जोसँग यस्ता परियोजनाहरु छन्, तिनीहरुलाई एक प्रतिशत धनीको श्रेणीमा उक्लिन कसैले रोक्न सक्दैन ।

यसको अर्थ के हो भने तपाईंसँग कतिवटा व्यवसाय छ भन्ने भन्दा ती व्यवसायले कति प्रतिफल दिनसक्छ भन्ने महत्वपूर्ण हुने गर्छ । कयौं व्यवसाय भएका व्यक्ति पनि बैंकक्रप्ट हुने गर्छन् । अनि केही राम्रा व्यवसाय भएका व्यक्ति सम्पन्न भएका देखेका छौं । कुनै समय एउटा मिलिनियर जन्मन कयौं दशक लाग्थ्यो, समय बदलियो यो क्रम एकै दशकमा सम्भव देखियो । यस्तो समय यसरी द्रुतगतिमा घट्यो यो पाँच वर्षमा सम्भव हुन आयो, आजकाल यो एक दुई वर्षमा सम्भव हुने गरेको छ । तपाईंको धन वृद्धि तपाईंले छनोट गर्नुभएको व्यवसायमा निर्भर गर्छ । जब तपाईंले छनोट गर्नुभएको कम्पनीले अन्यले भन्दा कयौं गुणा बढी लाभ दिनसक्ने क्षमता राख्छ, अरुसँग १०, २० वा ३० वटा परियोजना भए पनि तपाईंको एउटै व्यवसाय भारी पर्ने गर्छ । लगानी गर्दा सबै व्यवसाय एकै किसिमको हुँदैन, तपाईंसँग भएका १० व्यवसायमध्ये दुईवटाले दिने लाभ बाँकी आठवटाले दिनेभन्दा बढी हुन सक्छ । यस्तै बजारमा शेयर बिक्री गरेर नेप्सेमा दर्ता भएका कम्पनीहरुमध्ये २० प्रतिशतले जति प्रतिफल दिन सक्छन् ८० प्रतिशतले त्यो मुनाफा दिन सक्दैनन् । तपाईंले खरिद गरेका शेयरमध्ये २० प्रतिशतले जुन मुनाफा तपाईंलाई दिने गरेको छ बाँकी ८० प्रतिशतले सो बराबरको नाफा नदिन सक्छ । कयौं परिस्थितिमा त नकारात्मक परिणामसमेत देखिने गर्छ । नेप्सेमा हेर्ने हो भने युनिलिभर नेपाल, राष्ट्रिय बीमा कम्पनी, बोटलर्स नेपाल (बालाजु) लिमिटेड र बोटलर्स नेपाल (तराई) लिमिटेडले दिएको प्रतिफल त्यही समयमा अन्य कम्पनीको तुलनामा सयौं गुणा बढी हुने गर्छ ।

पैरेटो सिद्धान्तले लगानीकर्तालाई गराउने सजगता र सुझाव भनेकै तपाईं त्यस्तो स्टकको खोजीमा लाग्नुहोस् जुन स्टक २० प्रतिशतभित्र परुन् । अर्थात् तपाईंसँग भएको ८० प्रतिशत शेयरले बराबर वा अझ बढी प्रतिफल २० प्रतिशत शेयरले दिइरहेको हुने गर्छ । तपाईंले त्यो २० प्रतिशतलाई चिनेर मात्रै आफ्नो लगानी गर्नु बढी बुद्धिमान हुने देखिन्छ । पैरेटोले भने जस्तै हामीले गर्ने लगानीको २० प्रतिशतले जुन लाभ दिन सक्छ ८० प्रतिशत लगानीले पनि नदिन सक्छ ।

पैरेटोले भने जस्तै २० प्रतिशत गतिविधिले दिने परिणाम ८० प्रतिशत कामले दिनेभन्दा उच्च हुन सम्भव छ भने लगानीमा पनि कयौं यस्ता अवसरहरु बजारमा हुने गर्छ, त्यसलाई पहिल्याउन जरुरत छ । चाहे व्यवसाय निमार्ण गर्ने कुरामा होस् वा पुँजी बजारमा लगानी गर्ने सवालमा हामीले त्यस्ता लाभदायक पारस पथर चिन्न सक्यौ भने आर्थिक सफलता सजिलै सम्भव देखिन्छ । यस्ता कयौं राष्ट्रिय र अन्तरराष्ट्रिय अवस्थाहरुलाई उदाहरणको रुपमा हामीले हेर्न सक्छौं, (जस्तै मेटा कम्पनी, क्रिप्टो करेन्सी, अमेजन, एप्पल र टिकटक कम्पनी आदि) जुन कम्पनी र त्यसको शेयरमा सुरुआती दिनमा जसले लगानी गरे ती लगानीकर्ताले सधैं अथाह लाभ पाइरहेका छन् ।

**पुजी बजारमा ८०/२० को नियम कसरी लागू गर्न सकिन्छ ?**

पैरेटो सिद्धान्तको मूल मर्म नै २० प्रतिशतबाट ८० प्रतिशत प्रतिफल आउने गर्छ भन्ने विश्वास हो । त्यसो हो भने हरेक लगानीकर्ताले यो सिद्धान्त थाहा पाएसँगै उसले लगानीमा बदल्नुपर्ने रणनीति भनेकै अब ८० प्रतिशतमा नभई २० प्रतिशतमा पर्ने कम्पनी र शेयरको खोजी गर्नु र त्यसैमा आफ्नो धन लगाउनु हो । 'कमन स्टक अनकमन प्रोफिट'का लेखक फिलिप फिसरले भने जस्तै "शेयरहरु हेर्दा उस्तै देखिएता पनि त्यसले दिने प्रतिफल भने फरक हुने गर्दछ ।" मात्रै लगानीकर्ताले आफ्नो ज्ञान, योग्यता, क्षमता, पुँजी र समयमा सुहाउँदो शेयर खोज्न सक्ने हो भने मल्टिब्यागर स्टक पाउने निश्चित छ ।

अन्त्यमा तपाईंको लगानीलाई बढी प्रतिफलमुखी र उच्च सम्पत्ति सिर्जना गर्ने बजाउन थप अध्ययन, अनुसन्धान, विश्लेषण र मूल्याङ्कन गरी अवसर खोज्ने बानीको विकास गर्न आवश्यक छ । आफ्नो लगानीलाई तुच्छ बहुमत ८० प्रतिशतबाट महत्वपूर्ण अल्पमत २० प्रतिशतमा सार्न सक्नु नै लगानी सफलताको मुख्य आधार हो । लगानीकर्ताले अब नअमल्ली पैरेटो सिद्धान्तले देखाएको प्रतिफलमुखी बाटोमा आफ्नो लगानीका पाइलालाई अगाडि बढाउन सक्नुपर्छ । यसबाट लगानीमा सफलता भेटाउन सकिन्छ । (लेखक पुँजी बजारका अध्ययता हुनुहुन्छ)

# मन्त्री तामाङद्वारा भरतपुर आँखा अस्पतालको अनुगमन



चितवन । बागमती प्रदेशका स्वास्थ्य तथा सामाजिक विकासमन्त्री गिरबहादुर तामाङले मंगलबार भरतपुर आँखा अस्पतालको अनुगमन गर्नुभएको छ।

अनुगमनका क्रममा मन्त्री तामाङले त्यहाँ उपचाररत बिरामीसँग भलाकुसारी गर्नुभएको थियो । पर्साको ठोरीमा सञ्चालित आँखा अस्पतालमा उपचारका लागि आएका भारतीय बिरामी थप उपचारका लागि भरतपुर आएकाबारे उहाँले चासो लिनुभएको थियो । ठोरीमा मोतियाबिन्दु र आँखामा पलाएका मासुको शल्यक्रिया बाहेकका शल्यक्रियाका लागि थप उपचारका लागि भरतपुर आउने गर्दछन् । उहाँहरुले मन्त्री तामाङसँग कुरा गर्दै आफूहरु आँखाको उपचार गर्न नेपाल आउने गरेका बताउनुभयो । अस्पतालको सेवा राम्रो भएको उहाँहरुको प्रतिक्रिया थियो ।

नेपाल नेत्रज्योती सङ्घ चितवनले सञ्चालन गरेका आँखा अस्पताल र उपचार केन्द्र गरी २५ स्थानबाट सेवा दिँदै आएको छ । वार्षिक १३ हजारको हाराहारीमा भारतीय बिरामी भरतपुर आँखा अस्पताल र त्यस मातहतका केन्द्रमा उपचारका लागि आउने गरेका छन् ।

मन्त्री तामाङले अस्पताल निरीक्षणपछि नेपाली मात्र नभएर भारतीय बिरामीको उपचार केन्द्र बनेकामा प्रसन्नता व्यक्त गर्नुभयो । बागमती प्रदेश सरकार र आँखा अस्पतालसँग सहकार्य गरेर आँखा उपचारमा लाग्नुपर्नेमा उहाँको जोड थियो । अस्पताल सञ्चालन भइरहेको जग्गा भरतपुर अस्पतालको नाममा भएकामा यसलाई सहजिकरण गरेर आँखा अस्पतालको नाममा हाल्न आफूले पहल गर्ने मन्त्री तामाङले बताउनुभयो।

हाल आँखा अस्पताल सञ्चालनमा रहेको जग्गा सङ्घीय सरकारले मन्त्रीपरिषद्बाट आँखा अस्पताललाई उपलब्ध गराउने निर्णय भए पनि लालपूर्जा आँखा अस्पतालले पाएको छैन । मन्त्री तामाङले आँखा उपचारमा सामुदायीक क्षेत्रबाट भएको योगदान प्रशंसनीय रहेको बताउनुभयो।

सो अवसरमा आँखा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष जयराम श्रेष्ठले चितवन र छिमेकी जिल्लाहरुमा आँखा उपचारमा योगदान पुऱ्याउँदै आएको मन्त्री तामाङलाई जानकारी दिनुभयो । सरकारी, गैरसरकारी र नीजि क्षेत्रको सहयोगमा अस्पतालले आम नागरिकलाई सेवा दिन सकेको उहाँको भनाइ छ। रासस

# सुरक्षा निकाय 'अलर्ट'

**टुडे समाचारदाता**

काठमाण्डु । उर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठले असोज ९ देखि ११ गते पूर्वानुमान गरिएको धेरैभन्दा धेरै वर्षाबाट उत्पन्न हुनसक्ने विपद्को पूर्वतयारी र पूर्वसूचनामा जुट्न निर्देशन दिएका छन् ।

पछिल्लो मौसम प्रणाली र सम्भावित जोखिमको अवस्थाबारे जानकारी लिन मंगलबार गृहमन्त्री सुधन गुरुङसहित जल तथा मौसम विज्ञान विभाग पुगेका मन्त्री श्रेष्ठले पूर्वतयारी र पूर्वसूचनामा एकीकृत रुपमा परिचालित हुन निर्देशन दिएका छन् ।

'पूर्वतयारी र पूर्वसूचनामा एकीकृत भएर उच्च समन्वयमा काम गर्नुस्', उनले मौसम विभागका अधिकारीलाई निर्देशन दिए। मन्त्री श्रेष्ठले गृहमन्त्री मातहतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको नेतृत्वमा एकीकृत समन्वय भई पूर्वतयारी र पूर्वसूचनामा विशेष ध्यान दिनुपर्ने बताए।

मन्त्री श्रेष्ठले यसपटक सरकारले पूर्वतयारी र पूर्वसूचना प्रणालीलाई विशेष जोड दिएको बताए । मन्त्री श्रेष्ठले कृषि, पर्यटन, यातायातलगायत सबै क्षेत्रलाई सतर्कता अपनाउन सरकारको तर्फबाट आह्वान गरे। 'सरकारको तर्फबाट अनुरोध गर्छु कि यात्रा गर्दा सुसूचित भएर गर्नुस् । चाँडबाँडको बेला छ । कही पनि यात्रा गर्नुअघि जानकारी लिएर गर्नुस्,' उनले भने। मन्त्री श्रेष्ठ सम्भावित क्षेत्रमा पूर्वतयारीका लागि उद्धारकर्मी र सुरक्षाकर्मी तयारी अवस्थामा रहेको बताए । रसुवाको भोटेकोशी बाढीबाट सिकेर यसपालि पूर्वतयारीलाई विशेष ख्याल गरिएको बताए।



विपद प्राधिकरणसँग तीनै तहको सरकारको बलियो समन्वय हुनुपर्ने उनको भनाइ थियो । 'विपद् प्राधिकरणले जिल्ला विपद् र स्थानीय तहसँग कोर्डिनेट गर्यो भने अझै राम्रो हुन्छ । कोर्डिनेसनहरु बेटर हुन्छ । प्रदेश सरकारसँग पनि गर्नुपर्छ,' उनले भने, 'सूचनाहरुलाई राम्रोसँग फ्लो गरिदिनुस् ।'

मन्त्री श्रेष्ठले भोटेकोशी बाढीबाट पाठ सिकेर ९ देखि ११ सम्मको अवधिमा सुसूचित भइदिन र आफ्ना प्रियजनलाई सतर्क गरिदिन तथा विपद् प्राधिकरणबाट जारी हुने सर्कुलेसन पालना गर्न अपिलसमेत गरे ।

गृहमन्त्री गुरुङले सरकार आवश्यक पूर्वतयारीमा जुटिसकेको पनि बताए । 'नदी तटीय क्षेत्रमा टिम मोबिलाइजेसनदेखि नागरिकलाई अलर्ट गराउने हिसाबले हामी प्लानिङमा छौं,' उनले भने, 'अवस्था के छ र के तयारी गर्नुपर्छ भन्ने सिलसिलामा हामीले ब्रिफिङ लिएका छौं ।'

तयारीका लागि दुई दिन बाँकी रहेको र सबै अलर्ट हुनुपर्ने उनको भनाइ थियो ।

मन्त्री गुरुङले सुरक्षा निकायलाई अलर्ट गरिएको, उद्धार सामग्री तयारी अवस्थामा राखिएको, स्थानीय सरकारमार्फत पूर्वसूचना प्रणालीलाई प्रवाह गरिएको बताए ।

उनले अब ट्रेकिङमा नजान र गएकाहरुलाई सुरक्षित ठाउँमा जान अनुरोध पनि गरे । मन्त्री गुरुङले विपद् कमाण्ड पोस्टमा सबै निकायको प्रतिनिधि रहेको भन्दै त्यहीबाट समन्वय गर्न निर्देशन दिए ।

विभागका महानिर्देशक डा. अर्चना श्रेष्ठलगायतले मन्त्रीद्वय श्रेष्ठ र गुरुङलाई सम्भावित विपद्को जोखिमबारे ब्रिफिङ गरेका थिए । पश्चिमी न्यून चापीय प्रणालीले पश्चिमी नेपालको गण्डकी, लुम्बिनी प्रदेश र सुदूरपश्चिमको तराई भूभागमा भारीदेखि धेरै भारी वर्षा हुने प्रक्षेपण उनीहरुले सुनाए ।

# प्रधानमन्त्रीको भ्रमणमा नेपालको जलवायु न्याय र राष्ट्रिय हितका विषय उठाउन सांसदको माग

काठमाण्डु । सांसदहरूले संयुक्त राष्ट्रसंघको महासभामा नेपालको शान्ति, सार्वभौमिकता, जलवायु न्याय, हिमाल संरक्षण, विपद् व्यवस्थापन र अन्तरराष्ट्रिय सहकार्यका विषय विश्वसामु प्रस्तुत गर्न प्रधानमन्त्री वालेन्द्र शाहलाई सुझाव दिनुभएको छ।

प्रतिनिधिसभाको विशेषमा भाग लिँदै उहाँहरूले महासभामा भाग लिने क्रममा प्रधानमन्त्रीले विपद् प्रभावितका लागि राहत तथा पुनःस्थापनामा सहयोग गर्न अन्तरराष्ट्रिय समुदायसँग अपिल गर्नुपर्ने धारणा राख्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद साजिदा खातुन सिद्धिकीले प्रधानमन्त्रीको भ्रमणमा अन्तरराष्ट्रिय समुदायसमक्ष नेपालको शान्ति, सार्वभौमिकता, जलवायु न्याय, हिमाल संरक्षण, विकासको आधारलगायतका विषय प्रस्तुत गर्नुपर्ने बताउनुभयो।

नेपाली काँग्रेसका सांसद सुशीला ढकाल (आचार्य) ले महासभामा सम्बोधन गर्दा प्रधानमन्त्रीले जलवायु परिवर्तनको असरबाट उत्पन्न पीडा विश्वसामु प्रमाणसहित राख्न सुझाव दिनुभयो । उहाँले अन्तरराष्ट्रिय सहयोगको कुरा गरिरहँदा देशभित्र प्रभावितको राहत र पुनःस्थापनाप्रति समेत जिम्मेवारी स्पष्ट हुनुपर्नेमा जोड दिनुभयो।



रास्वपाका सांसद सुष्मा स्वर्णकार (डिम्पल) ले प्रधानमन्त्रीको भ्रमण फलदायी र उपलब्धिमूलक हुने अपेक्षा गर्दै जलवायु न्यायका सन्दर्भमा नेपालको हिमालको आवाज तथा सीमान्तकृत समुदायलगायत विषय सम्बोधन गर्न माग गर्नुभयो।

नेपाली कम्युनिष्ट पार्टीका सांसद निराशा चौधरी (डगौरा) ले कञ्चनपुरमा वन्यजन्तुबाट भइरहेको जनधनको क्षतितर्फ ध्यानाकर्षण गराउँदै दीर्घकालीन योजना बनाउन तथा वन्यजन्तु आरक्षण क्षेत्रका स्थानीयले भोग्दै आएको समस्या समाधान गर्न माग गर्नुभयो।

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का सांसद रिमा विश्वकर्माले बलात्कार र हत्याजस्ता अपराधमा मृत्युदण्ड दिनुपर्ने आवाज उठिरहेका बेला त्यसको वैज्ञानिक आधार नभेटिएको बताउँदै अन्तरराष्ट्रिय अभ्यासबारे चर्चा गर्नुभयो। उहाँले अपराध न्यूनीकरणका लागि विद्यमान कानुनको प्रभावकारी कार्यान्वयनसँगै राज्य संयन्त्र र समाज पनि उत्तिकै जिम्मेवार बन्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

रास्वपाका सांसद श्रद्धा कुँवर क्षेत्रीले चाडपर्व सुरु हुन लाग्दा दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धिले जनता मारमा परेको बताउनुभयो। उहाँले बजार अनुगमन तीव्र बनाउन तथा सुपथ मूल्य केन्द्र सञ्चालनमा ल्याउन आग्रह गर्नुभयो।

रास्वपाका सांसद समीक्षा बाँस्कोटाले सुरक्षित मातृत्व र प्रजनन सुरक्षाको हक कार्यान्वयन गर्न तथा यससम्बन्धी कार्यक्रम प्रभावकारी बनाउन माग गर्नुभयो । रास्वपाका सांसद कृपा महर्जनले नेवार समुदायको पर्व यैँयाः पुन्हि (इन्द्रजात्रा) को संरक्षणका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

रास्वपाका सांसद विना गुरुङले सवारी चालक अनुमतिपत्र नवीकरणका क्रममा भोग्दै आएको प्रक्रियागत झन्झट र कार्यालयको लापरबाहीका कारण नागरिकले सास्ती भोगिरहेकातर्फ ध्यानाकर्षण गराउनुभयो।

रास्वपाका सांसद डा ओजस्वी शेरचनले शिक्षा तथा खेलकुद मन्त्रालयको ध्यानाकर्षण गराउँदै तत्काल देशभरका सबै विश्वविद्यालय र पेशागत परिषद्बीच प्रभावकारी समन्वय गरी एकीकृत रूपमा शैक्षिक पात्रो लागू गर्न सुझाव दिनुभयो।

रास्वपाका सांसद सुजाता तामाङले विश्व मञ्चबाट जलवायु जोखिम घटाउन विश्व समुदायलाई दबाब दिनुपर्ने बताउनुभयो । उहाँले भविष्यमा विपद्बाट हुने क्षति न्यूनीकरणका लागि विकास ढाँचा र जमिनको पुनःउत्थान एवं समुदायको सामाजिक-सांस्कृतिक पक्षलाई समेत ध्यानमा राखेर पुनःस्थापना गर्नुपर्नेमा जोड दिनुभयो।

रास्वपाका सांसद मञ्जु भुसालले सार्वजनिक खरिद प्रक्रियाबारे टिप्पणी गर्दै इलेक्ट्रोनिक सरकारी खरिद प्रणालीमा देखिएको समस्या सुधार गरी सञ्चालनमा ल्याउनुपर्ने बताउनुभयो।

रास्वपाका सांसदहरू ज्ञानेन्द्रसिंह महता र सांसद सुशील खड्काले राष्ट्रिय सुरक्षामा खतरा सिर्जना गर्न सक्ने भन्दै भूराजनीति सङ्कटलाई व्यवस्थित गर्न एकीकृत राष्ट्रिय सुरक्षा नीति आवश्यकता औँल्याउनुभयो। रासस

# नेकपाको महाधिवेशन टऱ्यो

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टी(नेकपा) को हुने भनिएको मंसिरमा महाधिवेशन टरेको छ । महाधिवेशन टरेसंगै दुई महिने जनअभियान सञ्चालन गर्ने भएको छ । मंगलबार पार्टी मुख्यालयमा बसेको कार्यसंयोजन समितिको बैठकले असोज १५ देखि मंसिर १५ गतेसम्म जनअभियान सञ्चालन गर्ने निर्णय गरेको प्रवक्ता प्रकाश ज्वालाले जानकारी दिए।



उनले भने, 'यो अभियानमा केन्द्रदेखि गाउँ-गाउँ, टोल-टोल र जनताको घरदैलोसम्म पुग्छौं। त्यसको विस्तृत कार्ययोजना अब दशैं अगाडि बस्ने सचिवालय बैठक गर्नेछ।'

यसअघि मंसिरमा महाधिवेशनको कार्यतालिका ल्याएपनि अब नयाँ ढङ्गले जाने निर्णय भएको बताए । देशमा परेको विपद्पछि कार्यतालिका कार्यान्वयनमा बाधा परेको प्रवक्ता ज्वालाले बताए।

अब बस्ने सचिवालय बैठकले महाधिवेशनबारे निर्णय गर्ने बताउँदै उनले अब हुने महाधिवेशनले नीति, विधि र नेतृत्वको पनि टुंगो गर्ने बताए।


मधेश प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

## कृषि ज्ञान केन्द्र

गौर, रौतहट

## प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः– २०८३/०६/०७)

यस कृषि ज्ञान केन्द्र, रौतहटको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार संघीय सशर्त अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२" को अधीनमा रही रौतहट जिल्लाका कृषि व्यवसाय एवम् सहकारी सम्बन्धी संलग्न इच्छुक कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म/उद्यमी कृषकबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ दिनभित्र (मिति २०८३/०६/२७ गते) कृषि ज्ञान केन्द्र, रौतहट कार्यालयमा तपसिल अनुसारका कागजातहरु संलग्न राखी आवेदन सहित प्रस्ताव आह्वान गरिएको छ। यस सम्बन्धी थप जानकारीका लागि वेबसाइट akcrautahat.madhesh.gov.np वा फोन नं. ०५५-५२०००१/९८५५०४०१२९/९८५५०८७७५७ मा सम्पर्क गर्न सकिनेछ। थप रीत नपुगी वा म्याद नाघी आएका प्रस्तावहरु उपर कुनै कारबाही हुने छैन।

**कार्यक्रम सञ्चालनको लागि न्यूनतम मापदण्ड/प्रासंगिक विषयहरूः**

| क्र.स. | न्यूनतम मापदण्ड/प्रासंगिक विषय | कैफियत |
|---|---|---|
| १ | खुला जमिनमा प्राङ्गारिक कृषि उत्पादन (Open field cultivation) कार्यक्रम | एकल फर्म भए कम्तिमा ७.५ कठ्ठा जमिन र सहकारी वा समूहमार्फत कम्तिमा ९० कठ्ठा जमिनमा तोकिए बमोजिम खेती गर्नुपर्नेछ। क्लष्टरमा धेरै जमिनमा उत्पादन गर्ने प्रस्ताव गर्ने फर्म, समूह, सहकारीलाई प्राथमिकता दिइनेछ। |
| २ | संरक्षित संरचनामा प्राङ्गारिक कृषि उत्पादन कार्यक्रम | प्राङ्गारिक खेती गर्न बनाइएका प्राविधिक स्पेशिफिकेशन बमोजिमका पुराना संरचनाहरु सुधार तथा तोकिए बमोजिम नयाँ संरचना निर्माणमा अनुदान सहयोग उपलब्ध गराइने। |
| ३ | नमूना प्रदर्शन कार्यक्रम | न्यूनतम ९० कठ्ठाको एक क्लस्टरमा कृषक समूह/सहकारी/कृषि फर्म/कृषि कम्पनीको लागत साझेदारीमा तोकिए बमोजिमका क्रियाकलाप सञ्चालन गरिने। छनौट गरीने कृषक समूह वा सहकारीका सदस्यहरू मध्ये पशुपालन गरेको सदस्यलाई प्राथमिकता दिइनेछ। |

**आवश्यक कागजातः**

१. कार्यालयले तोकेको ढाँचा बमोजिम आवेदन र प्रस्तावना।
२. सम्बन्धित कृषक समूह/संस्था/फर्म को दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
३. समूह/संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रतिलिपि र गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
४. कृषि सहकारी/निजी उद्यमी/कम्पनीको हकमा गत आ.व.को लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि।
५. स्थानीय तहको कृषि विकास शाखा वा सम्बन्धित वडाको सिफारिस।
६. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन)को स्वामित्व खुल्ने जग्गाधनी पुर्जाको प्रतिलिपी, सो पुर्जाको गत आ.व.को मालपोत तिरेको रसिदको प्रतिलिपी र जग्गाधनीको नागरिकता वा भाडाको जग्गामा खेती भएमा ५ वर्ष र स्थायी संरचनाको लागि कम्तिमा १० वर्षको सम्झौतानामा।
७. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्र र समूह/संस्थाको हकमा बैठक निर्णयको प्रतिलिपि।
८. आवेदकले दोहोरो पर्ने गरी यसै प्रकृतिको लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्व-घोषणा पत्र।
९. प्रतिबद्धता पत्र।
१०. आयोजना सम्बन्धी अन्य आवश्यक कागजातहरु।

**नि. कार्यालय प्रमुख**


# प्रतिनिधिसभाः उद्धार कार्य प्रभावकारी बनाउन सांसदको माग



काठमाण्डु। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का संसदीय दलका नेता ज्ञानबहादुर शाहीले रसुवाको भोटेकोशी बाढीमा परेका नागरिकको उद्धार कार्य प्रभावकारी बनाउन सरकारसँग माग गर्नुभएको छ।

प्रतिनिधिसभाको विशेष समयमा बोल्दै सांसद शाहीले सरकारले सुरुङभित्र फसेका व्यक्तिको बेलैमा उद्धार गरेको भए जीवितै उद्धार गर्न सकिने अवस्था थियो भन्नुभयो । तर, उद्धारमा ढिलाइका कारण शव मात्रै निकाल्नु परेको उहाँले गुनासो गर्नुभयो। राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का सांसद यज्ञमणी न्यौपानेले अदालत र न्यायलय पनि अब विधिमा चल्नुपर्छ भन्दै न्यायपालिकाको पुनःसंरचना आवश्यक भएको बताउनुभयो । समय सापेक्ष न्यायालय बनाउनेमा जोड दिर्दै उहाँले न्यायाधीशको सम्पत्ति छानबिन गर्न आग्रह गर्नुभयो।

नेपाली कांग्रेसका मदनकृष्ण श्रेष्ठले हवाई सुरक्षाको विषयमा कुनै पनि सम्झौता गर्न नसकिने बताउदै नेपाल वायु सेवा निगमलाई व्यवस्थीत बनाउनेतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो। रासस

# परराष्ट्र मन्त्रालयमा 'जलवायु कूटनीतिक शाखा' स्थापना

**टुडे समाचारदाता**

काठमाण्डु । विश्वव्यापी जलवायु परिवर्तनको प्रभावलाई अन्तर्राष्ट्रिय कुटनीतिक बहसमा प्रभावकारी रूपमा उठाउन परराष्ट्र मन्त्रालयले मंगलबार 'जलवायु कुटनीतिक शाखा' स्थापना गरेको छ।

जलवायु परिवर्तन र यसले पारेको प्रभावले नेपालको संस्कृति, सभ्यता र अस्तित्वमै चुनौती देखिएकोले जलवायु कुटनीतिलाई प्रभावकारी बनाउन तथा जलवायु प्रतिकार्यका लागि शाखा स्थापना गरिएको मन्त्रालयका प्रवक्ता लोकबहादुर क्षेत्रीले जानकारी दिए।

उनले शाखाले कुटनीतिसँगै जलवायुजन्य विपद्को मूल्यांकन तथा वैज्ञानिक तथ्य र तथ्यांक संकलनको कार्य समेत समानान्तर रुपमा गर्ने बताए । उनले जनाए अनुसार जलवायु कुटनीतिसँग सम्बन्धित विषयमा आवश्यक समन्वय गर्ने, जलवायु परिवर्तन तथा त्यसका प्रभावबारे संस्थागत रूपमा काम गर्ने र जलवायु प्रतिकार्यका गतिविधिलाई प्रभावकारी रूपमा अघि बढाउने भएको छ।



प्रवक्ता क्षेत्रीले जलवायुजन्य विपद्को डेटा संकलनको लागि शाखाले नेपालमा रहेको जलवायुसम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने निकायहरुसँग समेत समन्वय गर्ने भएको छ।

जलवायु परिवर्तन र त्यसका प्रभावका विषयमा विभिन्न मन्त्रालय तथा निकायबाट भइरहेका कामलाई समन्वय गरी एकद्वार प्रणालीबाट अघि बढाउन शाखा स्थापना उनले बताए । उनले संयुक्त राष्ट्रसंघ तथा विशिष्टीकृत संघसंस्था महाशाखाअन्तर्गत रहने गरी उक्त शाखा खडा गरिएको पनि बताए। रासस

# एल निनोले खाद्य सुरक्षामा जोखिम बढाउँदै

एएफपी । यस वर्षको एल निनो हालसम्मकै शक्तिशाली बन्ने अनुमानसँगै एसियाका विभिन्न भागमा खडेरी गम्भीर बन्ने तथा पानीको अभाव र डढेलोको जोखिम बढ्ने देखिएको छ । यसको असर धान, पाम तेल र माछालगायत खाद्य उत्पादनमा परे विश्वभर खाद्यान्नको मूल्य बढ्न सक्ने चेतावनी दिइएको छ।

एल निनो प्रशान्त महासागरको समुद्री सतहको तापक्रम सामान्यभन्दा बढी हुने प्राकृतिक जलवायु चक्र हो । यसले विश्वका विभिन्न क्षेत्रमा खडेरी, उष्ण लहर, बाढीलगायत चरम मौसमी घटना निम्त्याउने गर्छ । यस वर्ष एल निनो डिसेम्बरमा उत्कर्षमा पुग्ने र गरेको बताउनुभयो।

मेकोङ नदीमा पानीको बहाव घट्दा माछा मार्ने र खेती गर्ने समुदाय थप समस्यामा परेका छन्। कम वर्षा र बढ्दो तापक्रमले यस क्षेत्रको महत्त्वपूर्ण प्रोटिन स्रोत माछा उत्पादनमा दबाब बढाएको छ । नेभाडा विश्वविद्यालयका अनुसन्धानकर्ता जेब होगनले अवस्थालाई 'एकपछि अर्को मुक्का' जस्तो भएको बताउनुभयो।

धान उत्पादनमा कमी आए विश्व बजारसमेत प्रभावित हुन सक्छ । भारत, भियतनाम र थाइल्यान्ड विश्वका प्रमुख चामल निर्यातक हुन् र यी देश एल निनोबाट प्रभावित हुने अनुमान गरिएको छ। इन्डोनेसिया



यसको प्रभाव सन् २०२७ सम्म रहन सक्ने अनुमान गरिएको छ। र मलेसियामा पनि पाम तेल उत्पादन जोखिममा परेको छ । यी दुई देशले विश्वको करिब ८५ प्रतिशत पाम तेल आपूर्ति गर्छन् ।

विश्व खाद्य कार्यक्रमका अनुसार एल निनोका कारण सन् २०२७ को अन्त्यसम्म कम्तीमा चार करोड ९० लाख मानिस थप तीव्र खाद्य असुरक्षामा पर्न सक्छन् । मध्य अमेरिका र दक्षिणी अफ्रिकाका साथै पूर्वी अफ्रिका तथा दक्षिण र दक्षिणपूर्वी एसिया पनि प्रभावित हुने चेतावनी दिइएको छ । अमेरिकी राष्ट्रिय समुद्री तथा वायुमण्डलीय प्रशासनले सन् १९५० यता अभिलेख राख्न थालिएपछि यसपटककै शक्तिशाली एल निनो बन्ने सम्भावना ६९ प्रतिशत रहेको जनाएको छ।

दक्षिणपूर्वी एसियामा यसको प्रभाव देखिन थालिसकेको छ । इन्डोनेसियाका जङ्गल तथा पिटभूमिमा डढेलो फैलिएको, जकार्तालाई पानी आपूर्ति गर्ने जलाशयको सतह घटेको र माछा उत्पादन प्रभावित भएको छ । इन्डोनेसियाको मौसम तथा वातावरण अनुसन्धान केन्द्रकी एर्मा युलिहास्टिनले एल निनोले 'अत्यधिक प्रभावको चरण' सुरु

एसियाली सरकारहरू युद्धका कारण बढेको इन्धन तथा मलको मूल्य र आपूर्ति समस्यासँग जुधिरहेका बेला एल निनोको थप दबाब सामना गर्नुपर्ने अवस्थामा छन् । एचएसबीसी ग्लोबल इन्भेस्टमेन्ट रिसर्चका अनुसार विगतका शक्तिशाली एल निनोबाट खर्बौं डलर बराबरको आर्थिक क्षति भएको थियो । गोल्डम्यान स्याक्सका विश्लेषकहरूले यसपटक विश्वव्यापी खाद्य वस्तुको मूल्य १५ प्रतिशतभन्दा बढी बढ्न सक्ने अनुमान गरेका छन् ।

संयुक्त राष्ट्रसङ्घीय अधिकारी करेफ रफिसुराले कृषि उत्पादनमा आउने कमीले गरिबीको रेखामुनि रहेका मानिसलाई थप प्रभावित पार्न सक्ने बताउनुभयो । उहाँका अनुसार दक्षिणपूर्वी एसियाली देशले आफ्नो खाद्य उत्पादन जोगाउन सक्ने क्षमताले क्षेत्रीय मात्र नभई विश्व खाद्य बजारमा समेत प्रभाव पार्नेछ।

# विदेशी स्टारको सहभागिताले बढ्दैछ एनपिएलको दायरा

काठमाण्डु । नेपाल प्रिमियर लिग (एनपिएल) को पहिलो र दोस्रो संस्करणले नेपाली क्रिकेटमा फ्रेन्चाइज क्रिकेटको आधार तयार गऱ्यो । अब तेस्रो संस्करणतर्फ अघि बढ्दै गर्दा लिगको महत्वपूर्ण पक्ष विदेशी खेलाडीको सहभागिता बन्न पुगेको छ।

विदेशी खेलाडी एनपिएलमा जोडिनु नौलो कुरा नभए पनि अन्तरराष्ट्रिय क्रिकेटमा स्थापित र दर्शकमाझ परिचित स्टारको संख्या बढ्दै जाँदा त्यसको प्रभाव लिगमा बढिरहेको छ। लिगको टोलीहरूबीच पनि चर्चित खेलाडीलाई भित्र्याउन तीव्र प्रतिस्पर्धा भइरहेको छ।

अनुभवी विदेशी खेलाडीको आगमनले नेपाली खेलाडीले उनीहरूबाट सिक्ने अवसर, लिगको अन्तरराष्ट्रिय बजार, दर्शकको आकर्षण र फ्रेन्चाइजको व्यावसायिक मूल्यमा समेत यसको प्रभाव परेको क्यानका सचिव पारस खड्काले बताउनुभयो। उहाँ विदेशी चर्चित खेलाडी आउँदा एनपिएल मात्र नभइ नेपालको पर्यटनमै सहयोग पुगिरहेको बताउनुहुन्छ।

"विदेशी खेलाडी एनपिएलमा जोडिँदा क्रिकेट मात्र नभई नेपालको पर्यटनमा समेत ठूलो सहयोग पुगिरहेको छ । विगत संस्करणमा जोडिनुभएका स्टार खेलाडीका कारण क्रिकेटसँगै यहाँको पर्यटनको चर्चा पनि भएको थियो । धेरै विदेशी खेलाडीले नेपालको प्रसिद्ध ठाउँहरूको तस्बिर भिडियो सामाजिक सञ्जालमा राख्नुभएको थियो । त्यसले गर्दा नेपालको पर्यटनले अन्तरराष्ट्रियस्तरमै चर्चा पाएको विश्वास छ", सचिव खड्काले राससँग भन्नुभयो, "यसपालि पनि चर्चित विदेशी खेलाडी जोडिनेक्रम जारी छ । उनीहरूको आगमनले लिगले उचाइ पाउनुका साथै नेपालको अर्थतन्त्रमा पनि सहयोग पुग्नेछ।"

चर्चित विदेशी खेलाडीसँग एउटै टोलीमा रहेर खेल्ने अवसरले नेपाली युवा खेलाडीलाई खेल कौशलसँगै मानसिकरूपमा पनि बलियो बनाउनसक्ने उहाँको बुझाइ छ । अन्तराष्ट्रिय क्रिकेटमा स्थापित खेलाडीको प्रशिक्षण शैली, खेलप्रतिको अनुशासन, तयारी र मैदानमा दबाब सामना गर्ने तरिका नेपाली खेलाडीका लागि प्रत्यक्ष सिकाइको माध्यम बन्नसक्ने खड्का बताउनुहुन्छ।

आफूले लामो समयदेखि आदर्श मानेका खेलाडीसँग एउटै 'ड्रेसिङ रुम' मा बस्नु र मैदानमा सँगै उत्रिनु युवा खेलाडीका लागि महत्वपूर्ण अनुभव हुने उहाँको भनाइ छ। यस्ता अवसरले नयाँ खेलाडीको आत्मविश्वास बढाउन तथा आफूले खेल्दै आएको क्रिकेटलाई अझ फराकिलो दृष्टिले बुझ्न सहयोग पुग्ने खड्का बताउनुहुन्छ । "आफूले आदर्श मानेका खेलाडीसँगै ड्रेसिङ रुम सेयर गर्न पाउनु युवा खेलाडीका लागि ठूलो उपलब्धि हो, जसलाई सानैदेखि मैदानमा देखियो, उही खेलाडी आफ्नै मैदानमा खेलेको



देख्दा युवा खेलाडीमा हौसला अवश्य नै बढ्छ", राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तानसमेत रहनुभएका खड्काले भन्नुभयो।

विदेशी खेलाडीबाट प्राप्त हुने यस्तो अनुभव खेल सकिएसँगै समाप्त नहुने खड्काको बुझाइ छ । एउटै टोलीमा रहेर अभ्यास र खेल खेल्दा नेपाली खेलाडीले उनीहरूको व्यावसायिकता, समय व्यवस्थापन, 'फिटनेस'प्रतिको ध्यान तथा खेलअघि र खेलपछि गरिने तयारीलाई नजिकबाट नियाल्न पाउने गरेको क्यानका म्यानेजर विनोद दास बताउनुहुन्छ।

अष्ट्रेलियाका विश्वकप विजेता खेलाडी डेविड वार्नरको आगमनले नेपालका युवा खेलाडीलाई थप सहयोग पुग्ने पनि उहाँ बताउनुहुन्छ । "वार्नरको अनुभव र खेल्ने शैलीबाट नेपाली खेलाडीले प्रत्यक्षरूपमा धेरै कुरा सिक्न पाउने छन् । यसले एनपिएलको स्तर र अन्तरराष्ट्रिय ध्यानसमेत बढाउन मद्दत गर्नेछ", नेपालको यू-१९ टोलीका पूर्वप्रशिक्षकसमेत रहनुभएका दासले भन्नुभयो, "विश्वस्तरीय खेलाडीलाई आफ्नै मैदानमा खेलेको हेर्न पाउनु नेपाली युवा खेलाडीका लागि ठूलो प्रेरणा हो । यसले उनीहरूलाई अझ मेहनत गर्न उत्साहित गर्नेछ।"

लगातार स्टार खेलाडी जोडिँदा एनपिएलले अन्तरराष्ट्रिय क्रिकेटमा थप चर्चा पाउने पनि उहाँको विश्वास छ । "वार्नरजस्ता विश्व क्रिकेटका स्टार नेपालमा आएर खेल्नु आफैँमा उपलब्धि हो । उहाँको नेपाल आगमनले एनपिएलको ब्रान्ड बढ्नेछ", नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तानसमेत रहनुभएका दासले भन्नुभयो, "वार्नरको उपस्थितिले एनपिएलप्रति दर्शक र क्रिकेट समर्थकको आकर्षण अझ बढ्नेछ । उहाँहरू जस्ता चर्चित खेलाडीको सहभागिताले प्रतियोगिताको प्रतिस्पर्धात्मक वातावरण पनि बलियो बनाउनेमा आशावादी छौं।"

उहाँले काठमाण्डु गोर्खाजमा वार्नरको अनुबन्धले अन्य चर्चित विदेशी खेलाडीलाई समेत एनपिएलमा सहभागी हुन आकर्षित गर्ने वातावरण बन्नेसमेत बताउनुभयो। "वार्नरजस्ता विश्वस्तरीय खेलाडी नेपाल आएर एनपिएल खेल्दा अन्य चर्चित विदेशी खेलाडीलाई पनि नेपालमा आएर क्रिकेट खेल्न सकारात्मक वातावरण बनाउन सहयोग गर्नेछ । विश्व क्रिकेटका आइकन मानिने खेलाडी नेपाल आएर खेल्न थालेपछि एनपिएलप्रति विदेशी खेलाडीको विश्वास र आकर्षण बढ्न सक्छ । त्यसले आगामी दिनमा अझ स्तरीय विदेशी खेलाडीलाई एनपिएलमा ल्याउने बाटो सहज बनाउनेछ", दासले भन्नुभयो । एनपिएलमा विदेशी खेलाडीको सहभागिताले नेपाली क्रिकेटलाई नयाँ अनुभव र अवसर थपिरहेको नेपाली राष्ट्रिय टी-२० टोलीका कप्तान दीपेन्द्र सिंह ऐरीको बुझाइ छ। अन्तरराष्ट्रियस्तरमा खेलिसकेका स्टारसँग एउटै प्रतियोगितामा प्रतिस्पर्धा गर्दा नेपाली खेलाडीले उनीहरूको खेल्ने शैली, तयारी र अनुभवबाट सिक्ने अवसर पाउने उहाँको भनाइ छ । विदेशी खेलाडीको उपस्थितिले नेपाली खेलाडीलाई उच्चस्तरको क्रिकेटमा आफूलाई परीक्षण गर्ने वातावरणसमेत तयार हुने ऐरी बताउनुहुन्छ।

उहाँका अनुसार विदेशी खेलाडीको सहभागिताले एनपिएलको प्रतिस्पर्धात्मक स्तर बढाउनुका साथै नेपाली क्रिकेटप्रतिको बाह्य चासो बढाउन पनि सहयोग पुग्न सक्छ । "विदेशी खेलाडी आउँदा नेपाली क्रिकेटलाई एकदमै राम्रो भइरहेको छ । उहाँहरू आउँदा नेपाली क्रिकेटको स्तर बढिरहेको छ। विदेशी खेलाडीहरूसँग खेल्दा नेपाली खेलाडीले धेरै कुरा सिक्ने अवसर पाउँछन् र त्यसले नेपाली क्रिकेटलाई अगाडि बढाउन सहयोग गर्छ", एनपिएल टोली सुदूरपश्चिम रोयल्सका कप्तानसमेत रहनुभएका ऐरीले भन्नुभयो।

**एनपिएल-३ खेल्ने ५ चर्चित विदेशी खेलाडी**

डेविड वार्नर (अष्ट्रेलिया): अष्ट्रेलियाका आक्रामक ब्याटर वार्नरले अन्तरराष्ट्रिय क्रिकेटमा लामो समय प्रभाव जमाउनुभएको खेलाडी हुनुहुन्छ। उहाँ अष्ट्रेलियाले सन् २०१५ र २०२३ मा एकदिवसीय विश्वकप जित्दा टोलीका महत्वपूर्ण सदस्य हुनुहुन्थ्यो। टेष्ट, एकदिवसीय र टी-२० तीनै स्वरूपमा उत्कृष्ट प्रदर्शन गर्नुभएका वार्नरले विश्वका विभिन्न फ्रेन्चाइज लिगमा पनि खेलिसक्नुभएको छ।

उहाँको अनुभव र आक्रामक ब्याटिङ एनपिएलका लागि आकर्षणको विषय बनेको छ। वार्नरले हालसम्म अन्तराष्ट्रिय क्रिकेटमा कुल १८ हजार ९९५ रन बनाउनुभएको छ । उहाँसँग व्यावसायिक क्रिकेट खेलेको पनि लामो अनुभव छ । वार्नरले इन्डियन प्रिमियर लिग (आइपिएल), पाकिस्तान सुपर लिग (पिएसएल), बिग बास लिग (बिबिएल), क्यारेबियन प्रिमियर लिग (सिपिएल), बङ्गलादेश प्रिमियर लिग (बिपिएल) सहित एक दर्जनजति प्रतिष्ठित लिग खेलिसक्नुभएको छ। ती लिगहरूमा उहाँको क्रिकेटर करिअर उत्कृष्ट रह्यो । अब ३९ वर्षीय वार्नर नेपाल प्रिमियर लिग (एनपिएल) मा पनि आफ्नो सानदार प्रदर्शन गर्न चाहनुहुन्छ।

शाकिब अल हसन (बङ्गलादेश): एनपिएल-३ खेल्ने अर्का चर्चित विदेशी खेलाडी हुनुहुन्छ बङ्गलादेशका पूर्वकप्तान शाकिब अल हसन । उहाँ पोखरा एभेन्जर्सबाट एनपिएल खेल्ने तयारीमा हुनुहुन्छ। विश्व क्रिकेटमा स्थापित अलराउन्डरको सूचीमा शाकिबको नाम पनि आउँछ।

बायाँहाते ब्याटिङसँगै बायाँहाते स्पिन बलिङ गर्ने उहाँले लामो समय बङ्गलादेशको राष्ट्रिय टोलीको नेतृत्वसमेत गर्नुभयो । शाकिबले बङ्गलादेशका लागि कुल १४ हजार ७३० रन बनाउनुभएको छ। साथै उहाँले पनि एक दर्जनजति विदेशी लिगको अनुभव हासिल गरिसक्नुभएको छ । अन्तराष्ट्रिय क्रिकेटसँगै विभिन्न फ्रेन्चाइज लिग खेलेको अनुभव बोक्नुभएका शाकिबको उपस्थितिले पोखरा एभेन्जर्सलाई अनुभव थप्नेछ।

जिमी निसम (न्युजिल्याण्ड): एनपिएलको तेस्रो संस्करणमा देखिने अर्का चर्चित खेलाडी हुनुहुन्छ, न्युजिल्यान्डका अलराउन्डर जिमी निसम । उहाँ लगातार तेस्रोपटक एनपिएल खेल्ने तयारीमा हुनुहुन्छ। निसमले अघिल्लो दुई सिजन फरक-फरक टोलीबाट एनपिएलमा सहभागिता जनाउनुभएको थियो। आसन्न संस्करणमा उहाँ पुनः जनकपुर बोल्ट्समा फर्किनुभएको छ । नीशमले पहिलो सिजनमा जनकपुरलाई उपाधि दिलाउन अहम् योगदान दिनुभएको थियो।

उहाँ लामो समयदेखि अन्तरराष्ट्रिय क्रिकेटमा सक्रिय हुनुहुन्छ। ब्याटिङ र बलिङ दुवैमा योगदान दिनसक्ने नीसमले विश्वका विभिन्न टी-२० फ्रेन्चाइज प्रतियोगितामा समेत खेलिसक्नुभएको छ। दबाबपूर्ण अवस्थामा आक्रामक ब्याटिङ गर्न सक्ने उहाँको क्षमतालाई टोलीका लागि महत्वपूर्ण मानिन्छ । ३६ वर्षीय निशमले हालसम्म अन्तराष्ट्रिय क्रिकेटमा तीन हजार ३०९ रन बनाउनुका साथै १४९ विकेट लिनुभएको छ। उहाँले एक दर्जनभन्दा बढी विदेशी लिग खेलिसक्नुभएको छ । रवि बोपारा (इङ्ल्याण्ड): एनपिएल २०२६ मा देखिनुहुने अर्का चर्चित विदेशी खेलाडी हुन्छ, इङ्ल्याण्डका अनुभवी अलराउन्डर बोपारा। उहाँ लगातार तेस्रोपटक चितवन राइनोजबाट एनपिएल खेल्दै हुनुहुन्छ। बोपारासँग पनि पनि अन्तरराष्ट्रिय क्रिकेटसँगै विश्वका विभिन्न टी-२० फ्रेन्चाइज प्रतियोगिताको लामो अनुभव छ।

ब्याटिङ र मध्यम गतिका बलिङबाट योगदान दिनसक्ने बोपारा विशेषगरी फ्रेन्चाइज क्रिकेटमा अनुभवी खेलाडीका रूपमा परिचित हुनुहुन्छ। ४१ वर्षीय बोपाराले इङ्ल्याण्डका लागि कुल तीन हजार ९८१ रन बनाउनुका साथै ५७ विकेट लिनुभएको छ । उहाँले झण्डै एक दर्जनजति विदेशी लिग खेल्नुभएको छ। बोपाराको अनुभव चितवन राइनोजका लागि उपयोगी हुनसक्ने अपेक्षा गरिएको छ।

# पूर्वी युक्रेनमा रुसी आक्रमणबाट चार जनाको मृत्यु



एएफपी । पूर्वी युक्रेनको निप्रो सहरमा रुसी आक्रमणमा परी कम्तीमा चार जनाको मृत्यु भएको स्थानीय अधिकारीले मङ्गलबार बताएका छन् । राष्ट्रपति भोलोदिमिर जेलेन्स्की संयुक्त राष्ट्रसङ्घको महासभामा सहभागी हुन न्युयोर्कमा रहेका बेला आक्रमण भएको हो।

निप्रोपेट्रोभस्क क्षेत्रीय गभर्नर ओलेक्सान्डर गान्झाका अनुसार रुसी सेनाले राति निप्रोका चार जिल्लामा मिसाइल, ड्रोन र तोपखानाबाट आक्रमण गरेको थियो । आक्रमणमा गोदाम र एउटा व्यापारिक प्रतिष्ठानमा क्षति पुगेको छ।

उहाँका अनुसार आक्रमणमा मृत्यु भएका चार जनाको शव भग्नावशेषबाट निकालिएको थियो भने खोजी तथा उद्धारकार्य जारी थियो।

यसै क्षेत्रमा पर्ने राष्ट्रपति जेलेन्स्कीको गृहसहर क्रिभी रिह र पाभ्लोग्राडका औद्योगिक क्षेत्रलाई पनि रुसी सेनाले लक्षित गरेको गान्झाले बताउनुभएको छ।

दक्षिणी माइकोलाइभ क्षेत्रमा रुसी लामो दूरीका ड्रोनबाट भएको आक्रमणमा तीन वर्षीय बालकको मृत्यु भएको स्थानीय अधिकारीले बताएका छन् । आक्रमणमा अन्य चार जना घाइते भएका छन्, जसमध्ये एक जनाको अवस्था गम्भीर रहेको जनाइएको छ।

रुस र युक्रेनले पछिल्ला महिनामा कारखाना, गोदाम, ऊर्जा तथा बन्दरगाह पूर्वाधार र कालो सागरमा रहेका जहाजसहितका संरचनामाथि लामो दूरीका आक्रमण तीव्र पारेका छन् ।

यसैबीच, न्युयोर्कमा रहेका जेलेन्स्कीले मङ्गलबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग भेट गर्ने अपेक्षा गरिएको छ। उहाँले युक्रेनको हवाई प्रतिरक्षा क्षमता सुदृढ पार्न र देशका लागि आवश्यक आर्थिक स्रोत सुनिश्चित गर्न काम भइरहेको बताउनुभएको छ।

फेब्रुअरी २०२२ मा रुसले युक्रेनमाथि पूर्णस्तरको आक्रमण शुरु गरेपछि जारी युद्ध अन्त्यका लागि अमेरिकाले कूटनीतिक मध्यस्थताको प्रयास अघि बढाइरहेको छ।



## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि बिकास बैंक लि.शाखा कार्यालय कल्याणपुर, सप्तरीको २१ दिने सूचना

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण कर्जा रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ।

| क्र.सं | कर्जा ग्राहकको नाम | मिसिल नं | ठेगाना गा.पा/न.पा | ग्राहकको पिता/पतिको नाम/प्रो. | ग्राहकको बाजे/ससुराको नाम | कर्जाको उद्देश्य | स्वीकृत कर्जा | २०८३/(३) असार (१) भदौ मसान्त. सम्मको बक्यौता साँवा र ब्याजू | जम्मा तिर्नु पर्ने रकम | ग्राहक नं |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | चौधरी किराना पसल प्रो.आशामनी देवी चौधरी | ६०४८ | शम्भुनाथ न.पा-६कठौना | महिकर प्रसाद चौधरी | खुशीलाल चौधरी | व्यापार कर्जा | ७०००० | १३९०६।७७ | ७१३,९०६।८ | १७८२४३७ |
| २ | मो. आशिन | ६२९९ | सुरुङ्गा न.पा-५ कुशाहा | मो. उसमान मिया | पवित मिया | सरल कृषि कर्जा | १७१४७०६ | १०२२०८।५ | १,८१६,९१४।५ | ५३९९८९१ |
| ३ | कुशुमबत्ती | ५७२७ | सुरुङ्गा न.पा-४ हरिपुर | दुर्गानन्द चौधरी | जुलेवी दास | घरायसी कर्जा | १०००००० | २६६२७६४ | १,०२६,६२७६ | ८३७०३९ |
| ४ | सृजना कुमारी कार्की | ६५३२ | सुरुङ्गा न.पा-२ रकसाहा | दीपबहादुर भण्डारी | नारद बहादुर भण्डारी | सरल कृषि कर्जा | १४००००० | ६९८८५।१८ | १,४६९,८८५।२ | ५४८२०१९ |
| ५ | श्री अम्बे बहु उद्देश्य कृषि तथा पशुपंक्षी फम प्रो.आरती चौधरी | ६५३७ | खडक न.पा-४ लालपुर | अभय कुमार चौधरी | भोलाई चौधरी | सरल कृषि कर्जा | ५४०००० | २२७०७८८ | ५६२,७०७९ | ५५६८२१९ |
| ६ | नारायण राउत | ३०८६ | शम्भुनाथ न.पा-६धनगढी | रविलाल राउत | ननिलाल राउत | घरायसी कर्जा | ५५०००० | १७५६९।५८ | ५६७,५६९।६ | ८३६७२३ |
| ७ | विद्यानन्द चौधरी | ३७३२ | सुरुङ्गा न.पा-९ परमानपुर | विन्तीलाल चौधरी | नथुनी चौधरी | सरल कृषि कर्जा | ३४००००० | ३८८८६४।११ | ३,७८८,८६४।१ | ८३७४०७ |
| ८ | अम्बर बहुउद्देश्य कृषि तथा पशुपंक्षी फर्म प्रो.भिखनीबत्ती चौधरी | ६३७८ | सुरुङ्गा न.पा- ८ महुलिया | देवन चौधरी | पन्चु चौधरी | सरल कृषि कर्जा | १५६०००० | ७२५४७४७ | १,६३२,५४७५ | ५४३८३२३ |
| ९ | ममता कुमारी गुप्ता | ६५२३ | सुरुङ्गा न.पा-११ औरहा | विमल कुमार गुप्ता | प्रथिमलाल मिजार | सरल कृषि कर्जा | १२००००० | ९१२६८ | १,२९१,२६८।० | ५५८८८५४ |
| १० | संगिता कुमारी चौधरी | ६१४४ | खडक न.पा-९ बज्राहीगुठी | अनोद कुमार चौधरी | बोकाई चौधरी | सरल कृषि कर्जा | ४५०००० | ४९२२६।६३ | ४९९,२२६।६ | ३०३९२१४ |
| ११ | लक्ष्मण महतो | ६५१७ | सुरुङ्गा न.पा-२ बाउन्ना | भागवत महतो | गोपाली महतो | व्याक्तिगत ओ.डी | १८७५००० | ६९५३४।७२ | १,९४४,५३४।७ | ५५६३७२८ |
| १२ | सनम कुमारी यादव | ६३९२ | बोदेबरसाईन न.पा-१० खडकपुर | प्रवेश कुमार यादव | सुरेन्द्र प्रसाद यादव | व्याक्तिगत ओ.डी | २०००००० | ७४६९२।७२ | २,०७४,६९२।७ | ५४३०९१४ |
| १३ | गुल्जार मिया | ६४६० | खडक न.पा-९ लालपट्टी | हनिफ मिया | मुगाईलाल मिया | व्याक्तिगत ओ.डी | १६००००० | १३३३७९।१ | १,७३३,३७९।१ | ५४९३६४९ |
| १४ | शिव कुमार चौधरी | ६४०३ | खडक न.पा-५ खोजपुर | भौसाई चौधरी | द्रबलाल चौधरी | सरल कृषि कर्जा | ८००००० | ७४५०८।३९ | ८७४,५०८।४ | ५४५७७६७ |
| १५ | सरस्वती देवी थरुनी | ६५२७ | सुरुङ्गा न.पा-७ बसनपट्टी | अग्नीदेव चौधरी | बहुरी दास चौधरी | सरल कृषि कर्जा | ४५०००० | २९८२३।४७ | ४७९,८२३।५ | ५४९०२२२ |
| | जम्मा | | | | | | १९२३९७०६ | १२३६७५०।१६ | २०४७६४५६।१६ | |

कृषि विकास बैंक लि.
मधेश प्रदेश कार्यालय, जनकपुर

# धार्मिक आस्था र प्राकृतिक सौन्दर्यको अद्भूत सङ्गम महावुधाम

दैलेख । समुद्र सतहदेखि चार हजार १६८ मिटरको उचाइमा अवस्थित महावुधाम केवल एउटा भौगोलिक लेक मात्र होइन, यो हजारौँ श्रद्धालुहरूको अगाध आस्था, आत्मीय शान्ति र प्राकृतिक सौन्दर्यको अद्वितीय सङ्गम हो । दैलेखको महाबु गाउँपालिका-६ र कालीकोटको महावै गाउँपालिका-४ को सिमानामा पर्ने यो पावन धाममा हरेक वर्ष जनै पूर्णिमाको सेरोफेरोमा विशाल धार्मिक मेला लाग्ने गर्छ ।



हातमा पवित्र त्रिशूल बोकेर, मुखमा 'हर हर महादेव' को उच्च ध्वनि गुञ्जाउँदै र लेकाली उकालोको कठिन यात्रा भुल्दै महावु लेक उक्लने आन्तरिक तथा बाह्य तीर्थ यात्रीहरूको लर्कोले हरेक वर्ष जनै पूर्णिमाका बखत सिङ्गो लेक क्षेत्र उत्सवमय बन्छ । दैलेख, सुर्खेत, कालीकोट, जुम्ला, जाजरकोट, नेपालगञ्जदेखि छिमेकी मुलुक भारतबाट समेत हजारौँको सङ्ख्यामा आउने भक्तजनको उपस्थितिले महावुधामलाई एउटा जीवन्त र प्रखर आध्यात्मिक पर्यटकीय तीर्थस्थलका रूपमा स्थापित गरेको छ ।

महावुधाममा साँचो मनले एउटा मात्र वर मागे पनि जीवनका सबै मनोकांक्षा पूरा हुने, सन्तान नहुनेले सन्तान लाभ गर्ने र महावुको दर्शन मात्रले पाप पखालिने अटल जन विश्वास रहिआएको छ । जनै पूर्णिमाको अघिल्लो दिन यहाँ मुख्य पूजाअर्चना हुने गर्दछ । महावुधामको महिमा र अलौकिक शक्ति केवल पौराणिक कथामा मात्र सीमित छैन । यहाँ आउने भक्तजनले आफ्नै जीवनमा अनुभूति गरेका चमत्कारिक यथार्थहरूले यसको साख भन्नै बढाएको छ ।

नारायण नगरपालिकाका गणेश शर्मा १४ वर्षदेखि महावुधामको दर्शन गर्न थालेको स्मरण गर्नुहुन्छ । अहिले ४३ वर्षको उमेरमा पुगिसक्दा पनि उहाँले निरन्तर महावुको यात्रा गरिरहनु भएको छ । शर्माले भन्नुभयो, "महावुधाम पुगिसकेपछि मनका सम्पूर्ण तनाव, थकान र चिताहरू क्षण भरमै गायब हुन्छन् । त्यहाँ पुग्दा पाइने आत्मिक शान्ति शब्दमा व्यक्त गर्न सकिँदैन । अहिलेसम्म मैले महावुधामसँग मनले जे-जे सोचेर वर मागेँ, ती सबै पूरा भएका छन् ।" नारायण नगरपालिका-६ का अमृत न्यौपानेको कथा पनि उस्तै छ । एघार वर्षदेखि निरन्तर महावुधामको यात्रा गरिरहनुभएका उहाँ भन्नुहुन्छ, "मैले सुरुमा महावुधाममा जुन भाकल र प्राथना गरेको थिएँ, त्यो पूरा भयो । मागेको कुरा पूरा भएपछि म हरेक वर्ष यहाँ आउने गर्छु ।"

भारतको जमुनाहदेखि चीनको नाग्चे नाग्ला जोड्ने रणनीतिक महत्वको त्रिदेशीय सञ्जालअन्तर्गत पर्ने महावु मार्ग कर्णाली राजमार्गभन्दा करिब ७९ किलोमिटर छोटो मानिन्छ । कडा चट्टानी भूगोल र निर्माण कार्यको सुस्तताका कारण करिब ४० किलोमिटर क्षेत्रको स्तरोन्नति अझै राम्रो बाटो बन्न सकेको छैन । पदमार्गमा डिभिजन वन कार्यालय दैलेख र स्थानीय उपभोक्ता समितिको सहकार्यमा २३ लाख १० हजार रुपैयाँको लागतमा निर्माण गरिएको दुई किलोमिटर पदमार्ग र ७७७ वटा ढुङ्गे सिँढीले पैदल यात्रा सहज बनाएको छ ।

कालीकोट जिल्लाको महावै गाउँपालिकाले धाम क्षेत्रको व्यवस्थापन र सरसफाइको जिम्मेवारी सम्हाल्दै आएको छ । कालीकोटको महावै गाउँपालिकाका अध्यक्ष ख्याम सिंहले धाममा आउने तीर्थयात्रीहरूको व्यवस्थापन, मेलापछिको सरसफाइ र भक्तजनको आवश्यकता पूर्ति गर्ने सम्पूर्ण जिम्मा महावै गाउँपालिकाले लिएको बताउनुभयो । महावुधामलाई केवल पूजा आजामा मात्र सीमित नराखी समग्र कर्णालीको समृद्धिको ढोकाका रूपमा हेर्नुपर्ने बहस पनि सुरु भएको छ ।

महावुधामको समग्र विकास र धार्मिक पर्यटनको प्रवर्द्धनका लागि स्थानीय तहहरूले निरन्तर सहकार्य गर्दै आएको महाबु गाउँपालिकाका अध्यक्ष जङ्गबहादुर शाहीले बताउनुभयो । उहाँले भन्नुभयो, "महावुधाम केवल एउटा धार्मिक गन्तव्य मात्र होइन, यो कर्णालीको स्वाभिमान र हामी सबैको साझा आस्थाको धरोहर हो ।" महावु, नौमूले र महावै गाउँपालिका मिलेर यस क्षेत्रको पूर्वाधार विकास गर्दै महावुलाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरको उत्कृष्ट धार्मिक पर्यटकीय केन्द्र बनाउने लक्ष्य रहेको उहाँले बताउनुभयो ।

पतञ्जली योग सेन्टर दैलेखका गुरु तथा सामाजिक अभियन्ता शङ्कर थापाले महावुधामको पर्यटकीय र आर्थिक सम्भावनाबारे प्रकाश पार्दै भन्नुभयो, "महावुधामलाई व्यवस्थित बनाउँदै महावु हुँदै उपल्लो कर्णाली जोड्ने सडक मार्गलाई पूर्ण रूपमा सञ्चालन गर्न सकेको खण्डमा यो क्षेत्र धार्मिक थलो मात्र नभई ठूलो पर्यटकीय केन्द्र बन्नेछ ।" त्रिभुवन उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापक निरक तारामी पनि महावुधामलाई केवल धार्मिकस्थलको रुपमा मात्र सीमित नराखी समग्र कर्णालीको प्राकृतिक सौन्दर्य, जैविक विविधता र साहसिक पर्यटनको समेत अद्भूत केन्द्रको रुपमा विकास गर्नुपर्नेमा जोड दिनुहुन्छ । यहाँको उच्च लेकाली पाटन, दुर्लभ जडीबुटी, हिम शृंखलाको दृश्यावलोकन र शान्त वातावरणले प्रकृतिप्रेमीहरूलाई आकर्षित गर्दछ । रासस

# फुर्केखोला निर्माण गर्न उद्योगी-व्यवसायीको माग



धादिङ । रसुवा बाढीले बगाएको फुर्केखोला पुल तत्काल निर्माण गरी पृथ्वी राजमार्गसँग सम्पर्क पुनःस्थापना गर्न उद्योगी-व्यवसायीले माग गरेका छन् ।

धादिङ उद्योग वाणिज्य सङ्घको नेतृत्वमा जिल्लाका उद्योगी-व्यवसायीले प्रमुख जिल्ला अधिकारीमार्फत नेपाल सरकारलाई ध्यानाकर्षणपत्र बुझाउँदै पुल निर्माण, वैकल्पिक सडक मर्मत सम्भार तथा बाढी प्रभावित उद्योग-व्यवसायको पुनःस्थापनाका लागि विशेष राहतको व्यवस्था गर्न माग गरेका हुन् । गत भदौ १० गतेको बाढीले त्यहाँको पुल बगाएपछि धादिङबेँसीसहित जिल्लाको मध्य तथा उत्तरी क्षेत्रका आठ स्थानीय तहको पृथ्वी राजमार्गसँगको सिधा सडक सम्पर्क टुटेको छ । वैकल्पिक सडक साँघुरो र अप्ठ्यारो हुँदा यातायात सञ्चालनमा कठिनाइ भएको उल्लेख गर्दै व्यवसायीले स्थायी पुल निर्माण नहुँदासम्म तत्काल अस्थायी बेलीब्रिज निर्माण गरी आवागमन सहज बनाउन आग्रहसमेत गरेका छन् ।

पृथ्वी राजमार्गका विभिन्न खण्डमा पहिरो तथा बाढीले क्षति पुर्याउँदा आवतजावतसँगै दैनिक उपभोग्य वस्तुको आपूर्तिसमेत प्रभावित भएको ध्यानाकर्षणपत्रमा उल्लेख छ । बाढीबाट प्रभावित उद्योगी-व्यवसायीलाई बैंक तथा वित्तीय संस्थाबाट लिइएको कर्जाको साँवा-ब्याज भुक्तानीमा कम्तीमा एक वर्षको मिनाह गरिदिन माग गरिएको छ ।रासस

# कोलेनिको सेवा आफ्नै भवनबाट



बाजुरा । कोष तथा लेखा नियन्त्रक कार्यालयले आफ्नै भवनबाट सेवा प्रवाह सुरुआत गरेको छ । भाडाको घरबाट सेवा दिँदै आएको कार्यालयले सोमबारदेखि आफ्नै नवनिर्मित भवनबाट सेवा प्रवाह गर्न थालेको हो ।

विसं २०३८ मा स्थापना भएको कार्यालयले स्थापनाकालदेखि हालसम्म आफ्नो भवन अभावमा निजी घर मासिक रु ५० हजार तिर्ने गरी भाडामा लिएर सेवा प्रवाह गर्दै आएको थियो ।

कार्यालयका सूचना अधिकारी धनबहादुर थापाका अनुसार २०८१ चैत १० गते कार्यालयको नयाँ भवन निर्माणका लागि सम्झौता भएको थियो । सदरमुकाम मार्तडीस्थित खेलकुद रोडमा रु दुई करोड १२ लाखमा निर्माण कम्पनीले ठेक्का सम्झौता गरेर २०८३ असोज मसान्तमा सक्ने गरी निर्माण कार्य सुरु गरेको थियो । तर निर्माण कम्पनीले निर्धारित समयभन्दा करिब एक महिनाअघि नै निर्माण कार्य सम्पन्न गरेपछि मंगलबारदेखि सेवा प्रवाह थालेको सूचना अधिकारी थापाले बताउनुभयो ।

यसअघिसम्म भाडाको घरबाट कार्यालय सञ्चालन गर्दा साँघुरो ठाउँमा सेवा प्रवाह गर्दा विभिन्न समस्या हुने गरेको भए पनि अब आफ्नै भवनबाट सेवा प्रवाह गर्न थालेपछि कार्यालय व्यवस्थापन तथा सेवाग्राही दुवैलाई सहज हुने सूचना अधिकारी थापाले बताउनुभएको छ । आफ्नै भवन निर्माण भएपछि कार्यालयका प्रशासनिक काम व्यवस्थित हुनुका साथै सेवाग्राहीलाई पनि सहज वातावरणमा सेवा लिन सक्ने अवस्था बनेको उहाँको भनाइ छ ।

कार्यालयबाट नौ महिनाको अवधिमा करिब दुई हजारले स्थायी लेखा नम्बर (प्यान) लिएका छन् । कार्यालयकाअनुसार विसं २०८२ मङ्सिरबाट यहाँ प्यान नम्बर दर्ता तथा वितरण कार्य सुरु गरिएको हो ।

कार्यालयका लेखापाल थापाकाअनुसार गत वर्ष मङ्सिरदेखि असारसम्म एक हजार ६६४ र चालु आर्थिक वर्षको हालसम्म ३१५ वटा प्यान वितरण भएका छन् । उहाँकाअनुसार व्यक्तिगत स्थायी लेखा नम्बर लिने एक हजार २७१ पुगेका छन् भने व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाता ६८० पुगेका छन् । यस्तै सात महिनाको अवधिमा कार्यालयबाट गैरसरकारी संस्था स्थायी लेखा नम्बर लिने सङ्ख्या २८ रहेको थापाले जानकारी दिनुभयो । यहाँबाट स्थायी लेखा नम्बर दर्ता तथा वितरण कार्य भइरहेको भन्दै स्थानीय तहबाट भने हाल व्यावसायिक प्यान नम्बरका लागि सिफारिस कार्य मात्रै भइरहेको उहाँले बताउनुभयो । कार्यालयले सेवाग्राहीलाई सहज रूपमा सेवा उपलब्ध गराउन नियमित रूपमा प्यान दर्ता, विवरण अद्यावधिक तथा आवश्यक परामर्श सेवा प्रदान गर्दै आएको जनाएको छ । सरकारले यसअघि करदाता सेवा कार्यालयहरू खारेज गरेर प्यान कार्डलगायत करसम्बन्धी सेवा सम्बन्धित स्थानीय तहबाट प्रदान गरिने व्यवस्था गरेको थियो । स्थानीय तहबाट सो सेवा सुचारु हुन समय लाग्न सक्ने अवस्थामा ती सेवा सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाटै प्रवाह गर्ने व्यवस्था मिलाइएको थियो ।

यस जिल्लामा गत आर्थिक वर्ष २०८२/८३ मा विनियोजित कूल बजेटमध्ये ८९.१७ प्रतिशत बजेट खर्च भएको छ । जिल्लाका ना वटा स्थानीय तह, १३ वटा सङ्घीय कार्यालय तथा १० वटा प्रदेश सरकारअन्तर्गतका कार्यालयको खर्च विवरणअनुसार अधिकांश बजेट कार्यान्वयन भएर खर्च भएको हो । कोष तथा लेखा नियन्त्रक कार्यालयका लेखापाल धनबहादुर थापाका अनुसार सङ्घीय कार्यालय तथा स्थानीय तहको चालूतर्फ विनियोजित रु चार अर्ब १७ करोड ८५ लाख ८० हजारमध्ये रु तीन अर्ब ७२ करोड ६३ लाख २१ हजार ७२३ खर्च भएको छ । जुन कूल चालु बजेटको ८९ प्रतिशत हो । यस्तै, पुँजीगततर्फ विनियोजित रु ३५ करोड १६ लाख ६८ हजारमध्ये २३ करोड ९२ लाख ५० हजार ५४२ खर्च भएको छ ।

प्रदेश सरकारअन्तर्गतका कार्यालयको चालुतर्फ रु ७२ करोड ७७ लाख ९८ हजार ३८० बजेटमध्ये रु ५१ करोड ७६ लाख ४९ हजार ९२० खर्च भएको छ, जुन ७१ प्रतिशत हो ।

त्यस्तै, पुँजीगततर्फ विनियोजित रु ४८ करोड १२ लाख १२ हजारमध्ये रु ३२ करोड १९ लाख ३१० खर्च भएको छ, जुन ६६ प्रतिशत रहेको जनाएको छ । गत आवको बजेट खर्च विवरण हेर्दा सङ्घीय कार्यालय तथा स्थानीय तहको बजेट कार्यान्वयन प्रदेश सरकारअन्तर्गतका कार्यालयको तुलनामा प्रभावकारी देखिएको छ । सङ्घीय तथा स्थानीय तहमा चालुतर्फ ८९ प्रतिशत बजेट खर्च हुँदा प्रदेशतर्फ ७१ प्रतिशत मात्रै खर्च भएको छ ।रासस

# टेलिकमद्वारा भदौमा १३ स्थानमा नयाँ टेलिफोन टावर जडान

काठमाण्डु । नेपाल टेलिकमले गत भदौ महिनामा देशका विभिन्न स्थानमा नयाँ टूजी/फोरजी मोबाइल साइट सञ्चालनमा ल्याएको छ । टेलिकमले सेवा विस्तार तथा गुणस्तर सुधार गर्ने उद्देश्यले विभिन्न ११ जिल्लाका १३ स्थानमा नयाँ मोबाइल साइट सञ्चालनमा ल्याएको प्रवक्ता डा कमल लामिछानेले जानकारी दिनुभयो ।




टेलिकमका अनुसार बागमती प्रदेशअन्तर्गत ललितपुरको ललितपुर महानगरपालिका-३ कार्यालय र च्याउन्डाँडामा नयाँ साइट सञ्चालन गरिएको छ । यस्तै चितवनको मोहनपुर तथा गण्डकी प्रदेशअन्तर्गत नवलपुरको पोखरीडाँडा र लमजुङको मध्यनेपालमा पनि नयाँ मोबाइल साइट सञ्चालनमा आएका छन् ।

लुम्बिनी प्रदेशअन्तर्गत कपिलवस्तुको धर्मपानी तथा पाल्पाको रामपुर र होङ्सीमा नयाँ साइट सञ्चालन गरिएको छ । यसैगरी कर्णाली प्रदेशअन्तर्गत जुम्लाको कनकासुन्दरी र सुर्खेत-जुम्लारोडमा मोबाइल साइट सञ्चालनमा ल्याइएको छ । सुदूरपश्चिम प्रदेशअन्तर्गत बाजुराको बडिमालिका, डडेल्धुराको गांखेत र दार्चुलाको रिठाचौपाटामा पनि नयाँ मोबाइल साइट सञ्चालनमा आएका छन् ।

नयाँ साइट सञ्चालनसँगै ती क्षेत्रमा मोबाइल तथा डेटा सेवाको पहुँच विस्तार हुनुका साथै सेवा गुणस्तरमा सुधार आउने टेलिकमले जनाएको छ । दूरसञ्चार सेवाको पहुँच नपुगेका तथा सेवा विस्तार आवश्यक रहेका स्थानमा क्रमशः नयाँ साइट थप गर्दै जाने टेलिकमको योजना छ । रासस

## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा
## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा एकराही गा.वि.स. वडा नं. १ हाल परिवर्तित विदेह न.पा. वडा नं. ६ मा बस्ने रामचरण ठाकुर हजामको छोरा पिताम्बर ठाकुर हजामको नाउँमा साविक मौजेको सा.कि.नं. ८२३ क्षे.फ.०-१-५ र ऐ. मौजेको कि.नं. ९०५ ज.वि ०-३-४ जग्गा सर्वे नाप नक्सा हुदाँ जि.ध. गा.वि.स. गिद्धा वडा नं. १ख कि.नं. २१३ क्षे.फ. ०-३-५ र ऐ.ऐ. कि.नं. २१४ क्षे.फ.०-१-० जग्गा हाम्रो पिता/ससुरा पिताम्बर हजामको नाउँमा नाप नक्सा भई खनाखत नभएको कारणले छुट हुन गएकोले निजको मिति २०२७/१२/१९ गतेमा आफ्नै कालगतिले मृत्यु निजको मृत्यु पश्चात आपुताली खाने हकदार एकमात्र पत्नी जितनी ठाकुरको मिति २०७९/०६/२६ गतेमा समेत मृत्यु पश्चात निजहरुको आपुताली खाने हकदार २ छोराहरु कमलेश ठाकुर हजाम-१ र कुलदिप ठाकुर हजाम-१ रहेकोमा कुलदिप ठाकुर हजामको आफ्नै कालगतिले मिति २०८१/०६/११ गतेमा मृत्यु भईसकेकोले हुदाँ निजको मृत्यु पश्चात सबैभन्दा नजिकको हकदार निज कुलदिप ठाकुर हजामको एकमात्र पत्नी गंगावती देवी-१ वाहेक अन्य अंशियार नभएकोले हामी निवेदकहरु कमलेश ठाकुर हजाम-१ र गंगावती देवी-१ समेतले हाम्रो संयुक्त नाउँमा छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी द.नं. ३९७ मिति २०८३/०४/०७ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८३/०६/०२ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दाबी वमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सवुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दावी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाते व्यहोरा सम्वन्धित सबैका लागि सूचित गरिन्छ ।

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | गिद्धा | १ख | २१३ | ०-३-५ | जग्गाधनी महल खाली, किसानको महल खाली र कैफियत महलमा यो जग्गा पं. ईकराही बस्ने पिताम्बर हजामको नम्बरी हो, सर्जमिनमा उपस्थित नभएकोले लेखाई देखाई गर्ने वा.स. वनमाली । |
| | | | २१४ | ०-१-० | |

## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा
## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा यज्ञभुमि गा.वि.स. वडा नं. ३ हाल परिवर्तित धनुषाधाम नगरपालिका वडा नं. ८ मा बस्ने सैन ध्वज अधिकारीको नाती धर्मध्वज अधिकारीको छोरा ज्ञान बहादुर क्षेत्री भन्ने गणेश बहादुर अधिकारीले सर्वे नापी हुँदा मेरो नाउँमा नापनक्सा भएको जिल्ला धनुषा यज्ञभुमि गा.वि.स. वडा नं. ३ख कि.नं. ८७ क्षेत्रफल ०-१२-१४ जग्गा अप्रमाणित भएको, फिल्डबुकको ज.ध. महलमा धर्म ध्वजको छोरा ज्ञान बहादुर क्षेत्री, जि.ध. गा.वि.स. पं. यज्ञभुमी वडा नं. ३, कैफियत महलमा यो जग्गा जोत नम्बरी मेरै हो । उल्लेख भई स्रेस्ता अप्रमाणित भएकोमा म निवेदकको नाउँमा उक्त जग्गाको स्रेस्ता प्रमाणित गरी ज.ध. प्रमाण पुर्जा उपलब्ध गरी पाउँ भनी द.नं. २०३१४ मिति २०८०/१२/१६ गते वारेस किरण कुमार अधिकारी मार्फत यस कार्यालयमा माग निवेदन परी पुनः द.नं. ४०६३ मिति २०८३।६।५ गतेमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८३/०६/०५ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ। अतः माग दावी बमोजिम निवेदकको नाममा अप्रमाणित जग्गा प्रमाणित गरी दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पत्तिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५(पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दावी उजुर गर्न आउनु होला। सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ।

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | यज्ञभुमि | ३ख | ८७ | ०-१२-१४ | ज.ध.महलः धरम धोजको छोरा ग्यान बहादुर क्षेत्री, जि.ध.प. यज्ञभुमी वडा नं. ३ । कैफियत महल : यो जग्गा जोत नम्बरी मेरै हो, द. ज्ञान बाहदुर । |

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय क्षिरेश्वर, महेन्द्रनगरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

**प्रकाशित मिति : २०८३/०६/०७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८२/१०/२१ को जनकपुर टुडे राष्ट्रिय दैनिकमा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

धनुषा जिल्ला, धनुषा गोविन्दपुर वडा नं. ४ (हाल : धनुषाधाम न.पा. वडा नं. १) स्थित रजिष्टर्ड कार्यालय रहि नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा मिति २०६७ साल भदौ महिना ९ गते प्रा.फ.र.नं. २०२२/६१/०६७/६८ तथा आन्तरिक राजश्व कार्यालय, जनकपुरमा मिति २०६७/०५/१० मा स्थायी लेखा नम्बर (PAN) ३०४२१६०७९ अन्तर्गत दर्ता कायम भएको **गणपति ट्रेडर्स** ।

**प्रोप्राईटर : जिवछ साह सुडि**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. बिलट साह सुडिको नाति, बलदेव साह सुडिको छोरा, धनुषा जिल्ला, साविक धनुषा गोविन्दपुर गा.वि.स./न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. १ बस्ने **जिवछ साह सुडि** (ना.प्र.नं. २६३२१७८२, जारी मिति २०६०/०५/१९, जि.प्र.का. धनुषा) । | २. बलदेवसाह सुडीको बुहारी, जिवछ साह सुडिको पत्नी, धनुषा गोविन्दपुर गा.वि.स./न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. १ बस्ने **किरण महासेठ** (ना.प्र.नं. १७३०४७/५७, जारी मिति २०७०/०२/२२, जि.प्र.का. धनुषा) । |

**धितोको विवरण**

१. जिवछ साह सुडि (ना.प्र.नं. २६३२१७८२, जारी मिति २०६०/०५/१९, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक गोविन्दपुर गा.वि.स. वडा नं. १ हाल धनुषा जिल्ला, बनिनियाँ न.पा./गा.पा. वडा नं. ९ स्थित कि.नं. ५५१ को क्षेत्रफल ०-१-०-० (बि.क.धु.क.) बमोजिमको जग्गा एवं सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. गणपति ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०६/२१ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय क्षिरेश्वर, महेन्द्रनगरमा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०६/२२ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय क्षिरेश्वर, महेन्द्रनगरमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नुपर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९०००01 मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माध्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शूल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै ब्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय क्षिरेश्वर, महेन्द्रनगरमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank

शाखा कार्यालय : क्षिरेश्वर, महेन्द्रनगर
फोन नं. ०४१-५४०४२८
Website: www.siddharthabank.com

# उर्जा मन्त्रालयका एकीकृत डिभिजन कार्यालयहरु सञ्चालन प्रक्रिया अघि बढाइयो

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश सरकारका ऊर्जा, सिचाई तथा खानेपानी मन्त्रालयले प्रशासनिक खर्च घट्ने र सेवाग्राहीलाई राहत हुने अपेक्षा एकीकृत डिभिजन कार्यालयहरु संचालन प्रक्रिया अघि बढाइएको छ ।

मन्त्रालय अन्तर्गत छरिएर रहेका विषयगत डिभिजन कार्यालयहरूलाई एकीकृत गरी एउटै सेवा केन्द्रबाट सेवा प्रवाह गर्ने प्रक्रिया औपचारिक रूपमा अघि बढाएको हो ।

छुट्टाछुट्टै संरचना हुँदा सञ्चालन खर्चिलो र झन्झटिलो बनेको भन्दै मन्त्रालयले जलस्रोत तथा सिँचाइ विकास डिभिजन, खानेपानी तथा सरसफाइ डिभिजन र भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजनलाई गाभेर एकीकृत सेवा केन्द्रको अवधारणा कार्यान्वयनमा ल्याएको हो ।

मधेश प्रदेशका आठवटै जिल्लामा जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरू सञ्चालनमा थिए। खानेपानी तथा सरसफाइ डिभिजनतर्फ ४ वटा कार्यालय (सप्तरी, महोत्तरी, सर्लाही र बारा) र भूमिगत जलस्रोत तथा सिँचाइ विकासतर्फ ४ वटा कार्यालय (सिरहा, महोत्तरी, सर्लाही र पर्सा) ले कार्यक्षेत्र बाँडेर छिमेकी जिल्लाहरू समेत हेर्दै आएका थिए।

यसरी एउटै प्रकृतिका कामका लागि छुट्टाछुट्टै कार्यालय, घरभाडा, सवारी र प्रशासनिक संरचना खडा गर्दा प्रदेश सरकारमाथि थप वित्तीय भार परिरहेको थियो । ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका सचिव होमनाथ पौडेलले मन्त्री एकीकृत डिभिजन कार्यालय संचालन प्रक्रिया अघि बढाइए सकिएको जानकारी दिएका छन् । उनले भने सरुवा भएका कर्मचारीहरु आफ्नो कार्यालयमा हाजिर लगतै अन्य व्यवस्थापनहरुपछि संचालनमा आउनेछ । पछिल्लो पटक मन्त्रिपरिषद्बाट ऊर्जा मन्त्रालयका डिभिजन कार्यालय




एकीकरणको निर्णय गरिएको थियो ।

एउटै प्रकृतिका सेवा प्रवाहका लागि छुट्टाछुट्टै कार्यालयमा धाउनुपर्ने बाध्यता अन्त्य गर्न र प्रदेश सरकारको अनावश्यक प्रशासनिक खर्च कटौती गर्न तीनवटै डिभिजनलाई गाभिएको उर्जा मन्त्री जवाहर कुशवाहाले जानकारी दिएका छन् ।

अब आगामी सातादेखि नै एकीकृत सेवा केन्द्रबाट सेवा प्रवाह सुरु गर्ने गरी मन्त्रालय तयारीको अन्तिम चरणमा पुगेको छामन्त्रालयका सचिव होमनाथ पौडेलका अनुसार कार्यालय एकीकरणपछि हरेक जिल्लामा एउटै मुख्य कार्यालय र एउटै कार्यालय प्रमुख (डिभिजन प्रमुख) रहने व्यवस्था गरिएको छ । हाल सञ्चालनमा रहेका छुट्टाछुट्टै डिभिजनहरू भने नयाँ एकीकृत कार्यालय अन्तर्गत 'शाखा' को रूपमा रहनेछन् ।

यस्तै, जनकपुरधाममा रहेको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयलाई 'जलस्रोत तथा ऊर्जा विकास निर्देशनालय' मा परिणत गरिएको छ । जिल्लास्थित एकीकृत डिभिजन कार्यालयहरूको अनुगमन, प्राविधिक सुपरिवेक्षण र नीतिगत निर्देशन अब यही निर्देशनालयमार्फत हुनेछ । नयाँ संरचना अनुसार स्थायी दरबन्दी कायम गर्न संगठन तथा व्यवस्थापनसर्भेको तयारी भइरहेको बताइएको छ ।

## कर्मचारीहरू खटाइयो

यसैबीच, कार्यालय एकीकरणसँगै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पछिल्लो निर्णयानुसार मन्त्रालय मातहत कार्यरत १६ जना वरिष्ठ इन्जिनियर (सि.डि.ई. तथा सि.डि.हा.जी.) हरूको व्यापक सरुवा, पदस्थापन तथा फाजिल/निलम्बन व्यवस्थापन गरिएको छ। एकीकृत कार्यालय अनुसार इन्जिनीयर हरुलाई सरुवा गरी खटाइएको छ ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन बाराको दरबन्दी भई मन्त्रालयमा कार्यरत अधिकृत दशौं तहका (सि.डि.ई.) राम कुमार खड्ग र मन्त्रालयमै कार्यरत सि.डि.ई. वरुण कुमार कर्णलाई जलस्रोत तथा ऊर्जा विकास निर्देशनालय, मधेश प्रदेशमा पदस्थापन गरिएको छ ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन सिरहामा कार्यरत सि.डि.ई. सुमन कुमार झालाई ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयमा ल्याइएको छ। त्यस्तै, जलस्रोत तथा सिँचाइ विकास डिभिजन सप्तरीका सि.डि.ई. रमण कुमार साहलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अतिरिक्त समूह (फाजिल) मा पठाइएको छ ।

यस्तै जलस्रोत तथा सिँचाइ विकास डिभिजन सिरहा दरबन्दी भई मन्त्रालयमा रहेका सि.डि.ई. हसमत अंसारीलाई मन्त्रालयमै पदस्थापन गरिएको छ भने नयाँ एकीकृत जिल्ला डिभिजन कार्यालयहरूको नेतृत्व सम्हाल्ने गरी जलस्रोत तथा सिँचाइ विकास डिभिजन धनुषाका सि.डि.ई. श्याम किशोर साफीलाई ऊर्जा, सिँचाई तथा खानेपानी डिभिजन महोत्तरीमा पठाइएको छ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन महोत्तरीका सि.डि.ई. अरुण लाल कर्णलाई ऊर्जा, सिँचाई तथा खानेपानी डिभिजन रौतहटमा, जलस्रोत तथा सिँचाइ विकास डिभिजन सर्लाहीका सि.डि.ई. श्याम कुमार तिमल्सिनालाई सोही जिल्लाको एकीकृत ऊर्जा, सिँचाई तथा खानेपानी डिभिजन सर्लाहीमा, जलस्रोत तथा सिँचाइ विकास डिभिजन रौतहटका सि.डि.ई. भक्त कुमार माललाई ऊर्जा, सिँचाई तथा खानेपानी डिभिजन सप्तरीमा र जलस्रोत तथा सिँचाइ विकास डिभिजन पर्साका सि.डि.ई. माधव देवलाई ऊर्जा, सिँचाई तथा खानेपानी डिभिजन पर्सामा पदस्थापन गरिएको छ ।

हाइड्रोजियोलोजी समूह (सि.डि.हा.जी.) तर्फ भूमिगत जलस्रोत तथा सिँचाइ डिभिजन महोत्तरी दरबन्दी भई मन्त्रालयमा रहेका अधिकृत नवौं तहका नयन पोखरेललाई मन्त्रालयमै राखिएको छ भने भूमिगत जलस्रोत तथा सिँचाइ डिभिजन सिरहाका सि.डि.हा.जी. विकास ठाकुरलाई जलस्रोत तथा ऊर्जा विकास निर्देशनालय, मधेश प्रदेशमा सरुवा गरिएको छ ।

भूमिगत जलस्रोत तथा सिँचाइ डिभिजन सर्लाहीकी सि.डि.हा.जी. अनुपमा ढकाललाई निलम्बनको अवस्थामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (अतिरिक्त समूह) मा राखिएको छ भने भूमिगत जलस्रोत तथा सिँचाइ डिभिजन पर्साका सि.डि.हा.जी. प्रकाश ज्ञवालीलाई भूमिगत जलस्रोत विकास केन्द्र महोत्तरीमा पठाइएको छ ।

यसैगरी, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय सप्तरीका सि.डि.ई. विश्वनाथ प्रसाद यादवलाई ऊर्जा, सिँचाई तथा खानेपानी डिभिजन सिरहामा र खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय महोत्तरीका सि.डि.ई. संजिव कुमार साहलाई ऊर्जा, सिँचाई तथा खानेपानी डिभिजन बारामा पदस्थापन गरिएको छ ।

कर्मचारी व्यवस्थापनसँगै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मन्त्रालयमा रहेका फाजिल तथा अतिरिक्त स्थायी दरबन्दीका कर्मचारीहरूलाई अन्य मन्त्रालय वा निकायमा समायोजन गर्ने तयारी गरेको छ।

साथै, प्रदेश सरकारको पूर्व निर्णय अनुसार अन्य मन्त्रालयहरूमा १५ प्रतिशत करार कर्मचारी कटौती भइसकेकोमा अब यी डिभिजन कार्यालयहरूमा कार्यरत अधिकांश करार कर्मचारीहरूलाई हटाउने र अत्यावश्यक सीमित कर्मचारीलाई मात्र निरन्तरता दिइने भएको छ । नयाँ सरुवा भएका कर्मचारीहरूले कार्यस्थलमा पुगेर पदभार सम्हालेसँगै आगामी साताबाटै एकीकृत सेवा केन्द्रमार्फत खानेपानी, सिँचाइ र जलस्रोत सम्बन्धी सम्पूर्ण सेवाहरू एउटै कार्यालयबाट प्रवाह हुनेछ।

# गौशालाको विवादित जग्गा कि.नं. ११५ जग्गाको रिट खारेज




टुडे समाचारदाता

जनकपुरधाम । महोत्तरीको गौशाला नगरपालिका-५ स्थित लामो समयदेखि विवादमा रहेको कित्ता नम्बर ११५ सम्बन्धी रिट निवेदन उच्च अदालत जनकपुरधामले खारेज गरेको छ। अदालतको आदेशपछि उक्त क्षेत्रमा रहेका अनधिकृत संरचना हटाउने र सार्वजनिक जग्गा संरक्षण गर्ने नगरपालिकाको प्रयासले कानुनी आधार पाएको छ ।

उच्च अदालत जनकपुरधामको ५ नम्बर इजलासमा न्यायाधीशद्वय फर्पा तामाङ र टीकाराम आचार्यको संयुक्त इजलासले दिनेशकुमार साह कलवार, अशरफ अली शेख र अजयकुमार साहले छुट्टाछुट्टै दायर गरेका उत्प्रेषण मिश्रित प्रतिषेध रिट निवेदन खारेज गर्ने आदेश दिएको हो ।

निवेदकहरूले आफूहरूले घर तथा टहरा निर्माण गरेको जमिनमाथि आफ्नो हक कायम हुनुपर्ने दाबी गर्दै नगरपालिका तथा नगरपालिकाको कार्यालयलाई विपक्षी बनाएर रिट दायर गरेका थिए। रिट खारेज भएसँगै सो जग्गामा नगरपालिकाले सार्वजनिक सम्पत्तिको संरक्षण तथा व्यवस्थापनका लागि आवश्यक प्रक्रिया अघि बढाउने जनाएको छ ।

नेपाल सरकारको नाममा रहेको करिब पौने दुई बिघा क्षेत्रफलको उक्त जग्गा लामो समयदेखि 'घैला बजार' अर्थात् तरकारी बजारका रूपमा प्रयोग हुँदै आएको छ। गौशाला बजारको मुख्य भागमा पर्ने भएकाले जग्गा व्यापारिक दृष्टिले समेत महत्वपूर्ण मानिन्छ ।

नगरपालिकाका अनुसार सो क्षेत्रमा करिब ४४ जनाले विभिन्न किसिमका घर, पसल तथा टहरा निर्माण गरी बसोबास र व्यवसाय सञ्चालन गर्दै आएका छन् । केही संरचना तीनदेखि चार तलासम्मका रहेको नगरप्रमुख दिपेन्द्रकुमार महतोले बताएका छन् ।

नगरप्रमुख महतोका अनुसार यसअघि सार्वजनिक जग्गामाथिको दाबी कागजी प्रक्रियामा सीमित हुँदा अतिक्रमण हटाउन कठिनाइ हुँदै आएको थियो। संरचना हटाउने प्रयासमा आवश्यक प्रशासनिक तथा सुरक्षा सहयोग प्रभावकारी रूपमा प्राप्त हुन नसकेको उनको भनाइ छ।

अदालतको पछिल्लो आदेशपछि भने प्रहरी तथा प्रशासनसँग समन्वय गरेर सार्वजनिक जग्गामा निर्माण गरिएका अनधिकृत संरचना हटाउने प्रक्रिया अघि बढाइने नगरपालिकाले जनाएको छ ।

प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर अधिकारीले अदालतको आदेशले जग्गा संरक्षण र व्यवस्थापनका लागि नगरपालिकालाई थप कानुनी आधार दिएको बताए। स्थानीय बासिन्दाको अवस्था र संवेदनशीलतालाई समेत ध्यानमा राख्दै सम्बन्धित पक्षसँग समन्वय गरेर जग्गा खाली गराउने प्रक्रिया अघि बढाइने उनले जानकारी दिए ।

सार्वजनिक जग्गा संरक्षणको विषयमा नगरपालिकाले विगतदेखि नै विभिन्न प्रयास गर्दै आएको छ। २०८१ चैतमा समेत सार्वजनिक जग्गामा पक्की संरचना निर्माण हुन थालेपछि तत्कालीन अवस्थामा उपमेयर रेणु महतोले निर्माण रोक्न तीनदिने अल्टिमेटम दिएकी थिइन् । अल्टिमेटमपछि पनि गौशाला-२ का भोला मण्डलले निर्माण अघि बढाएपछि स्थानीय युवा तथा राजनीतिकर्मीहरूको पहलमा निर्माणाधीन संरचना भत्काइएको थियो ।

कित्ता नम्बर ११५ को जग्गा पटक-पटक नापजाँचसमेत गरिएको नगरपालिकाले जनाएको छ । तरकारी बजारको पश्चिम भाग, मालपोत कार्यालयतर्फ जाने सडकको पूर्व-दक्षिण क्षेत्र तथा उत्तरतर्फ सुकदेव भवनसम्मको क्षेत्रमा समेत नापी गरिसकिएको बताइएको छ ।

स्थानीय तहमा सार्वजनिक जग्गा अतिक्रमणको समस्या भने कित्ता नम्बर ११५ मा मात्र सीमित छैन । वडा नम्बर ५ कै कित्ता नम्बर ११६ र ११७ समेत विभिन्न किसिमका अतिक्रमणमा परेको बताइएको छ । कित्ता नम्बर ११६ गुठीअन्तर्गत रहेको छ भने ११७ गाई गौशालाको जग्गा भएको जनाइएको छ ।

यी दुवै क्षेत्रमा समेत अनधिकृत रूपमा संरचना निर्माण भएको भन्दै नगरपालिकाले सार्वजनिक, गुठी तथा गौशालासँग सम्बन्धित जग्गाको संरक्षण र व्यवस्थापनमा थप कदम चाल्नुपर्ने अवस्था देखिएको छ ।

# पहिरोले सडक अवरुद्ध

टुडे समाचारदाता

मलंगवा । पहिरोका कारण सर्लाहीको बागमती र सिन्धुलीको हरिहरपुरगढी जोड्ने सडक अवरुद्ध नै रहेको छ। गत शनिबार वर्षासँगै गएको पहिरोबाट बागमती नगरपालिका-११ का विभिन्न तीन स्थानमा सडक पुरिएको हरिहरपुरगढी गाउँपालिका-६ का वडाध्यक्ष एकबहादुर मोक्तानले बताए ।

पहिरोले सडकमा क्षति पुऱ्याएसँगै त्यस खण्ड भएर चल्ने यातायातका साधन ठप्प भएका छन्। सडक बन्द भएपछि बिरामीलाई अस्पतालसम्म लैजानसमेत समस्या उत्पन्न भएको छ। अन्तरप्रदेशस्तरीय उक्त सडकले पूर्व-पश्चिम लोकमार्ग र मदन भण्डारी लोकमार्गलाई जोड्छ । कर्मैया-पिपलमाडी १६ किलोमिटर क्षेत्रमा सडक अवरुद्ध भएपछि यात्री पैदल नै हिँड्न बाध्य भएका छन् ।

सडक अवरुद्ध भएपछि हरिहरपुरगढी गाउँपालिका क्षेत्रका विभिन्न एक दर्जन गाउँका सर्वसाधारण दैनिक उपभोग्य वस्तु किनमेल गर्न, औषधि उपचार र अन्य प्रयोजनका लागि टाढा धाएर हेटौंडा वा सिन्धुली जान बाध्य छन्। छोटो सडक पहिरोबाट अवरुद्ध भएपछि सर्वसाधारण लामो बाटो छिचोलेर हेटौंडा पुग्नुपर्ने बाध्यता रहेको व्यवसायी किस्मतराज मैनालीले बताए ।

चाडपर्वको मुखमा सडक अवरुद्ध हुँदा उपभोक्ता र व्यापारी दुवैले समस्या झेल्नुपरेको उनको भनाइ छ। कर्मैया-पिपलमाडी सडकमा सञ्चालन हुने बोलेरोसहित अन्य साना सवारी थन्क्याएर बस्नुपरेको यातायात व्यवसायी कर्मा लामाले बताए ।

यातायात सेवा अवरुद्ध भएपछि स्थानीय पैदल हिँडेरै आउजाउ गर्न र दाल, चामललगायत खाद्यवस्तु थाप्लोमा बोक्न बाध्य भएको स्थानीयको गुनासो छ। बागमती र मधेस प्रदेश जोड्ने 'लिङ्क रोड'का रूपमा रहेको कर्मैया-पिपलमाडी सडकखण्डमा चुरेको जोखिमपूर्ण डेढ किलोमिटर सडक सर्लाहीतर्फ रहेको छ।

# भरतपुर आँखा अस्पतालको सेवा हरिपुर्वाबाट पनि शुरु




टुडे समाचारदाता

मलंगवा । नेपाल नेत्र ज्योति संघ अन्तर्गत सञ्चालित भरतपुर आँखा अस्पतालको सेवा अब सर्लाहीको हरिपुर्वाबाट पनि सुरुआत भएको छ ।

हरिपुर्वा नगरपालिका-२, स्थित नगर अस्पताल भवनबाट हीरालाल सन्तुदेवी प्रधान नेत्र विज्ञान अध्ययन संस्थानसँगको समन्वयमा भरतपुर आँखा अस्पतालको सेवा यहाँ विस्तार गरिएको हो । सेवा विस्तारसँगै आँखा उपचारसम्बन्धी विशेषज्ञ सेवा अब हरिपुर्वामै उपलब्ध हुने भएको छ ।

भरतपुर आँखा अस्पतालले प्रदान गर्ने विशेषज्ञ सेवा गाउँमा नै पाएपछि स्थानीय उत्साहित बनेका छन् । उपचार केन्द्रमा सेवा लिन आएकी हरिपुर्वा-३, कि रुपनी देवीले गाउँमै सेवा पाएको जनाउँदै खुसी व्यक्त गरिन् । आँखा उपचारको लागि टाढा धाउनुपर्दा धेरै खर्च भएको उनको अनुभव ताजै छ ।

"दुई महिना पहिला खेतमा काम गर्दा आँखामा धानको पातले घोचेको थियो", उनले सुनाइन्, "उपचार गर्न जनकपुर, भरतपुर धेरै धाउनुपर्यो । दुःख धेरै पाइयो, खर्च उस्तै भयो । अहिले सबै सुविधा गाउँमै आयो ।"

अस्पतालमा चिकित्सक सधैं बस्नुपर्ने उनको माग छ । सेवा सुरु गरेको केही समयपछि बन्द हुने समस्याले आफूहरू आजित भएको जनाउँदै स्वास्थ्य सेवा निरन्तर पाए आसपासका पालिकाका नागरिकले समेत सेवासँगै राहत पाउने उनले बताइन् । हरिपुर्वा नगरपालिका, स्वास्थ्य शाखा प्रमुख लालबाबु रायले अब आँखाका बिरामीले अन्योलमा भौतारिनुपर्ने, टाढा धाउनुपर्ने समस्या नहुने जानकारी दिए ।

नगरप्रमुख विनोदकुमार साह तेलीले आँखाका बिरामीको लागि आवश्यक उपचार सामग्री, औषधिलगायतको व्यवस्थापन गरेर उपचार केन्द्र सञ्चालनमा ल्याइएको जानकारी दिएका छन् । केन्द्रले आवश्यकता अनुसार बेलाबेलामा मोतिया विन्दुको शल्यक्रियालगायतको निःशुल्क शिविर सञ्चालन गरेर सेवा दिने उनको भनाइ छ ।

नगरका वयोवृद्ध आमा, बुबाले अब आँखाको ज्योति खोज्न भौतारिनु नपर्ने उनले दाबी गरे । सेवा सञ्चालन भएसँगै आँखाका बिरामीको आकर्षण बढेको नगर स्वास्थ्य शाखाले जनाएको हो ।

## पर्यटन प्रवर्द्धन गरौं

- नेपालको प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गरौं,
- कला, संस्कृतिक, भेषभुषा, भाषा, परम्पराको संरक्षण एंव प्रवर्द्धन गरौं,
- स्थानीय उत्पादन, हस्तकला तथा मौलिक खानाको प्रवर्द्धन गरौं,
- पर्यटकीय क्षेत्रको स्वच्छता र सौन्दर्यता कायम राखौं
- पर्यटकप्रति सभ्य, सहयोगी र आतिथ्यपूर्ण व्यवहार गरौं,
- पर्यटन प्रवर्द्धन गरी स्थानीय समुदायको आर्थिक समृद्धिमा योगदान पुऱ्याऔं,
- सुरक्षित र दिगो पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक समृद्धिका लागि जिम्मेवार बनौं ।

पर्यटन हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८